# परिच्छेद - एक

# शोधपरिचय

## १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **तोयनाथ पाण्डेयको जीवनी, व्यक्तित्व र कृतित्व** रहेको छ ।

## १.२. शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली विषयको दसौँ पत्रको आंशिक परिपूर्तिका लागि तयार गरिएको हो ।

## १.३. विषयपरिचय

तोयनाथ पाण्डेय (वि.सं. १९७८-२०५०) ले लेख, निबन्ध, यात्रानिबन्ध, पत्रसाहित्य, आत्मजीवनी, नाटक र काव्य कवितासमेत रचना गरेका छन् । पाण्डेय साहित्यका विविध क्षेत्रमा कलम चलाउने संस्कृत तथा नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । तसर्थ उनको मूल्यवान् जीवनी, महत्त्वपूर्ण व्यक्तित्व एवम् विविध विधाका रचना कृतिको अध्ययन विश्लेषण गरी उनलाई नेपाली साहित्यको क्षेत्रमा चिनाउन सकिन्छ ।

## १.४. समस्याकथन

वि.सं. १९७८ वैशाख शुक्ल पूर्णिमाका दिन नुवाकोटमा जन्मेर वि.सं. २०५० आश्विनमा निधन भएका तोयनाथ पाण्डेले नेपाली साहित्यका विविध विधाहरू लेखनिबन्ध, यात्रानिबन्ध, पत्रसाहित्य, आत्मजीवनी, नाटक, काव्य कविता आदि विषयमा आफ्नो लेखन सक्रिय तुल्याएका छन् । बहुमुखी प्रतिभा भएका

पाण्डेयले संस्कृत साहित्यमासमेत कलम चलाएका छन् । साहित्यकारका रूपमा प्रसिद्धि कमाएका तोयनाथ पाण्डेयको साहित्यिक योगदानका विषयमा आजसम्म सामान्य चर्चा र अध्ययन एवं फुटकर रचनागत विश्लेषण गर्ने काम भए पनि पाण्डेयको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन विश्लेषण अद्यापि भएको देखिदैन । तसर्थ यस शोधपत्रमा निम्नलिखित समस्यामा केन्द्रित रहेर अध्ययन गरिएको छ ।

क) तोयनाथ पाण्डेयको जीवनी कस्तो रहेको छ ?

ख) तोयनाथ पाण्डेयको व्यक्तित्व कस्तो रहेको छ ?

ग) तोयनाथ पाण्डेयका संस्कृत र नेपाली भाषाका कृति, लेख रचनाहरू केकति र कस्ता रहेका छन् ?

घ) तोयनाथ पाण्डेयको साहित्यिक वैशिष्ट्य के हो ?

## १.५. शोधकार्यका उद्देश्यहरू

तोयनाथ पाण्डेयको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन गर्दा निम्न उद्देश्यहरू रहेका छन् ।

क) तोयनाथ पाण्डेयको जीवनवृत्त यथार्थ रुपमा पहिल्याउनु,

ख) तोयनाथ पाण्डेयको व्यक्तित्वलाई उल्लेखित गर्नु,

ग) तोयनाथ पाण्डेयका कृति, लेख रचनाहरूको परिचय दिई अध्ययन गर्नु,

घ) तोयनाथ पाण्डेयको साहित्यिक वैशिष्ट्य निर्धारण गर्नु ।

उपर्युक्त विविध तथ्य तथा विषयलाई लिएर साहित्यकार तोयनाथ पाण्डेयको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु नै प्रस्तुत शोधपत्रको मूल उद्देश्य रहेको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

तोयनाथ पाण्डेयको जीवन, व्यक्तित्व र कृतित्वबारे सामान्य चर्चा-परिचर्चा भएको पाइए तापनि हालसम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वबारे समग्र अध्ययन, विश्लेषण र शोधकार्य हुन सकेको छैन । सामान्यतः उनका विषयमा उल्लेख भएका विवरण यसप्रकार छन् :

- वासुदेव त्रिपाठी, **हिमाली साहित्य** (२०२०:पृ.९) मा तोयनाथ पाण्डेयको 'आमा' कविताले सामाजिक यथार्थको चित्रण गर्ने कुरा बताएका छन् ।
- टाइम्स संवाददाता, **हिमालय टाइम्स** (वर्ष ७, अङ्क २१३, २०५९) मा जगत उपाध्यायले उनलाई कविता, काव्य, नाटक, निबन्ध, समालोचना जस्ता विषयमा कलम चलाउनुका साथै उनका रचनामा कलात्मक शिल्प-शैलीमा जीवनवादी दृष्टिकोण र देशभक्तिपूर्ण भावना पाइने बताएका छन् ।
- छलफल संवाददाता, **छलफल** (वर्ष २०, अङ्क ४२, २०५९) मा तोयनाथ पाण्डेय स्मृतिग्रन्थको लोकार्पण कार्यक्रममा स्वामी प्रपन्नाचार्यले पाण्डेयलाई संस्कृतका प्रकाण्ड विद्वान्, कुशल लेखक र सफल प्रशासक व्यक्तित्व भएको धारणा व्यक्त गरेको जानकारी गराएका छन् ।
- नगेन्द्रराज रेग्मी, **गोरखापत्र** (वर्ष १०२, अङ्क ३१३, २०५९) मा **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ**मा उनीद्वारा रचित संस्कृत, नेपाली भाषाका कविता, नाटक, लेख निबन्धहरू सङ्कलन गरिएको तथा उनको साहित्यिक योगदान, प्रशासनिक, प्राज्ञिक व्यक्तित्व, व्यक्तिगत रुचि, शैक्षिक र सामाजिक योगदानबारे विभिन्न विद्वान्हरूका संस्मरणात्मक लेखहरू समाविष्ट गरिएको जानकारी दिएका छन् ।
- वेणीमाधव ढकालले **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ** (२०५९) पुस्तकमा तोयनाथ पाण्डेयलाई सिद्धान्त ज्योतिषका विशिष्ट विद्वान्, कुशल प्रशासक र संस्कृत नाट्यविधाका स्रष्टा र प्रयोक्ताका रूपमा चिनाएका छन् ।
- शिवप्रसाद सत्याल 'पीठ' ले **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ** (२०५९) पुस्तकमा तोयनाथ पाण्डेयको विशेष रूपले गद्य विधाको प्रशंसा गर्दै नेपाली साहित्यको इतिहासमा चिरञ्जीबी स्रष्टा र समाजसेवीका रूपमा चिनाएका छन् ।

- ऋषिराम पोखरेलले **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ** (२०५९) पुस्तकमा पाण्डेयलाई संस्कृत नाटकको लेखन, मञ्चन गर्ने, गराउने, अभिनय गर्ने तथा नाटकको निर्देशन समेत गर्ने कुरा बताएका छन् ।
- स्वामी रामानन्द गिरीले **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ** (२०५९) पुस्तकमा पाण्डेयले संस्कृत र नेपालीमा कथा, कविता, निबन्ध, नाटक रचना गर्ने तथा जुनसुकै कठिन परिस्थितिमा संस्कृत भाषा र वाङ्मयको सेवामा हतोत्साहित नभई लागिरहने लौह पुरुष भएको बताएका छन् ।
- हरिप्रसाद शर्मा आचार्यले **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ** (२०५९) पुस्तकमा पाण्डेय संस्कृत तथा नेपाली भाषामा नाटक लेखेर स्वयं अभिनय गर्ने गरेको बताएका छन् ।
- टीकाप्रसाद शर्मा वस्तीले **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ** (२०५९) पुस्तकमा तोयनाथ पाण्डेयको कविता, काव्य, नाटक लेख्ने व्यसन भएको जानकारी गराएका छन् ।
- विनोद पन्तले **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ** (२०५९) पुस्तकमा पाण्डेयलाई उदार स्वभाव, निष्पक्षता, कुशल प्रशासक, कुशल लेखक भएको जानकारी गराएका छन् ।
- रामचन्द्र गौतमले **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ** (२०५९) पुस्तकमा संस्कृत तथा नेपाली भाषामा विविध शीर्षकमा लेखिएका उनका असङ्ख्य कथा, कविता, निबन्ध, नाटक आदि लेख रचनाहरू विभिन्न पत्रिकामा प्रकाशित भएको कुरा बताएका छन् ।
- दुर्गादत्त शर्मा उपाध्यायले **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ** (२०५९) पुस्तकमा पाण्डेय संस्कृत वाङ्मयाकाशमा चम्किने एक तारा भएको बताएका छन् ।
- वासुदेव खनाल, हिमालय टाइम्स (वर्ष ९, अङ्क १०, २०६०) मा उनलाई बहुमुखी प्रतिभाका धनी, स्वतन्त्रताप्रेमी र नारी स्वतन्त्रताका पक्षपाती लेखकका रूपमा चिनाउँदै उनको व्यक्तित्व भावि पुस्ताका लागि मार्गदर्शन बन्ने कुरा बताएका छन् ।

## १.७ शोध अध्ययनको औचित्य

संस्कृत तथा नेपाली साहित्यको क्षेत्रमा विविध विधामा कलम चलाउने साहित्यिक साधन तोयनाथ पाण्डेयका बारेमा पूर्वअध्येताहरूले दिएको सूचना र सङ्केतहरू पर्याप्त देखिँदैनन् र व्यवस्थित, विस्तृत अध्ययन पनि भएको पाइदैन । अतः सवप्रथम उनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वको सुव्यवस्थित र सुनियोजित ढङ्गले तथ्यपरक अध्ययन गरिने हुँदा तथा नेपाली साहित्यमा ओझेल परेका प्रतिभाहरूको योगदानका बारेमा सम्पूर्ण अध्येताहरूलाई जानकारी हुने भएकाले प्रस्तुत शोधपत्र स्वतः औचित्यपूर्ण हुनेछ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा तोयनाथ पाण्डेयको जीवनी, व्यक्तित्व र कृतिगत अध्ययन गरी प्रकाशित तथा अप्रकाशित कृतिहरूको अध्ययन गरिएको छ । प्रस्तुत शोधमा उनका काव्य कृतिहरूको विस्तृत रूपमा विश्लेषण गर्न नसक्नु नै यस शोधपत्रको सीमा हो । पाण्डेयका संस्कृत रचनाहरूको अध्ययन भने नेपाली भाषामा वेणीमाधव ढकालद्वारा गरिएको समीक्षाबाट अध्ययन गरिएको छ ।

## १.९ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधपत्रको तयारीका सिलसिलामा पुस्तकालय विधिका आधारमा सम्बन्धित विषयका पुस्तक, पत्रपत्रिकाहरूको अध्ययन गरी आवश्यक सामग्री सङ्कलन गरिएको छ । शोधनायकका परिवार, नातेदार र सम्पर्कमा आएका विद्वान् साथीहरूबाट प्रत्यक्ष वा लिखित सामग्रीबाट अथवा प्रश्नावली र अन्तर्वार्ताका माध्यमबाट आवश्यक जानकारी लिई सामग्री सङ्कलन गरिएको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधकार्यलाई व्यवस्थिगत र वस्तुगत रूपमा प्रस्तुत गर्नका लागि सङ्कलित सामग्रीलाई परम्परित, सैद्धान्तिक र व्यवहारिक समालोचना पद्धतिको

उपयोगद्वारा विश्लेषण गरिएको छ । यस क्रममा जीवनी र व्यक्तित्वको अध्ययनका लागि जीवनपरक, प्रभावपरक र कृति अध्ययनका लागि समीक्षात्मक, विवेचनात्मक दृष्टिकोण अवलम्बन गरिएको छ ।

## १.११ शोधकार्यको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यस अध्ययनलाई निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ -

| | | |
|---|---|---|
| परिच्छेद एक | : | शोध परिचय |
| परिच्छेद दुई | : | तोयनाथ पाण्डेयको जीवनी |
| परिच्छेद तीन | : | तोयनाथ पाण्डेयको व्यक्तित्व |
| परिच्छेद चार | : | तोयनाथ पाण्डेयको कृतित्वको अध्ययन |
| परिच्छेद पाँच | : | उपसंहार |

# परिच्छेद – दुई

# तोयनाथ पाण्डेयको जीवनी

## २.१ जीवनी साहित्यको सैद्धान्तिक पृष्ठभूमि

कुनै पनि व्यक्तिको जीवन भोगाइको क्रमलाई सिलसिलाबद्ध रूपमा प्रस्तुत गर्नुलाई जीवनी भनिन्छ । जीवनको इतिहासमा जस्तो कोरा विवरण र कथामा जस्तो कल्पना प्रबलता नआएर तटस्थता, वस्तुगतता र संयमित हुनुपर्दछ । अतः यसप्रकार कसैको जीवन भोगाइको क्रम प्रस्तुत गरी लेखिएको रचनालाई जीवनी भनिन्छ ।[१] मानव प्राणीको जन्मदेखि मृत्यसम्मको समयावधि र त्यस अवधिभित्र घटेका घटनाक्रमलाई सामान्यतः जीवनी भनिन्छ । यही जीवनका घटनाक्रमको समष्टिलाई नै जीवनी भन्ने गरिन्छ ।[२] यसमा कुनै पनि व्यक्ति विशेषका जीवनको सम्पूर्ण वा आंशिक पक्षको विवरण हुन्छ ।[३] वास्तवमा व्यक्ति विशेषको सम्पूर्ण वा आंशिक जीवनीका तथ्यपूर्ण घटना, उसका मानसिक प्रभाव, अनुभव तथा क्रियाकलापको क्रमबद्ध विवरण सविस्तार प्रस्तुत गरिएको गद्य रचना नै जीवनी हो ।[४]

यसरी कुनै पनि व्यक्तिको जीवनसँग सम्बन्धित घटनाहरूको तथ्यपूर्ण प्रस्तुति नै जीवनीको मूल मर्म हो । जन्मदेखि अन्त्यसम्म उसले गरेका कार्य, सेवा, उसको शिक्षादीक्षा, संस्कार, कर्महरू, आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक गतिविधि, साहित्यिक क्रियाकलाप र उसको मान्यता तथा धारणा जस्ता जीवनमा सम्बन्धित विविध पक्षहरूको अध्ययन जीवनीअन्तर्गत गरिन्छ । प्रस्तुत शीर्षक अन्तर्गत साहित्यकार तोयनाथ पाण्डेयको जीवनक्रमसँग सम्बन्धित यस्तै घटनाहरूको अध्ययन गरिन्छ ।

---

[१] केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाश**, पाँचौं संस्करण, (काठमाडौं : साझा प्रकाशन, २०४९), पृ. १९० ।

[२] भिक्टर प्रधान, **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, (काठमाडौं: रा.प्र.प्र. २०४४), पृ. २८ ।

[३] हिमांशु थापा, **साहित्य परिचय**, दो.सं. (काठमाडौं : साझा प्रकाशन, २०५०), पृ. २२७ ।

[४] मोहनराज शर्मा, दयाराम श्रेष्ठ (संभव), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास, पाँचौं संस्करण**, (काठमाडौं : साझा प्रकाशन, २०४९) पृ. १८० ।

## २.२ पुर्खौली र पारिवारिक पृष्ठभूमि

पाण्डेय वंश परम्परा सुरू भेटिए अनुसार राधाकृष्ण पाण्डेबाट भएको पाइएको छ । राधाकृष्ण पाण्डेयका दुई छोरा जीवनाथ र कृष्णदत्त थिए । कृष्णदत्तका दुई छोरा वेणीदत्त र गंगादत्त थिए । वेणीदत्तका दुई छोरा केशवदत्त र विष्णुदत्त थिए । केशवदत्तको पारिवारिक संरचना ठूलै थियो उनका पाँच भाइ छोरा मध्ये जेठा कुलदत्त, माहिला कोषदत्त, साहिला खड्गदत्त, काँइला भेषदत्त कान्छा हेरम्बदत्त हुन् । कुलदत्तका छोरा तोयनाथ पाण्डेय हुन् ।[५]

केशवदत्तको ठमेलमा ठूलै घर थियो । बीस पच्चीसजनाको परिवार संयुक्त रूपमा बस्दा झैझगडा, करकिचलो हुनु स्वभाविकै हो । जेठा कुलदत्तको जागिर किताबखानामा थियो । महाकवि सुकृतिदत्त पन्तको छोरा बृहस्पतिदत्त पन्तकी छोरी आनन्दकुमारीसँग कुलदत्तको विवाह भएको थियो । केशवदत्तका जेठानले एकपटक सप्ताह लगाएका थिए, दानगर्ने अवस्थामा शैयासँगै जेठानको असर्फी भएको कन्तुर पनि परेछ । यस किसिमबाट पनि केशवदत्तले केही धन हात लगाएका थिए । केशवदत्त संस्कृत पाठशालामा पढाउने अवस्था सन्तोषजनक थियो । अचानक ७१ सालमा हैजाको महामारी चर्की त्यो घरमा धेरै बच्चाको लास पऱ्यो । त्यस घरमा उजाड र शून्यताले बास गरेको थियो । आठजना केटाकेटी कुलदत्तकी श्रीमतीले सेलाएकी थिइन् । घरमा छुट्टिने कुरा हुन थाल्यो आमाबाबु र तीनछोरा मिलेर षडयन्त्रमा पारी जेठा छोरा कुलदत्तलाई धनभन्दा ऋण धेरै देखाएछन् । कुलदत्त आफूले कमाएको केही सामान र श्रीमती छोराछोरी लिएर घरबाट निस्किएका थिए । किताबखानाको जागिर पनि पजनीमा परेको हुनाले उनले नुवाकोट जिल्लाको थानपति गाउँ पञ्चायत (हाल सुनखानी गा.वि.स.) मा गएर बसोवास गरेका थिए । उनको पुराणवाचन र कर्मकाण्ड पनि आयस्रोतको माध्यम बनेको थियो । यसरी उनले ८-१० मुरी धान आउने खेत जोडी सकेका थिए । उनलाई सन्तान सुख भने थिएन जति सन्तान जन्मिए पनि ८-१० वर्ष भन्दा बढी कोही बाँचेका थिएनन् ।[६]

---

[५] शोधनायकका छोरा हरिप्रसाद पाण्डेयबाट प्राप्त मौखिक जानकारीअनुसार

[६] ऐजन ।

## २.३ जन्म र जन्मस्थान

तोयनाथ पाण्डेयको जन्म वि.सं. १९७८ बैशाख शुक्ल पूर्णिमाका दिन पिता कुलदत्त पाण्डेय र माता आनन्दकुमारीका कोखबाट नुवाकोट जिल्लाको थानपति गाउँ पञ्चायत (सुनखानी गा.वि.स.) भन्ने ठाउँमा भएको थियो । छोराको जन्ममा कुलदत्त र आनन्दकुमारीले हर्ष मनाएका थिए । उनीहरूको अन्तरआत्मामा भने एक किसिमको डरले जरो गाडेको थियो । छोरोरूपी कुलको बत्तीलाई मृत्युरूपी आँधी आएर निभाइदिने पो हो कि भनेर छोराको निधार सामान्य भन्दा अलिकति तातो लागे पनि आनन्दकुमारीको हृदय कुडिएर आउँथ्यो । उनीहरूका धेरै सन्तान मरी मरी गएका हुनाले तोयनाथको नाक, कान छेडेर नत्थ र मुन्द्री आनन्दकुमारीले लगाइदिएकी थिइन् । यसैले उनको बोलाउने नाम गाउँघर इष्टमित्रहरूले नत्थु पण्डित, नत्थु काका, नत्थु दाइ आदिबाट सम्बोधन गरिन्थ्यो ।[७]

## २.४ बाल्यकाल

तोयनाथ पाण्डेय चारवर्षको हुँदा पिता कुलदत्तको मृत्यु भएको थियो । चारवर्षे काखे बालकलाई हुर्काउन आनन्दकुमारीलाई विभिन्न कठिनाइ आइपरेको थियो । छोराको पालनपोषण र घरव्यवहार चलाउन आमा आनन्दकुमारीलाई आर्थिक सङ्कटले निकै सताए पनि आफ्नो छोरालाई धेरै पढाएर विद्वान् बनाउने इच्छा थियो । तोयनाथ पाण्डेयको बाल्यकाल ग्रामीण परिवेशमै व्यतित भएको थियो । त्यतिबेला गाउँमा विद्यालय थिएनन् तर उनले गाउँकै पण्डितबाट अक्षराम्भ गरेका थिए । जस्तोसुकै समस्या भएपनि ममतामयी आमाको संरक्षणमा उनको बाल्यकाल सहज बितेको थियो । बाल्यकालदेखि नै उनी शान्त, सुशील र ज्ञानी थिए । अध्ययनतर्फ रुचि राख्ने र तीक्ष्णबुद्धि भएको हुँदा सातवर्षकै उमेरमा कर्मकाण्ड प्रायः सबै जानिसकेका थिए । उनले कर्मकाण्डबाट केही आर्जनसमेत गर्दथे ।[८]

---

[७] ऐजन ।

[८] ऐजन ।

## २.५ शिक्षादीक्षा

### २.५.१ अक्षराम्भ

तोयनाथ पाण्डेय पाँचवर्षको भएपछि गाउँका पण्डितले नै अक्षराम्भ गराएका थिए । अक्षराम्भ गरेकै दिन 'क' देखि 'ज्ञ' सम्मको सग्ला अक्षर चिनेका थिए । सातवर्षको उमेरमा कर्मकाण्ड सबै जानिसकेका थिए ।[९]

### २.५.२ अनौपचारिक शिक्षा

तोयनाथ पाण्डेय पाँचवर्ष भएपछि अनौपचारिक शिक्षा गाउँका पण्डितबाट अक्षराम्भ भएपछि प्रारम्भ भएको थियो । उनले प्रारम्भिक शिक्षापनि गाउँकै पण्डितबाट हासिल गरेका थिए । त्यसपछि उनका मामा (राधानाथ लोहनी)सँग ज्योतिष विषयको अध्ययन गरेका थिए ।[१०]

### २.५.३ औपचारिक शिक्षा

तोयनाथ पाण्डेयको समयमा औपचारिक शिक्षाको लागि कुनै गुरुको सिफारिस आवश्यक पर्ने भएकोले उनका मामा पर्ने ज्योतिषशास्त्रका प्रकाण्ड विद्वान् राधानाथ लोहनीसँग ज्योतिषशास्त्र अध्ययन गरी परीक्षा दिन बनारस भारत जाने गर्दथे । उनले ज्योतिषशास्त्रका शिरोमणि प्रसिद्ध इतिहासकार पं. नयराज पन्तसँग शास्त्री आचार्यको अध्ययन गरेका थिए । नयराज पन्त आफू पनि निरन्तर अध्ययनमा लागि रहने भएकाले उनका चेलाहरू पनि अध्ययनशील हुन्थे साथै आधिकारिक विद्वान् निस्कन्थे । उनले आफ्नो विद्यार्थीहरू मध्ये तोयनाथ पाण्डेयलाई पहिलो नम्बरमा छान्ने गर्दथे । पाण्डेयले पूर्वमध्यमादेखि आचार्यसम्मको सबै तहको परीक्षामा क्विन्स कलेज वनारसबाट प्रथम श्रेणीमा ज्योतिष विषयबाट परीक्षा उत्तीर्ण गरेका थिए ।[११]

---

[९] ऐजन् ।

[१०] ऐजन् ।

[११] ऐजन् ।

## २.६ विवाह, पारिवारिक जीवन र सन्तान

तोयनाथ पाण्डेयको एघार वर्षको उमेरमा पश्चिम एक नं. नुवाकोट जिल्लाको थानसिङ गा.वि.स.का विर्तावाल जानकीप्रसाद पाठककी सातवर्षकी साहिँली छोरी पशुपतिकुमारी पाठकसँग भएको थियो ।[१२] सातवर्षकी बुहारी, एघार वर्षको छोराको भरणपोषण र शिक्षालाई निरन्तरता दिई अघि बढाउनु त्यसकालागि चाहिने खर्च जुटाउनु आनन्दकुमारीका लागि चुनौती नै थियो । वि.सं. १९८६ को एकवर्षभित्र राधानाथ लोहनीका पत्नी र पिताको मृत्यु भयो । राधानाथलाई आठवर्षे छोरालाई स्याहार गर्न गाऱ्हो पऱ्यो । त्यसपछि राधानाथले आफ्नी दिदी आनन्दकुमारीलाई घरको हेरविचार गरिदिन आग्रह गरे । आनन्दकुमारी आफू विधवा र भाइ विदुर भएको हुँदा शास्त्रीय मर्यादा र लोकपरम्परा अनुकुल नहुने भएकोले दोस्रो विवाह गर्न लगाएकी थिइन् । राधानाथको घरबाटै तोयनाथको विवाह पनि भएको थियो । उनका दुई छोरी र तीन छोरा त्यही जन्मिएका थिए । नातामा मामा परेपनि राधानाथलाई तोयनाथले पिता समान श्रद्धा गर्दथे । दुबैमा पिता पुत्रको व्यवहार थियो । राधानाथ लोहनीकी जेठी पत्नी पट्टीकी छोरी सान्नानी विधवा भएर माइत आएको केही समयपछि आनन्दकुमारीसँग मनमुटाव हुन थालेपछि आनन्दकुमारीले तोयनाथलाई छुट्टै घर किन्न भनेपछि ठमेलमा घर किनेर छुट्टै बसेका थिए ।

तोयनाथ पाण्डेयका जेठी श्रीमती पशुपतिकुमारीबाट तीन छोराहरू ऋषिकेश, जर्नादन र हरिप्रसाद छन् भने दुई छोरीहरू नारायणी जोशी र सावित्री जोशी छन् । वि.सं. २०१८ मा तोयनाथले २४-२५ वर्षकी कमलालाई कान्छी श्रीमतीका रूपमा भित्र्याएका थिए । कान्छी श्रीमतीबाट एक छोरा सुशील रहेका छन् । जसमध्ये जेठा छोरा ऋषिकेश अर्थ मन्त्रालयको उपसचिव थिए, हाल उमेरको हदले रिटायर्ड भएर बसेका छन् । अर्का छोरा जनार्दन नेपाल दूरसञ्चार संस्थानमामा इन्जिनियर थिए, हाल आएर उमेरको हदले रिटायर्ड भएर बसेका छन् । हरिप्रसाद पाण्डेय नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र बसन्तपुरमा उपप्रशासक पदमा कार्यरत छन्, उनका हालसम्म पाँचवटा साहित्यिक कृति प्रकाशित भएका छन् भने कान्छा छोरा सुशील निजी संस्थामा कार्यरत छन् । उनकी कान्छी श्रीमती कमला हालसम्म छोरा सुशीलसँग छिन् ।[१३]

---

[१२] ऐजन ।

[१३] ऐजन ।

## २.७ आर्थिक अवस्था

तोयनाथ पाण्डेय चारवर्षको हुँदा पिता कुलदत्तको मृत्यु भएकोले माता आनन्दकुमारीले छोराको पालनपोषणको लागि निकै आर्थिक कष्ट भोग्नु परेको थियो । आम्दानीको नाममा दशमुरी धान आउने खेत बाहेक अरू केही थिएन । घरव्यवहारसमेत त्यसैबाट धान्नुपर्ने भएकाले उनलाई आर्थिकसङ्कटले निकै सताएको थियो । सातवर्षको उमेरमा नै तोयनाथले कर्मकाण्ड प्रायः सबै जानिसकेका थिए जसले गर्दा आनन्दकुमारीको आयस्रोतमा एक आयाम थपिएको थियो । तोयनाथले नियतिसँग लड्दै आफ्नो पढाई अगाडि बढाउँदै गएका थिए । पूर्वमध्यमादेखि आचार्य तहसम्म एकपल्ट पनि असफल नभइकन प्रत्येक तहमा प्रथम श्रेणीमा उत्तीर्ण हुँदै आचार्य तहमा समेत क्विन्स कलेज भारतको वनारसबाट प्रथम श्रेणीमा उत्तीर्ण भएका थिए ।[१४]

नौ वर्षको छोरो लिएर आनन्दकुमारीले राधानाथ लोहनीको घरमा आश्रय लिएकी थिइन् । वनारसमा परीक्षा दिन जाँदा सधै आर्थिक सङ्कट पर्थ्यो । कर्मकाण्डबाट आएको दक्षिणामध्ये तोयनाथले पाएको रकम पढाइको खर्चको निमित्त जोगाएर राख्ने गर्दथे । उनी वि.सं. २००१ मा संस्कृत प्रधान पाठशालामा शिक्षकमा नियुक्ति भएका थिए । त्यतिखेरसम्म पनि राधानाथ लोहनीकै घरमा बसेका थिए । पछि तोयनाथ पाण्डेयले ठमेलका पद्मराज पाठकसँग दुईसय पचास रुपियाँ सापटी लिएर ठमेलमा घर किनेका थिए । राधानाथ लोहनीको घरबाट आफ्नो घरमा सरेपछि खर्च बढ्नु स्वाभाविकै थियो । जजमानको संख्यामा पनि वृद्धि भएकाले आम्दानीको स्रोत पनि बढेको थियो । सीमित आम्दानीबाट आठजनाको परिवार भरणपोषण गरी केही रकम बचाएर एकवर्षमै पद्मराज पाठकको ऋण तिरेका थिए । पछि गएर तोयनाथले ठमेलको घर बेचेर कल्धारा, पकनाजोलमा एकतले घर किनेका थिए । समय बित्दै गयो दुबे छोरीको विवाह गरेपछि परिवारमा पाँचजना मात्र बाँकी थिए तर खर्च भने बढ्दै गएको थियो ।

---

[१४] ऐजन ।

छोराहरूको पढाई खर्चले गर्दा पनि आर्थिक जटिलता आइपर्न थालेको थियो । खानलाई करिब एक डेढवर्ष जतिलाई पुग्ने धान आउने खेत पाण्डेयले जोडिसकेका थिए । जागिरको सीमित आम्दानीले गर्दा खर्च धान्नको निमित्त थापागाउँबाट आएको धान बेच्नु पर्थ्यो । उनलाई पहाडबाट आएको धान बेचेकोमा परिवारबाट आलोचित पनि हुनु पर्थ्यो । तीनैजना छोराहरूको जागिर भएर पनि उनलाई कुनै छोराबाट पनि आर्थिक सहयोग भने भएन । उनलाई सङ्गोलमा बसुन्ज्याल उनको आर्थिक स्थिति कहिल्यै सुदृढ भएन । जब छोराहरूलाई छुट्याइदिए तब उनको आर्थिक स्थितिमा सुधार हुँदै गयो ।[१५]

## २.८ भ्रमण

नाटक लेख्नु, अभिनय गर्नु, निर्देशन गर्नु तोयनाथको एक किसिमको बानी नै थियो । उनी संस्कृत नाटक समितिको उपाध्यक्ष थिए । उनी नेपालबाट रुस जानको लागि संस्कृत नाटक समितिलाई प्राप्त भएको पनि एकजनाको कोटामा समितिमा रहेका सदस्यहरूले रुस जाने व्यक्तिको गोप्य मतदानद्वारा छनौट भए । तोयनाथ पाण्डेय नेपालको सांस्कृतिक टोलीसँग रुस जानको लागि छानिएका थिए । उनले भारत, अफगानिस्तान र रुस (मस्को) को भ्रमण गरेका थिए । साथै नेपालका विभिन्न जिल्लाहरूको समेत भ्रमण गरेका थिए ।[१६]

## २.९ रुचि र स्वभाव

प्रत्येक व्यक्तिको आफ्नै किसिमको विचार, चिन्तन, रुचि र स्वभाव हुन्छ । एक व्यक्तिसँग अर्को व्यक्तिको रुचि स्वभाव फरक हुनु स्वभाविक कुरा हो । मान्छेका रुचि र स्वभाव उसका वाल्यकालीन जीवनदेखि पारिवारिक वातावरण र साथीसङ्गीसँगको हेलमेल उसको परिवेश र शिक्षादिक्षा आदिबाट प्रभावित रहेको हुन्छ । यस्तै तोयनाथ पाण्डेयको रुचि हरेक कुरामा रहेको देखिन्छ । उनी एकछिन

[१५] ऐजन ।

[१६] ऐजन ।

पनि खालि हात बस्दैनथे । कविता लेख्ने, नाटक लेख्ने, अभिनय गर्ने, नाटकको निर्देशन गर्ने उनको रुचिको विषय थियो । खेलकुदमा फुटबल, व्याटमिन्टन खेल्नु थियो भने चङ्गा उडाउनमा पनि उनी त्यत्ति नै शौखिन थिए । हार्मोनियम, तवला, मादल, तानपुरा, खैजडी आदि बजाउन उनी निपूर्ण थिए । उनको स्वर मसिनो भएकोले पर्दाभित्रबाट स्वास्नी मानिसको जस्तो स्वरले गीत गाउँदथे । उनी आफूले लगाउने दौरा सुरुवाल प्रायः आफै सिलाउथे । पाण्डेयले सिलाई कटाइको किताब हेरीकन कोटसमेत तयार पार्दथे ।[१७]

पाण्डेयको स्वभाव आफ्नै किसिमको छ । उनले सकेसम्म अरूको सहयोग गर्ने तर असहयोग कसैलाई पनि नगर्ने स्वभाव थियो । धेरै विशेषताका धनी पाण्डेय सधैं नम्र भएर बोल्ने, कहिल्यै कसैसँग नरिसाउने कसैसँग कठोर वचन नबोल्ने स्वभावका थिए । केही छात्रहरूलाई घुमाउरो पाराले सम्झाएर अध्ययनशील बनाउने उनको स्वभाव थियो । उनको स्वभाव, जीवनशैली, बोलीवचन र व्यवहारमा सरलता, मृदुता थियो । भद्रता उनको स्वभावको मुख्य पहिचान हो ।[१८]

## २.१० पुरस्कार वा सम्मान

भाषा, साहित्य र समाजसेवामा समर्पित व्यक्तिलाई समाज वा राष्ट्रले सम्मानित र पुरस्कृत गर्ने गर्दछ । तोयनाथ पाण्डेयले कविता, लेख, निबन्ध, नाटक आदिमा विभिन्न समयमा विभिन्न संस्थाबाट पुरस्कार प्राप्त गरेका थिए । नाटकप्रति उनको विशेष अभिरुचि भएका कारण नाटक निर्देशन र अभिनयमा आधादर्जन भन्दा बढी स्वर्णपदक प्राप्त गरेका थिए । उनले विश्वबौद्ध सम्मेलनको अवसरमा स्वर्णपदक प्राप्त गरेका थिए । २०१८ सालमा देशव्यापी साहित्यिक सम्मेलनमा अप्रतियोगितामा रही ‘आमा’ छन्दोबद्ध लघुकाव्य कविता पाठ गरेका थिए । उक्त कविताले सिद्धिचरणको व्यक्तिगत प्रेरणाबाट सम्मान पुरस्कार प्राप्त गरेको थियो ।[१९]

[१७] ऐजन ।

[१८] ऐजन ।

[१९] ऐजन ।

## २.११ सेवा

तोयनाथ पाण्डेय ज्योतिष विषयमा प्रथम श्रेणीमा आचार्य उत्तीर्ण भएपछि वनारसकै कलेजमा प्राध्यापन गर्न भनिएको थियो तर उनले आफ्नै देशमा सेवा गर्ने भावनाले गर्दा त्यहाँको आग्रहलाई अस्वीकार गरेका थिए । वि.सं. २००१ मा रानीपोखरी संस्कृत प्रधान पाठशालामा ज्योतिष विषयका शिक्षकका रूपमा नियुक्ति पाई शिक्षा क्षेत्रमा सेवा गरेका थिए । तोयनाथ पाण्डेयले वि.सं. २०३० देखि संस्कृत अध्ययन संस्थानको सहायक डीनका रूपमा ६ वर्ष तथा वि.सं. २०३६ देखि डीनका रूपमा ६ वर्ष निरन्तर प्रशासनमा सफलतापूर्वक आफ्नो जिम्मेवारी निभाएका थिए । उनले संस्कृत नाटक समितिको उपाध्यक्ष, सरस्वती कलेजको संस्थापक सदस्य, नारी विद्यापिठ सञ्चालक समितिको संस्थापक सदस्यसचिव जस्ता पदहरूमा रहेर आफूले सक्दो सहयोग र सेवा गरेका थिए ।[२०]

## २.१२ प्रेरणा स्रोत र प्रभाव

तोयनाथ पाण्डेयले कथा, कविता, निबन्ध, लेख, नाटक आदि लेख्ने प्रेरणा गुरु नयराज पन्तबाट प्राप्त गरेका थिए । नयराज पन्त आफू पनि लेख्ने र अरूलाई पनि लेख्न प्रेरणा दिने गर्दथे । पाण्डेयको पूर्खा नै विद्वान् कवि, लेखक आदि भएकोले उनीमा पूर्खाको प्रभाव परेको थियो । उनका बाजे केशवदत्त, बाबु कुलदत्त संस्कृतका विद्वान् थिए । उनीहरूको पुराण वाचनमा राम्रो पकड थियो । तोयनाथ पाण्डेय विद्वान् साहित्यकार, नाटककार हुनुमा उनको पुर्खौली प्रभाव थियो ।[२१]

## २.१३ जन्मस्थानबाट स्थान परिवर्तन

---

[२०] ऐजन ।

[२१] ऐजन ।

तोयनाथ पाण्डेयको जन्म नुवाकोट जिल्लाको हालको सुनखानी गा.वि.स.को थापागाउँ भन्ने स्थानमा जन्म भएको थियो । उनको चारवर्षको उमेरमा पिताको मृत्यु भएको थियो । सीमित आम्दानीबाट छोरालाई सहरमा राखेर पढाउन आमा आनन्दकुमारीलाई सम्भव थिएन । सहरमा राखेर नपढाइकन पनि भएको थिएन । किनकी पढ्नमा उनी निकै तेज थिए । वि.सं. १९८७ सालमा फुपुका छोरा भाइ पं.राधानाथ लोहनीको घरको रेखदेखको निमित्त उनकै आग्रहमा छोरा तोयनाथलाई लिएर आनन्दकुमारी बस्न थालिन् । तोयनाथ र राधानाथ नातामा मामाभाञ्जा परेतापनि व्यवहार भने पितापुत्रको जस्तो थियो । यसरी बस्दा राधानाथकी विधवा छोरी सान्नती आनन्दकुमारीसँग दन्तबजान गर्न थालिन् फलस्वरूप त्यो घर छोडेर तोयनाथ र आनन्दकुमारी ठमेलमा घर किनेर बसेका थिए । वि.सं. २००९ सालमा छिमेकीको कारणले गर्दा उनी ठमेलको घर बेचेर कल्धारा पकनाजोलमा घर लिएर बसेका थिए । तोयनाथ पाण्डेय सेवानिवृत्त भएपछि कल्धाराको घर छोडेर कान्छी श्रीमतीको नाममा चक्रपथमा चप्पल कारखानातिर घर बनाएर बसेका थिए ।[२२]

## २.१४ सहभागिता र संलग्नता

तोयनाथ पाण्डेय वि.सं. २००१ सालदेखि शिक्षक पेशामा संलग्न हुनु भएका थिए । संस्कृत नाटक समितिको उपाध्यक्ष थिए । वर्षको एउटा संस्कृतमा नाटक लेखी मञ्चन गर्दथे । नाटक निर्देशनको सफलता स्वरूप उनले आधादर्जनजति स्वर्णपदक, पुरस्कार पाएका थिए । उनी त्रि.वि.संस्कृत अध्ययन संस्थानका सहायक डीन ६ वर्ष र डीन पदमा ६ वर्ष रहेका थिए । सरस्वती कलेजको स्थापना शंकरराज पाठक, शशीनारायण शाह, सुरेन्द्रबहादुर श्रेष्ठ र तोयनाथ पाण्डेय मिलेर गरेका थिए । सरस्वती कलेजको संस्थापक सदस्यको हैयितले दैनिक कार्य सञ्चालनमा समेत उनको सहभागिता थियो । नारी विद्यापीठ सञ्चालक समितिको संस्थापक सदस्यसचिव भएर उनले धेरै वर्ष सञ्चालन गरेका थिए । तत्कालीन श्री

[२२] ऐजन ।

५ को सरकारले कुनै सहयोग नगरेकोले नारी विद्यापीठको आफ्नो भवनसमेत नभएको हुनाले पछि सञ्चालन हुन सकेन ।[२३]

## २.१५ सृजनाको आरम्भ र प्रकाशनको थालनी

तोयनाथ पाण्डेय निरन्तर रूपमा साहित्य सृजनामा लागेका थिए । उनले सृजनाको आरम्भ गरेपछि राम्रो छ भनि गुरु नयराज पन्तले हौसला दिन्थे । उनको सृजनाको आरम्भ भने गद्य पद्य दुबै विधाबाट भएको थियो ।

पाण्डेयको सबैभन्दा पहिलो प्रकाशित संस्कृत नाटक **मातृहत्याधारम्** वि.सं. २०१७ मा भएको थियो । २०१७ सालदेखि उनले आफ्ना रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गरेका थिए । त्यसपछि उनले निरन्तर आफूलाई सृजनात्मक गतिविधिमा संलग्न गराउँदै आएका थिए । उनको सृजनायात्रा नाटक लेखनबाट आरम्भ भएर क्रमशः कविता, लेख, निबन्ध, आत्मकथासमेत लेखेका थिए । उनले नाटक र कविताका क्षेत्रमा विशिष्टता प्राप्त गरेका थिए ।[२४]

## २.१६ मातृ-पितृ वियोग

तोयनाथ पाण्डेय चारवर्षको हुँदा पिता कुलदत्तको मृत्यू भएको थियो । पितृ वियोगको पीडा उनले अनुभव गर्न सकेनन् । वि.सं. २००८ सालमा माता आनन्दकुमारीको स्वर्गारोहणले उनलाई टुहुरो बनायो । उनले मातृ वियोगको भने साह्रै एक्लो अनुभव गरेका थिए । आमाको सहासिलो बुद्धिमतापूर्ण आदेशले नै उनको जीवन फलिभूत भएको थियो । मातृ वियोगको पिडाको अनुभवमा उनले 'आमा' शोककाव्यको रचना गरेका थिए । मातृ वियोगमा रचिएको 'आमा' कविता ममृस्पर्शी रहेको छ । उनले साहित्य क्षेत्रमा काम गर्दागर्दै २०५० साल असोज १७ गते विहान चारबजे आफ्नो जीवनयात्रा पूरा गरे ।[२५]

---

[२३] ऐजन ।

[२४] ऐजन ।

[२५] ऐजन ।

## २.१७ निष्कर्ष

नेपालको पहाडी भेगको थानपति गा.वि.स. नुवाकोटमा वि.सं. १९७८ सालमा जन्मिएका पाण्डेयले गाउँकै पण्डित तथा मामाबाट प्राथमिक शिक्षा पूरा गरी भारतको वनारसको क्विन्स कलेजबाट पूर्वमध्यमादेखि आचार्यसम्मको अध्ययन गरी ज्योतिष विषयमा उच्च शिक्षा हासिल गरेका थिए । उनले साहित्यिक रचनाको आरम्भ पहिलेदेखि गरे तापनि पहिलो प्रकाशित रचना संस्कृत नाटक 'मातृहत्याधारम्' (२०१७) हो । त्यसपछि उनले आफ्नो कलमलाई तीब्र पार्दै नेपाली तथा संस्कृत साहित्यका विविध विधामा अमूल्य रचना गरेका थिए । उनले नाटक र कविता विधामा विशेष रुचि राख्नुका साथै विशिष्टता पनि प्राप्त गरेका थिए । दुई श्रीमतीका श्रीमान्, चार छोरा र दुई छोरीका बाबु बनेका पाण्डेय सामान्य र सरल जीवन बिताउने चाहना राख्दथे । उनी प्राध्यापक, सहायक डीन र डीन जस्ता पदमा रही जागिरे भएका थिए । संस्कृत क्षेत्रमा उनले निकै योगदान दिएका थिए । साहित्य क्षेत्रमा काम गर्दा गर्दै वि.सं. २०५० आश्विन १७ गते ४ बजे उनको निधन भएको थियो ।

## परिच्छेद – तीन

# तोयनाथ पाण्डेयको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

व्यक्तिका जीवनका विभिन्न पक्षले व्यक्तित्वको निर्माण गर्दछ । व्यक्तित्व निर्माणमा कुनै पनि मानिसका जीवन भोगाइमा आउने विविध घटना, आरोह-अवरोह, घात-प्रतिघात, द्वन्द्व-प्रतिद्वन्द्व, मोड-उपमोड, क्रिया-प्रतिक्रियाहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । साथै व्यक्तित्व निर्माणमा परिवेश, सामाजिक रहनसहन, पारिवारिक पृष्ठभूमि, शिक्षादीक्षा आदिले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । परिस्थिति अनुकूल चल्न सक्ने र प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने व्यक्तिभित्र निहित प्रतिभा नै व्यत्तित्व हो ।[२६]

कुनैपनि व्यक्तिको व्यक्तित्वलाई बाह्य व्यक्तित्व, आन्तरिक व्यक्तित्व, साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व गरी विभाजन गर्न सकिन्छ । बाह्य व्यक्तित्व अन्तर्गत शारीरिक बनावट पर्दछ भने आन्तरिक व्यक्तित्व अन्तर्गत बानी व्यवहार पर्दछन् । साहित्यिक व्यक्तित्वमा सिर्जना गरिएका साहित्यिक विधागत योगदान पर्दछन् भने साहित्येतर व्यक्तित्वमा साहित्यिक विधा बाहेक अन्य क्षेत्रको योगदान पर्दछन् । यिनै आधारमा तोयनाथ पाण्डेयको व्यक्तित्व यहाँ चिनाउने काम गरिएको छ ।

## ३.२ बाह्य व्यक्तित्व

शरीरको बनावट, आकारप्रकार नै वाह्य व्यक्तित्वसँग सम्बन्धित भएकोले तोयनाथ पाण्डेयलाई त्यसै अनुरूप चिनाउन सकिन्छ ।

---

[२६] दशरथ ओझा, **समीक्षाशास्त्र** (दिल्ली : राजपाल एण्ड सन, ई. १९७५०, पृ. ३१ ।

उनी सधैं हसिलो, खुसिलो, रसिलो र तेजिलो देखिन्थे । उच्च कद, गोरो वर्णका, लाम्चिलो सुन्दर मुहार, राम्रो मिलेको हृष्टपुष्ट शरीर भएका थिए । इस्त्री लगाएको, सफा, सुकिलो एवं चम्किलो, जीउमा चटक्क मिलेको दौरासुरुवाल कोट, चस्मा लगाई ठाँटिएर हिड्ने उनको बानी थियो । आकर्षक पहिरन, मीठो नरम बोली, ड्याम्म परेको फूर्तिलो जिउले गर्दा पाण्डेयको बाहिरी व्यक्तित्व निकै प्रभावशाली देखिन्थ्यो ।[२७]

## ३.३ आन्तरिक व्यक्तित्व

तोयनाथ पाण्डेय आन्तरिक दृष्टिले मिलनसार, सहयोगी, शान्त र सौभ्य प्रवृत्तिका देखिन्थे । उनी हँसमुख, खुला दिल भएका, अत्यन्त व्यवहारिक, अरूको आदर गर्ने, अर्काको हित चिताउने, दुःखीहरूलाई सहयोग गर्ने, दयावान्, सानालाई माया गर्ने, चित्त नबुझेको कुरा भनिहाल्ने, हक्की, स्वाभिमानी, चतुर, आँटिलो नडराइ बोल्ने, यथाशक्ति आफ्नो का आफैँ गर्ने, अर्काको चियोचर्चा नगर्ने, भाग्य र कर्म दुबैमा बराबर विश्वास गर्ने, मीठो नम्र बोली भएका, कमबोल्ने, नरिसाउने नरम स्वभावका, हिन्दूधर्मअनुकूलको सनातनी नेपाली ब्राम्हणको चरित्र भएका थिए । खाना बिस्तारै खाने, खानामा उनी तारेको भेडे खुर्सानी, चम्सुर-पालुङ्गो, केराउको अचार, विशेष गरी टमाटरको अचार मन पराउँथे । नेपाली हिन्दू सभ्यता र संस्कृतिको भएपनि उनी समाजसुधार चाहने, आस्तिक र आध्यात्मिक दर्शनको अनुशरण गर्ने, सुन्दरसमाज, सुन्दर देशको परिकल्पना गर्ने व्यक्तित्वका रूपमा देखिन्थे ।[२८] यसरी हेर्दा उनको आन्तरिक व्यक्तित्व मानवतावादी, देशभक्त, धार्मिक, सहज, शान्त गम्भीर र भावुक खालको पाइन्छ ।

[२७] रामचन्द्र गौतम, "सतत स्मरणीय गुरु श्री तोयनाथ पाण्डेय", **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ**, (काठमाडौँः हरिप्रसाद पाण्डेय श्रीमती प्रीति (कल्पना) पाण्डेय, २०५९), पृ. ४२७ ।

[२८] शोधनायकका छोरा हरिप्रसाद पाण्डेयबाट प्राप्त जानकारीअनुसार ।

### ३.४ साहित्यिक व्यक्तित्व

सामान्यतया कुनै पनि व्यक्तिको साहित्यिक व्यक्तित्व पत्ता लगाउन त्यस व्यक्तिका साहित्यिक कृतिहरूको अध्ययन गर्नुपर्ने हुन्छ । साहित्यका विविध विधागत योगदानबाट नै साहित्यकारको साहित्यिक व्यक्तित्व प्रकट हुन्छ । तोयनाथ पाण्डेयको साहित्यिक व्यक्तित्वको मूल्याङ्कन पनि उनका प्रकाशित कृतिका आधारमा गरिन्छ ।

वि.सं. २०१७ मा 'जयतु संस्कृतम्' पत्रिकामा उनको पहिलो संस्कृत नाटक प्रकाशित भएको देखिन्छ । उनले नाटकका अतिरिक्त कविता, लेख निबन्ध, यात्रा निबन्ध, पत्रसाहित्य, आत्मजीवनीका क्षेत्रमा मुख्य योगदान दिएका छन् । उनी आजीवन साहितय सिर्जनामा लागिरहेका थिए । पाण्डेयको सिर्जनात्मक योगदानलाई साहित्यिक व्यक्तित्वका रूपमा राखी त्यसै अनुरूप यहाँ अध्ययन गरिएको छ ।

#### ३.४.१ नाटककार व्यक्तित्व

तोयनाथ पाण्डेयले साहित्यको प्रारम्भ गद्य पद्य दुबै विधाबाट गरेपनि उनको पहिलो प्रकाशित रचना भने संस्कृत पूर्णाङ्की नाटक **मातृहत्या धारम** (२०१७) 'जयतुसंस्कृतम्' पत्रिकामा भएको हो । उनको अर्को संस्कृत पूर्णाङ्की नाटक **तमसो ज्योतिषि** (२०२६) त्रि.वि.बाट 'सुरभी' पत्रिकामा प्रकाशित भएको हो ।[२९]

यसैगरी उनका नेपाली नाट्यविधाका प्रहसन, एकाङ्की नाटक अप्ठ्यारो गृहस्थी र यमराजको नयाँ खोज छन् भने पूर्णाङ्की नाटकमा अझै नेपाल कस्तो छ ?, इमान र संयोग रहेका छन् । उपर्युक्त नाटकहरू हाल **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ**मा सङ्कलित छन् ।

पाण्डेयका उपर्युक्त नाटकहरूलाई हेर्दा उनी प्रगतिशील यथार्थवादी नाटककारका रूपमा देखिन्छन् । उनका नाटकहरूमा प्रायः मालिक र सामन्ती

---

[२९] ऐजन् ।

शोषकहरूबाट पीडित, शोषित, गरीब र निमुखा जनताहरूले आँशु पिएर बाँच्नु परेको हाम्रो समाजको परिस्थितिलाई कारुणिक रूपमा प्रस्तुत गरिएको पाइन्छ । गरिब मजदुरहरू औषधिको अभावमा, खानाको अभावमा, शिक्षाको अभावमा मरिरहेका छन् र धनी मालिकहरू भने मोजमस्तीमा रमेको यथार्थ पक्षलाई उनले नाटकीय रूपमा उद्घाटन गरेका छन् । पाण्डेयले आफ्ना नाटकहरूमा धनी र गरिब, सामन्ती, शोषक र सिधा-साधा जनताबीचको द्वन्द्वलाई कलात्मक रूपमा देखाएका छन् । समाज अशिक्षाको कारण पछाडि परेको भन्दै शिक्षामा बढी जोड दिएका छन् । उनका नाटकमा नाटकीय भाव र कलापक्ष भन्दा समाजमा शिक्षाको आवश्यकता रहेको समालोचना गरेका छन् । उनको **यमराजको नयाँ खोज** एकाङ्की नाटक पूर्णतः काल्पनिक भए पनि पञ्चायतकालीन शासनव्यवस्थाको यथार्थ चित्र प्रस्तुत गर्न सफल छ । उनको नाटकमा आफूले देखेका, अनुभव गरेका र सुनेका समसामयिक विषयवस्तुलाई आधार लिएर लेखेको पाइन्छ ।

### ३.४.२ कवि व्यक्तित्व

तोयनाथ पाण्डेयको दोस्रो प्रमुख विधा कविता विधा हो । उनले कविता लेखनको प्रारम्भ नाटकलेखनको समयदेखि नै गरे पनि प्रकाशन भने वि.सं. २०२० मा काठमाडौँबाट संस्कृत छात्रसङ्घद्वारा प्रकाशित ‘हिमाली साहित्य’ पत्रिकामा प्रकाशित ‘आमा’ कविताबाट भएको हो ।[३०] उनको संस्कृत कविता ‘गुरोर्वन्दना’ वि.सं. २०३१ मा संस्कृत अध्ययन वाल्मीकि विद्यापिठबाट प्रकाशित ‘पद्मप्रसाद श्रद्धाञ्जलि’ मा प्रकाशित भएको थियो ।

यसैगरी पाण्डेयका ‘निश्चय’, ‘खोजे नमिल्ने छ के ?’, ‘स्वदेशी वन स्वदेश भन समाल नेपाल’, ‘अधिकार र कर्तव्य’, ‘वेदना’, ‘पहिले आफूलाई चिन’, ‘गीत बेच्छु’, ‘यो मुटुदेखि’, ‘अधबैँसे पोथीको विलाप’, ‘मातृवन्दना’, ‘शुभकामना’, ‘नानीप्रति’, ‘सृष्टि’, ‘घरको सम्झना’, ‘गीत’, ‘आह्वान’, ‘हिन्दु’ आदि फुटकर कविताहरू हाल तोयनाथ पाण्डेय स्मृतिग्रन्थ’ (२०५९) मा सङ्कलित भएर रहेका

[३०] ऐजन् ।

छन् । यसैगरी उनको ‘पञ्चरत्न’ अपूर्ण महाकाव्य ‘ऋतम्भरा’ (२०६०) पत्रिकामा प्रकाशित भएको छ । यिनै कविताका आधारमा पाण्डेयको कवि व्यक्तित्व निर्धारण गरिएको छ ।

पाण्डेयका कविताहरू सङ्ख्यात्मक दृष्टिले धेरै नभए पनि गुणात्मक दृष्टिले निकै महत्त्वपूर्ण छन् । उनका कवितालाई नियाल्दा राष्ट्रवादी, मानवतावादी स्वर मुखरित भएको पाइन्छ । उनी स्वच्छन्दतावादी भाव र परिष्कारवादी शैली शिल्पलाई अँगाल्ने कवि हुन् । उनका केही फुटकर कवितामा व्यक्ति विशेषको महिमागान वा उनीहरूको कामको प्रशंसा गरिएको छ । उनका कवितामा मानवतावादी चिन्तन, प्रकृतिपेम, राष्ट्रिय अखण्डताको आव्हान, विश्ववन्धुत्वको भावना, भाग्यवाद र कर्मवादको समीकरण, मानव-मानवका बीचमा देखिने कर्म, भाग्य सुख र दुःखका विविधताको चित्रण, जीवन र मृत्युको चिनारी, प्रकृतिप्रेम, नैतिकता, उपदेशात्मकता, भौतिकवादको समर्थन र अध्यात्मवादमा पूर्ण विश्वास जस्ता स्वरहरू व्यञ्जित भएका छन् । पाण्डेय मूलतः छन्दोबद्ध कविता लेख्ने कवि हुन् । उनका कविताहरू शार्दूलविक्रीडित छन्द, स्रग्धरा छन्द, झ्याउरे लय, गीतिलय, मात्रिक छन्द मात्र नभई भुजङ्गप्रयात जस्तो साङ्गीतिक झङ्कारयुक्त छन्दको पनि प्रयोग गरेका छन् । एउटा संस्कृत र बाँकी सबै नेपाली भाषामा रचिएका उनका कवितामा विविध क्षेत्रसँग सम्बन्धित विषयवस्तुको प्रयोग पाइन्छ । उनले विश्वसमाज, आफू बाँचिरहेको नेपाली समाज, मान्छेले भोगिरहेका तीता-मीठा अनुभूतिहरू, वियोगजन्य व्यथा, देशभक्ति, धार्मिक-आध्यात्मिक गुण गौरव आदिलाई आफ्नो कवितामा विषयवस्तु बनाएका छन् । कवितामा प्रयोग भएका बिम्ब, प्रतीक र अलङ्कारको प्रयोगले कवितालाई चमत्कार प्रदान गरेको छ । उनका कवितामा वीर, अद्भुत, शान्त आदि रसहरू देखिए पनि करुण रसमा उनले निकै सफलता पाएका छन् । उनका कविताले नैतिक, आध्यात्मिक र मानवतावादको सन्देश दिएर मानव समाजलाई सही बाटोमा ल्याउने प्रयत्न गरेका छन् । पाण्डेयका समग्र कविताकृतिका आधारमा हेर्दा उनलाई हिन्दु अध्यात्मदर्शनका समर्थक, मानवतावादी र राष्ट्रवादी कविका रूपमा राख्न सकिन्छ ।

### ३.४.३ निबन्धकार व्यक्तित्व

तोयनाथ पाण्डेयको साहित्यिक व्यक्तित्व कवितापछि निबन्धमा मुखरित भएको पाइन्छ । प्रकाशनका दृष्टिले यिनको सबैभन्दा पहिलो लेख निबन्ध 'घण्टा वार र साताको उत्पत्ति र उपपत्ति' **मर्यादा** (२०२५) मा प्रकाशित भएको हो ।[३१] उनका महिनाको उत्पत्ति र उपपत्ति (२०२६), नेपालमा संस्कृतको आवश्यकता किन ? (२०२६), गणितमा मनन तथा मनोरञ्जन (२०२६), बहिनीलाई चिठी (२०२६), हाम्रो राष्ट्रिय संस्कृतिमा हिन्दुत्व (२०२६), ज्योतिष र जनजीवन (२०२६) अनुशासन (२०२९), आ"धिखोला, गुप्तक्षेत्र र गलेश्वर (२०२९), समन्वय ( २०२९), संस्कृत अध्ययन संस्थानको पहिलो तीनवर्ष र वाल्मीकि विद्यापीठ ( क्याम्पस) (२०३३), विसेमिरा नेपाली दन्त्यकथा हो कि स्कन्दपुराण हो ? ( २०३४), संस्कृत शिक्षा र यसका आवश्यकताहरू (२०४०), कालिदासमा वेदव्यासको प्रभाव (२०४६) जस्ता फुटकर निबन्धहरू **मर्यादा** र **हाम्रो संस्कृति** पत्रिकामा प्रकाशित भएका छन् भने 'आधुनिक युग सुहाउँदो आदर्श नारीत्व', 'नाटकीय तत्त्व' र 'श्रुर्त मे ओपाय' निबन्धहरू **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ**मा सङ्कलन गरिएको छ । यिनै लेख निबन्धहरूका आधारमा तोयनाथ पाण्डेयको निबन्धकार व्यक्तित्व निर्धारण गरिएको छ ।

पाण्डेयका प्रायः वस्तुपरक निबन्धहरू रहेका छन् । ती मध्ये केही विचारात्मक, केही विवरणात्मक र केही वर्णनात्मक रहेका छन् । आलोचनात्मक, समीक्षात्मक र सामान्य खालका यी निबन्धहरूमा धर्म, संस्कृति, रहनसहन, चाडपर्व, शिक्षादीक्षा, प्रकृति चित्रण ऐतिहासिक स्थलहरूलाई मूल विषयवस्तु बनाइएको छ । समसामयिक समस्यामूलक, अध्ययनमप्रधान, विचारात्मक, अवधारणात्मक निबन्धहरू रहेका छन् । विविधतायुक्त विषय चयन गरी संस्कृतका बहुल शब्दको प्रयोग गरे पनि सरल शैलीमा जीवनमा भोगेका यथार्थ र अकाङ्क्षालाई उनले सङक्षिप्त रूपमा आफ्ना रचनामा प्रस्तुत गरेको पाइन्छ ।

---

[३१] ऐजन ।

### ३.४.४ आत्म कथाकार व्यक्तित्व

तोयनाथ पाण्डेयको 'वरुणको आत्मकथा' **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ**मा सङ्कलित छ । प्रस्तुत आत्मकथामा बरुण नामक पात्र तोयनाथ नै हुन् ।[३२] उनको हालसम्म एउटा मात्र आत्मकथा प्राप्त भएको छ । प्रस्तुत आत्मकथामा प्रतीकात्मक पात्रहरू रहेका छन् भने त्यसभित्रको कथा तोयनाथको आफ्नै कथा भएको जानकारी पाइएको छ । त्यस समयमा तोयनाथको अफठ्यारो बाल्यावस्थाको स्थिति, वातावरणको चित्रण गरिएको छ । सरल भाषामा लेखिएको उक्त आत्मकथाले पाण्डेयलाई आत्मकथाकार व्यक्तित्वको रूपमा उभ्याएको छ ।

## ३.५ साहित्येतर व्यक्तित्व

तोयनाथ पाण्डेयको प्रतिभा असीमित छ । उनले साहित्का साथै साहित्येतर कार्यमा पनि महत्त्वपूर्ण योगदान दिएका छन् । उनका साहित्यिक व्यक्तित्वभित्र विभिन्न पाटाहरू भए जस्तै साहित्येतर व्यक्तित्वका पनि विविध पाटाहरू रहेका छन् । यहाँ उनको साहित्येतर व्यक्तित्वको अध्ययन गर्नु सान्दर्भिक हुन्छ ।

### ३.५.१ प्राध्यापक व्यक्तित्व

तोयनाथ पाण्डेय वि.सं. २००१ संस्कृत प्रधानपाठशालामा ज्योतिष विषयको शिक्षकमा नियुक्त भएका थिए ।[३३] उनले आफूसँग अध्ययन गर्ने छात्रहरूमाथि ममता गर्ने, भविष्यमा आफूले सिकेका ज्ञानबाट बढीभन्दा बढी लाभान्वित होउन् भन्ने चाहना राख्दथे । पढाउने बेलामा कत्ति नरिसाईकन प्रेमपूर्ण व्यवहारबाट दोहोऱ्याई-दोहोऱ्याई पढाउँथे ।[३४] उनी वाल्मीकि विद्यापिठमा शिक्षक थिए भने त्रि.वि.वि.मा आंशिक शिक्षक थिए ।[३५] अरूसँग पढ्दा नबुझिएको पाठ पनि उनले

---

[३२] ऐजन् ।

[३३] दुर्गाप्रसाद दवाडी, "शिष्ट सहृदय गुरु तोयनाथ पाण्डेय : एक स्मरण", **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ**, (काठमाडौँ: हरिप्रसाद पाण्डेय श्रीमती प्रीति (कल्पना) पाण्डेय, २०५९), पृ. २७६ ।

[३४] ऐजन् ।

[३५] विद्यानाथ उपाध्याय, "मेरा गुरु श्री तोयनाथ पाण्डेयज्यू" **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ**, (काठमाडौँ: हरिप्रसाद पाण्डेय श्रीमती प्रीति (कल्पना) पाण्डेय, २०५९), पृ. ३५८ ।

सजिलै बुझाइदिन्थे उनको पढाउने तरिका विशेष प्रकारको सूत्रात्मक थियो । उनले धेरै प्रश्नहरूको अभ्यास गराउँथे । पाण्डेय संस्कृत महाविद्यालयका प्राध्यापक थिए ।[३६] आफ्ना चेलाहरूलाई उनी स्नेह गर्थे, विद्यार्थीहरूलाई खर्चपर्च पुगनपुग भएको हेर्ने तथा असजिलो पर्नेहरूलाई सहयोग गर्ने बानी थियो ।[३७] ज्योतिषको महत्त्व बुझाई विद्यार्थीलाई पढ्नमा हौसला दिने, कर्तव्यनिष्ठ र दक्ष शिक्षकका रूपमा चिनिने पाण्डेयको शिक्षक व्यक्तित्व सफल देखिन्छ ।

### ३.५.२ प्रशासक व्यक्तित्व

तोयनाथ पाण्डेय वाल्मीकि विद्यापीठको क्याम्पस प्रमुख एवं त्रि.वि. संस्कृत अध्ययन संस्थानको सहायक डीन वि.सं. २०३० देखि २०३६ सालसम्म भएका थिए भने डीन वि.सं. २०३६ देखि २०४२ सालसम्म भएका थिए ।[३८] उनी यस्ता पदमा रहँदा नयाँ शिक्षापद्धतिको योजना कार्यान्वयन गर्ने, शिक्षा व्यवस्थापन गर्ने काममा दत्तचित्त भएर लागेका थिए । त्यस कामबाट उनले सबैको मन जितेर सहयोग पाएको अनुभव गरेका थिए ।[३९] उनी मधुर स्वभावका भइकन पनि प्रशासन तीक्ष्ण थियो । उनको प्रशासनमा कसैले पनि मर्यादाको उल्लङ्घन गर्न सक्दैनथ्यो । आफूले धैर्यधारण गरी मर्यादाको पालन गरेमा अरू स्वतः मर्यादित हुन्छन् भन्ने कुरा पाण्डेयले आफ्नो प्रशासन कालमा देखाएका थिए । त्यति लामो समयको प्रशासमा कहिल्यै कसैलाई पनि उनले कडा शब्द प्रयोग गरेनन् । उनको प्रशासनकालमा हरेकले मर्यादाको पालन गरेका थिए । कसलाई कसरी मर्यादित तुल्याउनुपर्छ र कसरी मर्यादित गराउन सकिन्छ भन्ने प्रविधिको बोध उनलाई थियो र मानिस अनुसार उपाय अबलम्बन गरी मर्यादित बनाउथे । मधुर तरिकाबाटै कुशल प्रशासन चलाएका थिए । साना व्यक्तिहरूलाई प्रशासनमा कहिल्यै कडा व्यवहार गरेनन्, कसैबाट केही गल्ती हुन गएमा नरम तरिकाले प्रश्न

---

[३६] मधुसुदन ढकाल, "मान्यवर गुरुका बारेमा केही स्मरणहरू", **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ**, (काठमाडौँः हरिप्रसाद पाण्डेय श्रीमती प्रीति (कल्पना) पाण्डेय, २०५९), पृ. ३९९ ।

[३७] रामचन्द्र गौतम, पूर्ववत् ।

[३८] शोधनायकका छोरा हरिप्रसाद पाण्डेयबाट प्राप्त जानकारी अनुरुप ।

[३९] विद्यानाथ उपाध्याय, पूर्ववत्, पृष्ठ ३६० ।

गर्दथे । त्यसैले उनको प्रशासनमा कसैले मर्यादा उल्लङ्घन गरेन ।[४०] उनी संस्कृत क्षेत्रका सबैभन्दा कुशल, निष्पक्ष र सामर्थ्यशाली र सफल प्रशासन थिए । उनी जस्तो प्रशासक संस्कृत क्षेत्रले अरू पाउन सकेन ।[४१] उनको ६ वर्षे सहायक डीन र ६ वर्षे डीन भएको समयमा उनी कुशल प्रशासक भएको देखिन्छ ।

### ३.५.३ निर्देशक व्यक्तित्व

तोयनाथ पाण्डेयले नाट्यविधामा धेरै रुचि लिन्थे । उनले नाटक लेखन मात्र नगरेर निर्देशन पनि गर्दथे । नाटक निर्देशनबाट उनले थुप्रै स्वर्णपदकहरू पनि प्राप्त गरेका थिए ।[४२] पाण्डेयले संस्कृतका प्राचीन परम्परागत शैलीका नाटकहरूको निर्देशन गर्दथे ।[४३] मित्रदेश भारतका प्रथम राष्ट्रपति डा. राजेन्द्रप्रसाद पहिलो पटक नेपाल भ्रमणमा आउँदा संस्कृत नाटक **मुद्राराक्षस** पहिलो पटक देखाइएको थियो । उक्त नाटकको निर्देशन पाण्डेयबाटै भएको थियो । नेपालमा भएको प्रथम विश्वबौद्ध सम्मेलनमा संस्कृत नाटक समितिले तोयनाथ पाण्डेयको निर्देशनमा **नागानन्द** नाटकको सफल मञ्चन गरेको थियो । पाण्डेयको निर्देशनमा वि.सं. २०१५/१६ तिर नारायणहिटी राजदरबारभित्र छुट्टै मञ्च तयार गरी श्री ५ महेन्द्रको विशेष प्रोत्साहनपूर्ण समुपश्थितिमा **स्वप्नवासवदत्तम्** नाटक मञ्चित भएको थियो । वि.सं. २०२२ तिर त्रिभुवन विश्वविद्यालयको दीक्षान्त समारोहमा **मालतिमाधवम्** मञ्चन श्री ५ महेन्द्र पुलिस क्लबमा पाण्डेयकै निर्देशनमा मञ्चन भएको थियो ।[४४] संस्कृत नाटक समितिको गठन गरेपछि उनले **चन्डकौशिक** नाटक पनि देखाएका थिए । विश्वबौद्ध सम्मेलनमा देखाइएको नाटकबाट उनले

---

[४०] राधाकृष्ण अधिकारी, "डीन तोयनाथ पाण्डेय : एक स्मरण" **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ**, (काठमाडौँ: हरिप्रसाद पाण्डेय श्रीमती प्रीति (कल्पना) पाण्डेय, २०५९),पृ. ३८१ ।

[४१] श्रीसाम्बराज आचार्य, "मेरा गुरु श्री तोयनाथ पाण्डेयज्यूसँगका अविस्मरणीय क्षणहरू" **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ**, (काठमाडौँ: हरिप्रसाद पाण्डेय श्रीमती प्रीति (कल्पना) पाण्डेय, २०५९),पृ. ४०८ ।

[४२] शोधनायकका छोरा हरि पाण्डेयबाट प्राप्त जानकारी अनुसार ।

[४३] विद्यानाथ उपाध्याय, पूर्ववत् पृष्ठ ३५९ ।

[४४] ऋषिराम पोखेल, "गुरुवर तोयनाथ पाण्डेय र मेरो नाटकप्रियता : एक स्मरण" **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ**, (काठमाडौँ: हरिप्रसाद पाण्डेय श्रीमती प्रीति (कल्पना) पाण्डेय, २०५९), पृ. ३६४-३६५ ।

स्वर्णपदकसमेत प्राप्त गरेका थिए ।[४५] उनको नाट्य निर्देश कलाकौशलद्वारा तत्कालिक राजादेखि रङ्गसम्मलाई उत्तिकै मन्त्रमुग्ध गराउन सक्दथे । नाट्य सम्बन्धी कलाकौशलमा पूर्ण सफलता उनलाई मिलेको थियो भन्ने कुरा सोही कार्यक्षेत्रमा उनलाई निरन्तर रूपमा चारवटासम्म स्वर्णपदकद्वारा राज्यले सम्मान गरेबाट प्रमाणित हुन्छ ।[४६] यसरी हेर्दा पाण्डेयको व्यक्तित्व कुशल निर्देशकका रूपमा देखिन्छ ।

### ३.५.४ अभिनेता व्यक्तित्व

तोयनाथ पाण्डेयको रुचि नाटक लेखन, निर्देशनका साथै अभिनयमा पनि भएको पाइन्छ । पाण्डेयले संस्कृतका प्राचीन परम्परागत शैलीका नाटकहरूको प्रधान पात्रको अभिनय गर्दा उनको अपूर्व तन्मयता मुखरित हुन्थ्यो । 'नागानन्द' को प्रधान पात्र जीभूतवाहन र 'चण्डकौशिक'को विश्वामित्रको भूमिका निर्वाह गर्दा उनको अभिनयकला देख्न लायक थियो । नेपालमा विश्वका बौद्धहरूले 'नागानन्द' नाटकमा जीभूतवाहनको मूर्त अभिव्यक्ति दिने पाण्डेयलाई मुक्त कण्ठले प्रशंसा गरेर स्वर्णपदक समेत प्रदान गरेका थिए । उनले संस्कृतका धेरै नाटक अभिनय गर्नुका साथै नाटककारको मनोभाव सूक्ष्मतापूर्वक हृदयङ्गम गरेर तदनुरूप रङ्गमञ्चको साजसज्जा, पूर्ण व्यवस्थापन, रङ्गकर्मीहरूको संयोजन एवं प्रस्तुतिको भूमिकालाई सफलतापूर्वक निर्वाह गर्ने क्षमता उनमा थियो ।[४७] भारतीय राष्ट्रपति श्री राजेन्द्रप्रसाद आउँदा **मुद्राराक्षस** र विश्व बौद्ध सम्मेलनमा **नागानन्द** नाटक संस्कृत भाषामै अभिनय गरी देखाएका थिए ।[४८] उनले 'चक्षुषामन्तरा नेपाली भाषामा नाटक लेखेर स्वयं सूत्रधारसमेत बनेर अभिनय गरेका थिए ।[४९] उक्त

---

[४५] केशवराज जोशी, "मेरा सम्झनामा गुरु तोयनाथ पाण्डेय", **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ**, (काठमाडौँ: हरिप्रसाद पाण्डेय श्रीमती प्रीति (कल्पना) पाण्डेय, २०५९), पृ. ४०१ ।

[४६] हरिप्रसाद गौतम, "पूर्व डीन तोयनाथ पाण्डेयज्यूको पुण्यस्मृतिमा", **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ**, (काठमाडौँ: हरिप्रसाद पाण्डेय श्रीमती प्रीति (कल्पना) पाण्डेय, २०५९), पृ. ४३१ ।

[४७] विद्यानाथ उपाध्याय, पूर्ववत्, पृ. ३५९-३६० ।

[४८] केशवराम जोशी, पूर्ववत्, पृ. ४०१ ।

[४९] हरिप्रसाद शर्मा आचार्य "प्रा.तोयनाथ पाण्डेय" **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ**, (काठमाडौँ: हरिप्रसाद पाण्डेय श्रीमती प्रीति (कल्पना) पाण्डेय, २०५९), पृ. ३७४/२४ ।

नाटक हाल प्राप्त भएको छैन । यसरी पाण्डेयको अभिनय व्यक्तित्वलाई हेर्दा उनी कुशल अभिनेताको रूपमा  देखिन्छन् ।

### ३.५.५ समाजसेवी व्यक्तित्व

तोयनाथ पाण्डेय समाजसेवी व्यक्तित्वका रूपमा पनि परिचित थिए । समाजका दीनदु:खी प्रति दया, माया र प्रेम र सहानुभूतिको भावना देखाउने व्यक्तित्वका   देखिन्थे । उनी जोसुकैले पनि आफ्ना अगाडि दु:ख पोखे भने यथाशक्ति सहयोग गदथे ।[५०] उनले जीवनभर तनमन र धनद्वारा संस्कृत शिक्षाको सेवा गरेका थिए ।[५१] उनी सबैका समस्या बुझेर समाधानको कदम चाल्दथे । उनले धरानको पिण्डेश्वर विद्यापीठदेखि विजयपुरचोकसम्मको बाटो ग्राभेलिङ्ग गराएका थिए ।[५२] पाण्डेयले समाजकै आधा अङ्ग महिलालाई शिक्षाको ज्योतिबाट वञ्चित गर्नुहुँदैन भन्ने भावनाबाट प्रेरित भई महिला विद्यालय खोली केही समयसम्म आफ्नै खर्चले सञ्चालन गरेका थिए ।[५३] पाण्डेले ‘संस्कृत-शिक्षा प्रचारिणी समिति र नारी विद्यापीठको सदस्यसचिव रहेर दुबै संस्थाहरूलाई लामो समयसम्म सञ्चालन गरे । उनको प्रयासले नै नेपालका नारीहरूले पनि उच्च तहसम्म संस्कृतको शिक्षा हासिल गर्न पाएका थिए । सङ्कटपूर्ण परिस्थितिमा पनि उनले आफ्नै व्यक्तिगत प्रयासले उक्त संस्थाहरूलाई सञ्चालन गरेका थिए । उनले संस्कृत अध्ययन संस्थानमा कार्यरत अधिकांश शिक्षक एवं कर्मचारीहरूलाई सुविधाहरू उपलब्ध गराउन पनि उनी कहिल्यै पछि परेनन् ।[५४] पाण्डेयले आफ्नो जीवनभर आफूले सक्दो सहयोग गरेर समाजसेवी जीवन बिताएका थिए ।

---

[५०] शोधनायकका छोरा हरि पाण्डेयबाट प्राप्त जानकारी अनुसार ।

[५१] हरिप्रसाद शर्मा आचार्य, पूर्ववत्, पृ. १७५ ।

[५२] पुरुषोत्तम भट्टराई, “संस्मरण”, **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ,** (काठमाडौँ: हरिप्रसाद पाण्डेय श्रीमती प्रीति (कल्पना) पाण्डेय, २०५९),पृ. ३८७ ।

[५३] हरिप्रसाद शर्मा आचार्य, पूर्ववत् ।

[५४] श्रीकृष्ण आचार्य, “मेरा पहिला औपचारिक गुरु प्रा. तोयनाथ पाण्डेय”, **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ,** (काठमाडौँ: हरिप्रसाद पाण्डेय श्रीमती प्रीति (कल्पना) पाण्डेय, २०५९), पृ. ३९४ ।

### ३.५.६ बहुभाषिक व्यक्तित्व

तोयनाथ पाण्डेय धेरै भाषाका ज्ञाता थिए । उनी आफ्नो मातृभाषा नेपाली लगायत संस्कृत भाषामा सजिलैसँग लेख्न, पढ्न, बोल्न र बुझ्न सक्दथे । दुबै भाषामा उनका रचनाहरू प्रशस्त रहेका छन् । उनलाई अङ्ग्रेजी, नेवारी जस्ता भाषाहरूको पनि राम्रोसँग ज्ञान थियो तर ती भाषामा भने उनका रचनाहरू पाइँदैनन् ।[५५] त्यसैले, उनलाई वहुभाषिक व्यक्तित्वका रूपमा लिन सकिन्छ ।

### ३.५.७ धार्मिक व्यक्तित्व

तोयनाथ पाण्डेयको धार्मिक व्यक्तित्वलाई हेर्दा धार्मिक प्रवृत्तिका देखिन्छन् । उनी प्रत्येक पक्षका एकादशीहरूमा वेलभ्कुण्डीस्थित त्रिलोकेश्वर महादेवको मन्दिरमा जान्थे । आफ्नै आवासमा उनले बेलुका बेलुका हरिकीर्तन गर्ने परिपाटी कायम गरेका थिए । अध्ययन संस्थानको नजिक बसोबास गरेका प्राध्यापकहरू, कर्मचारीहरू, छात्रावासका विद्यार्थीहरू र इच्छुक अन्य व्यक्तिहरू समेत सो हरिकीर्तनमा सम्मिलित हुने गर्थे । अत्यन्त अभिरुचिका साथ धार्मिक कृत्यमा संलग्न हुने पाण्डेयको स्वभाव थियो । धार्मिक स्थलहरूमा समय समयमा विद्वानहरूलाई धार्मिक प्रवचन गर्न लगाइरहन्थे । प्रातः स्नान-सन्ध्या आदि नित्यकर्म सकेपछि प्रतिदिन त्रिलोकेश्वर मन्दिरमा पुगी महादेवका साथै अन्य देवदेवीको दर्शन गरेर मात्र उनी व्यवहारिक कार्यमा लाग्दथे ।[५६] उनका धार्मिक क्रियाकलापहरू हेर्दा पाण्डेय धार्मिक व्यक्तित्वका रूपमा देखिन्छन् ।

### ३.५.८ विविध व्यक्तित्व

तोयनाथ पाण्डेय ज्यादै व्यवहार कुशल थिए । सहनशील, अकस्मात आइपर्ने समस्यालाई उनले राम्ररी बुझेर समाधान गर्ने गर्दथे । उनले गाउने बजाउने, नाच्ने जस्ता कार्यक्रम गर्दथे । 'हिमज्योति' पत्रिका प्रकाशन हुनुमा उनकै

---

[५५] शोधनायकका छोरा हरिप्रसाद पाण्डेयबाट प्राप्त जानकारी अनुसार ।

[५६] गोविन्द आचार्य, "तोयनाथ पाण्डेय : केही संस्मरण", **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ**, (काठमाडौँ: हरिप्रसाद पाण्डेय श्रीमती प्रीति (कल्पना) पाण्डेय, २०५९), पृ. ४६७-४६८ ।

देन थियो । पाण्डेय शास्त्रानुसन्धान परिषद्को कार्य समितिको संस्थापक सदस्यमा कोषाध्यक्ष पदमा रहेका थिए । त्रि.वि. तथा वाल्मीकि क्याम्पस परिवार कल्याण समितिका अध्यक्ष थिए ।[५७] २०२४ सालमा दाङ बिजौरामा सम्पन्न भएको ऐतिहासिक विद्वत्सम्मेलन गराउन उनकै मुख्य देन थियो ।[५८] यसरी हेर्दा पाण्डेयको व्यक्तित्वमा विविधता भएको देखिन्छ ।

## ३.६ निष्कर्ष

संस्कृत तथा नेपाली भाषा, साहित्य कलाका क्षेत्रमा लामो समयसम्म सेवा गरेका तोयनाथ पाण्डेयका व्यक्तित्वका विविध पाटाहरू देखिन्छन् । नेपाली समाजमा एउटा असल समाजसेवीका रूपमा पनि परिचित थिए । अध्ययन सकेर नेपाल फर्केपछि शिक्षण पेशामा संलग्न भए । त्यसपछि उनी ६ वर्ष सहायक डीन र ६ वर्ष डीनजस्तो गरिमामय पदमा रहेर कुशल प्रशासकका रूपमा प्रतिष्ठित भएका थिए । साहित्यमा कविता र नाटकमा विशेष रुचि लिने पाण्डेय कुशल निर्देशक र अभिनेताका रूपमा पनि परिचित थिए ।

तोयनाथ पाण्डेयको व्यक्तित्वको सबैभन्दा महत्त्वपूर्ण पाटो साहित्यिक व्यक्तित्व हो । संस्कृत तथा नेपाली साहित्यका क्षेत्रमा कविता, लेख, निबन्ध, नाटक, आत्मकथा आदि विभिन्न विधामा कलम चलाएका पाण्डेयले साहित्यकारका बीचमा आफ्नो अग्रस्थान राख्न सफल भएका छन् । नाम कमाउन अर्काको चाकरी नगर्ने उनको प्रवृत्तिले गर्दा उनी जति चर्चामा आउनुपर्ने थियो त्यति चर्चामा नआएको पाइन्छ तापनि उनको क्रियाशिल व्यक्तित्व धनिभूत रहेको दखिन्छ ।

[५७] हरिप्रसाद पाण्डेयका अनुसार ।

[५८] हरिप्रसाद शर्मा आचार्य, पूर्ववत्, पृष्ठ ३७५ ।

## परिच्छेद - चार

### ४. तोयनाथ पाण्डेयका कृतित्वको अध्ययन

तोयनाथ पाण्डेयका कृतिहरूको अध्ययन गर्दा उनले कविता, लेखनिबन्ध, यात्रानिबन्ध, पत्रसाहित्य, आत्मजीवनी, प्रहसन, नाटक आदि विधामा कलम चलाएका छन् । कविताहरूमा 'आमा' (२०२०), 'निश्चय', 'खोजे नमिल्ने छ के ?', 'स्वदेशी वन स्वदेश भन समाल नेपाल', 'अधिकार र कर्तव्य', 'वेदना', 'पहिले आफूलाई चिन', 'गीत बेच्छु', 'त्यो मुटुदेखि', 'अधवैँसे पोथीको विलाप', 'मातृवन्दना', 'शुभकामना', 'नानीप्रति', 'सृष्टि', 'घरको सम्झना', 'गीत', 'आव्हान', 'हिन्दु' लगायत 'पञ्चरत्न' (२०६२) अपूर्ण महाकाव्यका केही श्लोकहरू ऋतम्भरा पत्रिकामा प्रकाशित भएका छन् । लेख निबन्धहरूमा 'घण्टा, वार र साताको उत्पत्ति र उपपत्ति' (२०५५), 'ज्योतिष र जनजीवन' (२०२६), 'महिनाको उत्पत्ति र उपपत्ति' (२०२६), 'गणितमा मनन तथा मनोरञ्जन' (२०२६), 'हाम्रो राष्ट्रिय संस्कृतिमा हिन्दुत्व' (२०२६), 'नेपालमा संस्कृतिको आवश्यकता किन ?' (२०२६), 'बहिनीलाई चिठी' (२०२६), 'आँधिखोला, गुप्तक्षेत्र र गलेश्वर' (२०२६), 'अनुशासन' (२०२९), 'समन्वय' (२०३२), 'संस्कृत अध्ययन संस्थानको पहिलो तीनवर्ष र वाल्मीकि विद्यापिठ (क्याम्पस)' (२०३३), 'नेपाल राष्ट्रमा संस्कृता अध्ययनको स्थिति' (२०३६), 'संस्कृत शिक्षा र यसका आवश्यकताहरू' (२०४०), कालिदासमा वेदव्यासको प्रभाव (२०४६), 'आधुनिक युग सुहाउँदो आदर्श नारीत्व', 'नाटकीय तत्त्व', 'श्रुतं मे गोपाय', 'वरुणको आत्मकथा' र नाटकहरू 'अझैं नेपाल कस्तो छ ?', 'अप्ठ्यारो गृहस्थी', 'यमराजको नयाँ खोज', 'इमान', 'संयोग' तथा प्रहसन रहेका छन् । उनका संस्कृत भाषाका रचनाहरूमा नाटकहरू 'मातृहत्याधारम्' (२०१७), 'तमसो ज्योतिषि' (२०३६) तथा निबन्धहरू 'श्रमः' (२०१९), 'स्थानपति ग्रामपञ्चायतम्' (२०३२), कविता 'गुरोर्वन्दना' (२०३१) र 'शुभाऽऽशंसा किञ्चिद् वक्तव्यञ्च' (२०४०), शुभकामना मन्तव्य रहेका छन् । यी रचनाहरू मध्ये केही रचनाहरू 'हिमाली साहित्य', 'हाम्रो संस्कृति', 'मर्यादा'

पत्रिकामा प्रकाशित भएका छन् भने अप्रकाशित रचनाहरू **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ** (२०५९) मा सङ्कलन गरी प्रकाशित गरिएको छ । यी रचनाहरूमध्ये नाटक विधालाई प्रकाशनको आधारमा सर्वप्रथम अध्ययन गरिएको छ ।

## ४.१ तोयनाथ पाण्डेयका नाटकहरूको अध्ययन

तोयनाथ पाण्डेयले साहित्यका विविध विधाहरूमा कलम चलाएका छन् । उनको सबैभन्दा रुचि भएको र विशिष्टता प्राप्त गरेको विधा पनि नाटक नै हो । प्रकाशनका दृष्टिले पाण्डेयको पहिलो प्रकाशित रचना संस्कृत नाटक **मातृहत्याधारम्** (२०१७) हो । यसैगरी उनको अर्को संस्कृत नाटक **तमसो ज्योतिषि** (२०२६) र नेपाली नाटकहरू **अझै नेपाल कस्तो छ ?, अप्ठ्यारो गृहस्थी, यमराजको नयाँ खोज, इमान, संयोग** तथा **प्रहसन** रहेका छन् । यी नाटकहरू 'तोयनाथ पाण्डेय स्मृतिग्रन्थ' मा सङ्कलन गरिएको छ । नाटकको अध्ययन गर्नु पूर्व नाटकको परिचय दिनु आवश्यक देखिन्छ ।

संस्कृत साहित्यमा नाटकलाई रूपकको एक भेद मानिएको छ । त्यसलाई अभिनयको माध्यमले आँखाको अगाडि प्रत्यक्ष रूपमा प्रस्तुत गरिने हुँदा रूपक वा नाटक दुबैलाई दृश्यकाव्य भनिन्छ ।[५९] साहित्यका श्रव्य र दृश्य दुई स्थुल भेदमध्ये नाटक दृश्यविधामा पर्दछ । "नाटकका माध्यमबाट प्रस्तावित कथ्य प्रत्यक्ष ढङ्गमा अभिव्यक्त हुने हुँदा नै यसलाई अन्य साहित्यिक विधाभन्दा बढी प्रभावकारी विधा ठानिन्छ ।[६०] नाटकको दर्शकको मन परिवर्तन गर्नेमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नाटकमा पात्रको अभिनयले दर्शकमा विशेष प्रभाव पार्न सफल हुन्छ ।

---

[५९] केशवप्रसाद उपाध्याय, **साहित्य-प्रकाश**, छैठौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५९), पृ. ६१-६२ ।

[६०] दयाराम श्रेष्ठ, मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, आठौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०६३), पृ. १३२ ।

### ४.१.१ नाटकका तत्त्वहरू

साहित्यका विविध विधाहरूमध्ये नाटक एक प्रमुख मानिन्छ । पूर्वीय मान्यताअनुसार काव्यहरूमा नाटक मनोहारी हुने मानिएको छ । नाटकका सामान्यतया निम्न तत्त्वहरूको निष्कर्षमा पुग्न सकिन्छ । मुख्य रूपमा नाटकका तत्त्वहरू कथावस्तु, पात्र/चरित्र, संवाद, भाषाशैली, वातावरण र उद्देश्य रहेका छन् ।[६१]

#### क) कथावस्तु

कथावस्तु नाटकको महत्त्वपूर्ण तत्त्व हो । नाटकको कथावस्तु पौराणिक, ऐतिहासिक तथा लौकिक क्षेत्रबाट लिइएको हुन्छ । विभिन्न घटनाहरूको समुचित र सन्तुलित प्रस्तुतिलाई नै कथावस्तु भनिन्छ । "फलको लागि अधिकारी भएको कथासँग सम्बन्धित कथावस्तु नै आधिकारीक कथावस्तु हो ।"[६२] कथावस्तु आरम्भ, मध्य, उत्कर्ष र अन्त्यको क्रमबद्धले अगाडि बढेको हुन्छ । पूर्वीय पाश्चात्य दुबै नाट्यशास्त्रहरूमा कथावस्तुका बारेमा विशेष महत्त्वका साथ चर्चा भएको पाइन्छ ।

#### ख) पात्र/चरित्र

नाटकमा पात्रलाई पनि महत्त्वपूर्ण तत्त्वका रूपमा लिइएको हुन्छ । पात्रविहीन नाटक कल्पना पनि गर्न नसकिने हुँदा नाटकमा मानवीय र मानवेत्तर गरी दुई प्रकारका पात्रहरूको प्रयोग भएको पाइन्छ । "नाटकमा वस्तुको विश्लेषण, विषयको प्रतिपादन र पात्रको चरित्र चित्रणको मूल आधार नै पात्र हो ।"[६३] पात्र नाटकीय कथ्यको विकास पात्र र तिनका क्रियाकलापका माध्यमबाट हुन्छ । यसैले चरित्रचित्रण नाटकको अर्को

---

[६१] हिमांशु थापा, **साहित्य परिचय**, (काठमाडौँ : साझा प्रकाशन, संवत् २०३६), पृ. ६२ ।

[६२] ऐजन, पृ. ६३ ।

[६३] ऐजन्, पृ. ७७ ।

आधारभूत तत्त्व हो । नाटकका चरित्रहरू कथा, उपन्यासका जस्ता वर्णनात्मक र रचनाका चरित्रहरूभन्दा पृथक हुन्छन् । कुनै पनि पात्रको कार्य, संवादबाट नै नाटकमा चरित्रको उद्घाटन हुन्छ ।

**ग) संवाद**

संवाद नाटकको आधारभूत तत्त्व मानिन्छ । “नाट्यविधामा भने संवाद अनिवार्य तत्त्व हो । नाटककारका लागि कथावस्तुको रचना गर्ने आधार हो, चरित्रचित्रण गर्ने माध्यम हो र विचार प्रस्तुति गर्ने साधन हो ।”[६४] नाटक संवादात्मक रचना भएकोले संवाद योजना यसको अर्को महत्त्वपूर्ण अङ्ग हुन्छ । नाटकका संवादहरू चरित्रगत कार्यव्यापारका संवाहक हुन्छन् । नाटकीय स्वभाविकताका लागि बोलचालको भाषा नै बढी ग्राह्य मानिन्छ । संवाद साहित्यका अन्य विधाबाट नाटकलाई छुट्टाउने तत्त्वका रूपमा लिइन्छ ।

**घ) भाषाशैली**

नाटकमा भाषाशैलीको महत्त्वपूर्ण स्थान हुन्छ । “प्रकट रूपमा कुनै पनि विचार या भाव अभिव्यक्ति गर्ने एउटा सबल माध्यम भाषा नै हो नाटकमा संवादकै माध्यमद्वारा भाषा र अभिव्यक्तिको प्रयोग हुन्छ । भाषामा सरलता र सहजता हुनुपर्छ । त्यस्तै कलात्मकता र प्रभावात्मकता पनि भाषाको मूलभूत गुण हो । ... शैली भनेको भाषाको स्वभाव हो । शैलीले भाषाको स्वभावमात्र व्यक्त नगरी भाषाका प्रयोक्ताको रूपमा रहेका लेखकको स्वभाव र मनःस्थितिविशेष पनि इङ्गित गर्दछ ।”[६५] भाषाशेलीबाट नाटकीय परिवेश तथा नाटककारको जीवनदर्शन आदि विविध पक्षहरूको अवलोकन गर्न सकिन्छ ।

---

[६४] ऐजन, पृ. ८३ ।

[६५] ऐजन्, पृ. ८३-८६

## ङ) वातावरण

नाटकमा वातावरण पनि एउटा महत्त्वपूर्ण तत्त्व मानिन्छ । वातावरण अन्तर्गत देशकाल वातावरणलाई लिइन्छ । "वातावरणको संरचनामा वास्तविकता र स्वभाविकता हुनु आवश्यक छ । कलात्मक र प्रभावात्मक निर्वाह यसको आवश्यक शर्त हो । वातावरणको माध्यमद्वारा नाटकको वातावरणमा कलात्मक रूपमाआत्मसात गरेको हुनु आवशयक छ । अनिमात्र नाटकको वातावरणमा जीवन्तता सशक्तताको प्रार्दुभाव हुन्छ ।"[६६] नाटकमा चित्रण हुने परिवेशबाट स्रष्टाको सामाजिक परिवेश, पात्रहरूको वहन गरेको जीवन मूल्य, आर्थिक, सांस्कृतिक, प्राकृतिक भौगोलिक परिदृश्य एवं पात्रहरूको मानसिक अन्तरङ्गका बहुआयामिक पक्षहरू उद्घाटित हुन्छन् ।

## च) उद्देश्य

लेखकले कृतिका माध्यमबाट कुनै न कुनै लक्ष्य र उद्देश्यलाई सम्प्रेषित गरेको हुन्छ । "संस्कृत नाटकमा रस प्रतिपादन नै साहित्यको मूल उद्देश्य रहेको छ । रसको आस्वादनबाट आनन्द प्रापत गर्नु नै साहित्यको अभीष्ट प्राप्ति रहेको छ ।"[६७] आजको सन्दर्भमा नाटकको उद्देश्य आनन्द प्राप्ति मात्र नभएर विषयवस्तु तर्फ सचेत गराउनुका साथै विचारको जानकारी दिनु पनि रहेको हुन्छ । कुनै विचाररहित कृति खोक्रो र निर्जीव नै हुन्छ । नाटकको उद्देश्य, देशकाल, परिस्थिति सापेक्ष हुने भएकोले परिवर्तनशील हुन्छ ।

---

[६६] ऐजन्, पृ. ९१-९२ ।

[६७] ऐजन्, पृ. ९२ ।

अ)    **संस्कृत नाटकहरूको अध्ययन**

४.१.२  **मातृहत्याधारम् नाटकको अध्ययन**

तोयनाथ पाण्डेको **मातृहत्याधारम्** एकाङ्की नाटक वि.सं. २०१७ मा **जयतु संस्कृतम्** (वर्ष १, अङ्क ५, पृ. ५-१०) मा प्रकाशित पहिलो नाटक मानिएको छ । प्रस्तुत संस्कृत नाटकको अध्ययन **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ**मा वेणी माधव ढकालले नेपाली भाषामा गरेको समीक्षाबाट गरिएको हो । उक्त नाटक पौराणिक कथावस्तु श्रीमद्भागवत्को उपजीव्य कथावस्तुमा आधारित छ । यसमा नारायण अंशावतार परशुरामको विचित्र चरित्रको चित्रण गरिएको छ ।

४.१.२.१ **कथावस्तु**

**मातृहत्याधारम्** एकाङ्की नाटकको कथावस्तु तीन दृश्यमा पूर्ण भएको छ । पहिलो दृश्य जगदग्निका आश्रममा केन्द्रित छ भने दोस्रो दृश्य नदी र आश्रमका बीच बाटोमा घटेको घटना रहेको छ र तेस्रो दृश्य आश्रममा घटित घटनासँग सम्बद्ध रहेको छ । पहिलो दृश्यमा श्राद्धको दिनमा आश्रमबाट जल लिन गएकी रेणुका पर्णशालामा आइनपुग्दा श्राद्धको कार्य रोकिएको हुन्छ । जमदग्निले भान्सा तयार गर्दा तेलको कराइमा निस्केको ज्वालाबाट पर्णशाला खरानी भएको हुन्छ । उसको छोरा विश्वावसु उपचारका लागि आउँदा बाबुको घाउ देखेर अत्तालिन्छ तर दमदग्निले आफ्नो घाउभन्दा मन डढेको बताउदै श्रीमती रेणुकाको चरित्रप्रति शङ्का गर्छ । दोस्रो दृश्यमा पर्णशाला आउँदै गरेकी रेणुका मनमनै डराएकी हुन्छे । तेस्रो दृश्यमा पर्णशालामा आइपुगेकी रेणुकालाई ढिला हुनुको कारण सोध्दा रेणुकाले पहिलो बनावटी कुरा गर्दछे तर जमदग्निले कड्कदै सोधेपछि आफूले गन्धर्वराज चित्ररथको जलक्रीडा हेरेको बताउँछे । यस्तो कुरा सुनेपछि रिसाएका जमदग्निले छोरा रुमण्डवान्लाई रेणुकाको शरिर दुई टुक्रा पार्न लगाउँछन् तर छोराले उक्त काम गर्न नसकेपछि अर्को छोरा परशुरामले बाबुको आज्ञाअनुसार आमाको घाँटीमा बञ्चरो प्रहार गर्दछ । मातृहत्याको अपराधका कारण परशुराम मूर्च्छित हुन्छ । ऊ चेतमा आएपछि बाबुसँग आमालाई जीवित पार्न आग्रह गरेपछि रेणुका पुनः जीवित भएको देखाइएको छ । अन्त्यमा परशुरामले सबै दम्पत्ति शिव

र पार्वती जस्तै एकरस भएर दाम्पत्य धर्म पालन गरुन् भन्ने चाहना व्यक्त गरेको छ ।

### ४.१.२.१ **पात्र**

**मातृहत्याधारम्** एकाङ्की नाटकका पात्रहरू मध्ये जमदग्नि, रेणुका, परशुराम र रुमण्डवान प्रमुख पात्र हुन् भने चित्ररथ, प्रेयसीहरू आदि गौण पात्रहरू रहेका छन् । यसमा महर्षि जमदग्नि कठोर हृदयका पक्षपाती पतिका रूपमा देखिएको छन् । रेणुका पतिको मधुर दाम्पत्य सुखको चाहना गर्ने तर पतिद्वारा हेपिएकी, कुण्ठित वासनाको अतृप्तिबाट उकुसमुकुस भएकी नारीका रूपमा देखिन्छे । रुमण्डवान, विश्वावस व्यवहारवादी पुत्रका रूपमा देखिन्छ भने परशुराम माया, ममता, स्नेहजस्ता हृदयक स्वभाविक धर्मलाई पिताको कर्तव्यपालक कठोर मनोवृत्तिको पितृभक्त पुत्रका रूपमा चित्रण गरिएको छ । नाटकमा पात्रहरूको चरित्र पौराणिक सामाजिक कथावस्तुमा आधारित भए पनि वर्तमान समाजमा समेत मिल्दो मनोवैज्ञानिक पात्रहरूको चित्रण गरिएको छ ।

### ४.१.२.३ **संवाद**

**मातृहत्याधारम्** एकाङ्की नाटक पुरुषहरूबाट दमित नारीहरूको कष्टमय जीवन चित्रण गरिएको पूर्ण संवादात्मक नाटक हो । यस नाटकको जमदग्निको संवादबाट पुरुषप्रधान समाजमा पुरुषहरूको चित्रण गरिएको छ भने नारीपात्र रेणुकाको संवादबाट पुरुषहरूबाट दमित तथा नारीको दमित मनोवस्था स्पष्ट रूपमा बुझ्न सकिन्छ । परशुरामको संवादबाट एउटा पितृभक्त छोराको कर्तव्य थाहापाउन सकिन्छ । नाटकमा पात्र अनुकूलको भाषा प्रयोग भएको हुँदा संवादमा मिठास र व्यवहारिकता पाउन सकिन्छ ।

### ४.१.२.४ भाषाशैली

प्रस्तुत एकाङ्की नाटकको भाषाशैली संस्कृत नाट्यशास्त्रको नियमअनुसार छोटा, मिठा, पदहरूको प्रयोग भएको पाइन्छ । यसमा प्रवाहमय भाषाशैली रहेको छ । नाटकमा आलङ्कारिक माधुर्यगुणले भाषा प्रयोग गरिए पनि सरलपन हुनु यसको विशेषता मानिन्छ । सरल सहज भाषाशैली हुनुका साथै क्लिष्ट शब्दको प्रयोग नभएको हुँदा नाटक सुवोध्य रहेको छ ।

### ४.१.२.४ वातावरण

**मातृहत्याधारम्** एकाङ्की नाटकको कथावस्तु पौराणिक भएको हुँदा वातावरण पनि पौराणिक प्रस्तुत गरिएको छ । पौराणिक वातावरण अनुकूलका आश्रम, पर्णशालालगायतका दृश्यहरू रहेका छन् भने मातृहत्यापछि पुनःजीवित पार्न सकिने जस्ता पौराणिक पात्रहरूको व्यवहार पनि देखाइएको छ । नाटकमा पात्रहरूको मानसिक अवस्थालाई पनि चित्रण गरिएको छ । जमदग्निको मानसिक चोटका कारण रेणुकालाई मृत्युदण्ड दिइएको, रेणुकाको अतृप्त यौनचाहनाबाट उत्पन्न पिडा तथा परशुरामले मातृहत्याको अपराधबोधका कारण आमालाई पुनः जीवनदान दिन पितालाई गरेको आग्रह आदिको उल्लेख सटिक रूपमा गरिएको छ । प्रस्तुत एकाङ्की नाटक बाह्य वातावरणभन्दा आन्तरिक वातावरणमा जोड दिइएको पाइन्छ ।

### ४.१.२.६ उद्देश्य

**मातृहत्याधारम्** एकाङ्की नाटकको उद्देश्य पूर्वीय मान्यताअनुसार धर्म, अर्थ, काम, मोक्ष कुनै पुरुषार्थको प्रतिपादक हुनुपर्नेमा काम पुरुषार्थ भएको देखिन्छ । नाटककारले पुरुष समाजमा नारीलाई हेप्ने, दमन गर्ने जस्ता कार्यहरू त्याग गरी उनीहरूलाई पनि पुरुषसरह स्वतन्त्रत बाँच्न दिनुपर्छ भन्ने सन्देश दिने उद्देश्यले नाटक लेखेको पाइन्छ । यसरी हेर्दा नाटककारको पुरुषप्रधान समाजलाई परिवर्तन

गर्ने चाहना भएको देख्न सकिन्छ । साथै नारीहरूको स्थान समाजमा उच्च भयो भने मात्र सुन्दर देश निर्माण हुन्छ भन्ने नाटकको सार रहेको पाइन्छ ।

### ४.१.३ ***तमसो ज्योतिषि* नाटकको अध्ययन**

प्रस्तुत **तमसो ज्योतिषि** पूर्णाङ्की नाटक वि.सं. २०२६ मा त्रिभुवन विश्व विद्यालयद्वारा प्रकाशित **सुरभि**मा प्रकाशित भएको हो । त्रिभुवन विश्वविद्यालयको छैठौँ दीक्षात समारोहमा अभिनयका लागि लेखिएको जानकारी पाइन्छ । प्रस्तुत संस्कृत नाटकको अध्ययन **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ**मा वेणी माधव ढकालले नेपाली भाषामा गरेको समीक्षाबाट गरिएको छ । यस नाटकमा पञ्चायतकालीन नेपालको ग्रामीण समाजको कथावस्तुमा आधारित रहेको देखिन्छ ।

#### ४.१.३.१ **कथावस्तु**

प्रस्तुत **तमसो ज्योतिषि** पूर्णाङ्की नाटक पञ्चायतकालको पूर्वार्द्धको नेपाली ग्रामीण परिवेशमा रहेको सामाजिक कथावस्तुमा आधारित नाटक हो । कथावस्तुमा जम्मा सात कोशी अर्थात दृश्यहरू रहेका छन् । पहिलो दृश्यमा मुक्तिबहादुरको कलङ्कित चरित्र र उसबाट विक्षिप्त हुन पुगेको रघुनाथ, उसैबाट उपेक्षित भएकी टुहुरी भतिजी मैयालाई देखाइएको छ । मैयाले समाजलाई शोषकहरूबाट मुक्ति दिलाउन सबै शिक्षित हुनुपर्ने जानकारी गराउँदै रघुलाई पढ्नतर्फ प्रेरित गर्दछे । दोस्रो दृश्यमा धने तामाङ र पत्नी सेतीको कुराकानीबाट मुक्तिबहादुरले रघुको सम्पत्ति खाएको रहस्य खुल्छ । उनीहरू दुबेले मुक्तिबहादुरको चाकडी गर्नुभन्दा अन्तै जानु बेस ठान्दछन् । तेस्रो दृश्यमा मुक्तिबहादुरले रघुलाई मरणासन्न हुनेगरी पिट्छ त्यसपछि मैयाँलाई पिट्न थाल्छ । त्यसैबीच साँहिला घर्तीले उसको केही गल्ती छैन भन्दा आफै पाल न त भन्ने उत्तर दिन्छ । मुक्तिबहादुरलाई साहिँला घर्तीले वर्षको पाँचमुरी धान दिने शर्तमा मैयालाई लैजान्छ । मुक्तिबहादुरले धने तामाङको तमसुकमा झुक्काएर ल्याप्चे लगाउन बाध्य गराउँछ । चौथो दृश्यमा पाठशाला निरीक्षक र रघुको कुराकानी हुँदा रघुले मुक्तिबहादुरको सबैकुरा गरेपछि

पाठशाला निरीक्षकले आफूले सक्दो सहयोग गर्ने वचन दिन्छन् । पाँचौ दृश्यमा मुक्तिबहादुरको आपराधिक गतिविधि भ्रष्टाचार र व्यभिचारलाई देखाउँदै खुलेर विरोध गर्न थालेको तथा बिस्तारै मुक्तिबहादुर एक्लँदै गएको छ । समाज सुधारको प्रारम्भ देखाइएको छ । छठौँ दृश्यमा रघुनाथको सफलतामा सबैको हात रहेको तथा अशिक्षितको उद्धार गर्नु सबैको कर्तव्य रहेको रघुले भन्दछ । आफ्नो सफलताको प्रेरणाको स्रोत रघुले मैयाँलाई मानेको छ । सातौँ दृश्यमा रघुनाथको प्रयासबाट गाउँमा खुसियाली छाएको देखाइएको छ भने गाउँलेहरूले रघु र मैयाँको हुनुपर्ने विचार राख्दछन् । रघुले पहिले आफ्नो खुट्टामा उभिनुपर्ने, गाउँको विकास गर्नुपर्ने अनिमात्र बिहे गर्ने कुरामा विश्वस्त पारेको छ ।

४.१.३.२ **पात्र**

**तमसो ज्योतिषि** पूर्णाङ्की नाटकका पात्रहरूमा यसमा शिक्षित युवा रघुनाथ नायकको रूपमा, मैयाँ नायिकाको रूपमा, मुक्तिबहादुर जमिन्दार एवं प्रधानपञ्चका रूपमा, गौँथली मुक्तिबहादुरकी श्रीमतीका रूपमा, भैरव मुक्तिबहादुरको छोराको रूपमा, हरिप्रसाद, रुद्रनाथ र साँहिला घर्ती गाउँलेका रूपमा धने तामाङ सेवकका रूपमा, शंकर रघुनाथको शिष्यका रूपमा र सेती धने तामाङकी श्रीमतीका रूपमा तथा अन्य सहयोगी पात्रका रूपमा उपस्थित भएका छन् । प्रधानपञ्च मुक्तिबहादुर शोषकका रूपमा देखिन्छ भने रघु सङ्घर्षशील पात्र देखिन्छ । मैयाँको चरित्र गतिशील देखिन्छ । रघु, मैयाँ र शंकरजस्ता सुधारवादी युवायुवतीहरूको कठोर प्रयासपछि मुक्तिबहादुरको पतन भएको हुन्छ र शोषित गाउँलेहरूको विपन्नतामा सुधार गाउँको उन्नति भएको देखिन्छ ।

४.१.३.३ **संवाद**

**तमसो ज्योतिषि** पूर्णाङ्की नाटकको संवाद, नाट्यसंयोजन र प्रस्तुतिकरणका दृष्टिले गरिमाशाली छ । संवादले कथानकलाई अघि बढाउँदै चरित्रमा सशक्तता ल्याएको छ । सेतीले कीन तिमी चारे झैँ लुसुक्क आएको भन्ने र म तिम्रो मुटु

चोर्न आएको भन्ने संवादमा केही श्रृङ्गार रस भएको पाइन्छ । मुक्तिबहादुरको संवादमा अन्याय, अत्याचार देखिन्छ भने रघुको संवादमा सुधारवादी स्वर पाउन सकिन्छ । अन्य गाउँलेहरूको संवादमा सामाजिक यथार्थको चित्रण पाउन सकिन्छ । संवादमा कतै बनावटीपन पाइदैन सबै संवादहरू यथार्थ प्रतीत हुन्छन् त्यसैले संवादकलाका दृष्टिले नाटक पूर्ण सफल छ ।

#### ४.१.३.४ भाषाशैली

प्रस्तुत **तमसो ज्योतिषि** पूर्णाङ्की नाटकमा सरल भाषाको प्रयोग गरिएको छ । वाक्यरचनामा घुमाउरो पारा छैन र आलङ्कारिकता पनि ज्यादै कम रहेको छ । परिष्कृत शब्दचयन गरिएको छ । चिन्ह प्रयोगका दृष्टिले पूर्णविराम, अल्पविराम, अर्घविराम, प्रश्नवाचक, विस्मयादिवोधक आदि चिन्हको प्रयोगमा नाटककार निपूर्ण देखिन्छन् । नाटकमा प्रयोग गरिएको कारुणिक दृश्यले, अव्यक्त रूपमा फक्रिएको प्रेमले नाटकको भाषाशैलीलाई आह्लादकारी बनाएको छ ।

#### ४.१.३.५ वातावरण

**तमसो ज्योतिषि** पूर्णाङ्की नाटकमा पञ्चायतकालीन नेपालको ग्रामीण समाजको वातावरण प्रस्तुत गरिएको छ । नाटकमा ग्रामीण परिवेशको चित्रण गरिएको छ । यस नाटकमा शोषक र शोषित बीच मनोभावना, आवेग, संवेगको द्वन्द्वात्मक प्रस्तुतिको वातावरणको महत्त्वपूर्ण भूमिका देखाइएको छ । यसले व्यक्तिको मानसिक स्थितिको चित्रणमात्र होइन सामाजिक स्थिति र आर्थिक असमानतालाई पनि वातावरणले चित्रण गरेको छ । नाटकमा कोष्ठकका भनाइहरूले समाजका पात्रका मनोदशा र परिवेशको यथार्थ दृश्य प्रस्तुत गरेका छन् । नाटककारले नाटकका पात्रहरूको मनोभाव, दशैंको परिवेश, शोषकको अत्याचार र अमुक प्रेम अवस्था सबैको सन्तुलित रूपमा उल्लेख गरेका छन् । जसले गर्दा नाटकीय वातावरण सशक्त रूपमा प्रस्तुत भएको पाइन्छ ।

४.१.३.६ **उद्देश्य**

तोयनाथ पाण्डेको **तमसो ज्योतिषि** पूर्णाङ्की नाटकमा शिक्षाद्वारा स्वस्थ, समृद्ध र शिष्ट समाजको रचना गर्ने गराउने तर्फ सबैलाई अभिप्रेरित गर्नु नै नाटककारको उद्देश्य देखिन्छ । शिक्षाको माध्यमले समाजका कुतत्त्वहरूको निर्मूल, निराकरण गर्न सकिने कुरा रघुका मार्फत देखाउँदै व्यक्तिगत स्वार्थ नलिई ज्ञान र सीपद्वारा राष्ट्रको शैक्षिक विकास तथा शिक्षाको ज्योतिबाट गाउँ, समाज र राष्ट्रलाई नै ज्योतिर्मय बनाउनुपर्छ भन्ने सन्देश नाटककारको दिएको देखिन्छ ।

आ) **नेपाली नाटकहरूको अध्ययन**

४.१.४ ***अझै नेपाल कस्तो छ ?* नाटकको अध्ययन**

तोयनाथ पाण्डेयको साहित्यका विविध विधाहरू मध्ये नाटक क्षेत्रमा विशेष रुचि भएको पाइन्छ । उनको नाटक लेखन, निर्देशन र अभिनयमा समेत रुचि भएको पाइन्छ । यस अझै नेपाल कस्तो छ ? नाटकमा समाजमा रहेका सोझा निम्नवर्गीय परिवारले ठूलो पदमाजागिर खाने कुरा कल्पनामा मात्र सम्भव छ भन्ने कुराको चित्रण गरिएको छ । सर्वसाधारणले भोगेको अनुभवको सङ्केत गरिएको शीर्षक सार्थक देखिन्छ ।

४.१.४.१ **कथावस्तु**

**अझै नेपाल कस्तो छ ?** एकाङ्की नाटकमा नाटककारले सामाजिक विषयवस्तुमा आधारित भई नेपाली समाजको यथार्थ प्रस्तुत गरेका छन् ।

प्रस्तुत एकाङ्की नाटकको कथावस्थामा समसामयिक विषय जागिरलाई मुख्य रूपमा लिइएको छ । गाउँबाट अक्कल आफ्नी श्रीमतीको इच्छाअनुसार जागिर खान सहर आएको छ । उसलाई हरिले के जागिर खान्छौ ? भन्ने प्रश्न गर्दा सानोतिनो जागिर नखाने सबभन्दा ठूलो जागिर खाने भन्दछ । सबैभन्दा ठूलो जागिर मन्त्री हो भन्ने थाहा पाएपछि उसले मन्त्रीले गर्नुपर्ने कामको बारेमा सोध्छ । शङ्करले पनि अक्कलले बुझ्नेगरी अर्थमन्त्री, परराष्ट्रमन्त्री, यातायात मन्त्री आदिको काम घरव्यवहार अनुसार बताएपछि आफूले सबै विभागमा काम

गर्न सक्ने ठहऱ्याउँछ । हरिले बेलुका पाँचबजे तिर सिंहदरवार अगाडि बसेर आफ्नो इच्छाअनुसारको मन्त्री टिपेर खानु भनेपछि अक्कल उसँग रिसाउँछ । अक्कल रिसाएको देखेर हरिले यस राजधानीमा सर्वसाधारण, निम्नवर्गले जागिर साहुमहाजनका घर पसलमा मात्र पाइन्छ भन्दै नेपालको रोजगारको समस्यालाइ्र छर्लङ्ग रूपले देखाइएको छ ।

यसरी, मध्यम तथा निम्नवर्गको जागिर खाने इच्छा इच्छामै रहेको र नेपालको रोजगारको अवस्थाको चित्रण गरिएको छ ।

४.१.४.२ **पात्र**

प्रस्तुत **अझै नेपाल कस्तो छ ?** एकाङ्की नाटकमा अक्कल हरि र शङ्कर गरी तीनजना प्रमुख पात्रहरू रहेका छन् । अक्कल गाउँको सोझो निम्नवर्गीय सामान्य व्यक्तिको रूपमा देखिन्छ भने हरि र शङ्कर केही पढेलेखेका नेपालको परिस्थिति बुझ्ने तथा बेरोजगार युवाहरूका रूपमा देखिन्छन् । ग्रामीण परिवेशबाट सहरमा आएको पात्र अक्कलको प्रश्नको उत्तर दिने क्रममा हरि र शङ्करले नेपालमा रहेको रोजगारको समस्याले पीडित युवाहरूको स्थिति स्पष्ट रूपले चित्रण गरेका छन् ।

४.१.४.३ **संवाद**

प्रस्तुत एकाङ्की नाटक **अझै नेपाल कस्तो छ ?** पूर्ण रूपमा संवादात्मक छ । नेपालका यूवाहरूको वेरोजगारको स्थिति संवादका रूपमा प्रस्तुत गरिएको छ । नेपालका मध्यम तथा निम्नवर्गीय परिवारको स्थिति तथा उनीहरूको जागिर खाने ठूलोमान्छे बन्ने इच्छा कल्पनामा मात्र सीमित हुने कुरा अक्कलको संवादबाट जानकार्रा पाउन सकिन्छ । राजधानीमा सर्वसाधारणका लागि पाइने जागिर भनेकै भाँडामाझ्ने हो भन्ने भाव यसको संवादबाट जानकारी पाइन्छ ।

### ४.१.४.४ भाषाशैली

**अझै नेपाल कस्तो छ ?** एकाङ्की नाटकमा नाटककारले सरल र सहज भाषाशैली प्रयोग गरेका छन् । हरि र शङ्करका भाषामा तार्किकता र बौद्धिकताको प्रयोग गरिएको छ । अक्कलले बोलेको भाषामा ग्रामीण परिवेशको आभाष पाइन्छ । प्रस्तुत नाटकको संवाद छोटाछोटा सरल वाक्यको प्रयोग भएकाले पाठकहरूका लागि सम्प्रेष्य र सुवोध्य छ । नेपालको बेरोजगारी अवस्थाप्रति व्यङ्ग्यात्मक शैली प्रस्तुत गरिएको छ । विशेष गरी अक्कलको भाषामा निम्नवर्गीय शैली तथा अशुद्ध भाषाको प्रयोग भएको पाइन्छ । शब्दहरूको प्रयोगको दृष्टिले प्रायः अभिधा शब्दशक्तिको बाहुल्य रहे पनि कतै व्यञ्जना शबदशक्तिको पनि प्रयोग भएको छ ।

### ४.१.४.५ वातावरण

प्रस्तुत **अझै नेपाल कस्तो छ ?** एकाङ्की नाटकको वातावरण शहरिया रहेको छ । नाटक शहरीया परिवेशमा घटित घटनालाई लिइएको छ । यस नाटकमा ठूलावडा, उच्चवर्गले निम्नवर्ग तथा सर्वसाधारणलाई भाँडा माझ्ने काम लगाउने, शोषण गर्ने मानसिकता प्रस्तुत गरिएको छ । निम्नवर्गहरूलाई पनि जागिर खाने ठूलोमान्छे बन्ने मानसिकता रहेको परिवेश देखाइएको छ ।

### ४.१.४.६ उद्देश्य

**अझै नेपाल कस्तो छ ?** एकाङ्की नाटकको मुख्य उद्देशय नेपालको सामाजिक समस्या देखाई त्सको व्यवस्थामा सुधार गर्नुरहेको देखिन्छ । युवाशक्ति भनेको सबैभन्दा ठूलो शक्ति हो यिनीहरूलाई बेरोजगार राख्नु हुँदैन सबैलाई रोजगार दिई समाजमा परिवर्तन ल्याउनुपर्छ भन्ने उद्देश्य प्रस्तुत गरिएको छ । तल्लोस्तरको वा निम्नवर्गको व्यक्ति भएपनि उसमा काम गर्न सक्ने क्षमता छ भने

उसलाई काम दिई समाजको सुधार देशको समेत उन्नति हुने कुरा देखाउँदै नेपालको प्रगतिको लागि उच्च विचार नाटककारले राखेको देखिन्छ ।

### ४.१.५ *अप्ठयारो गृहस्थी* नाटकको अध्ययन

तोयनाथ पाण्डेयको **अप्ठ्यारो गृहस्थी** पूर्णाङ्की नाटक हो । यस नाटकमा समसामयिक विषय घर व्यवहारको समस्यालाई अप्ठ्यारो रूपमा प्रस्तुत गरिएकोले नाटकको शीर्षक सार्थक देखिन्छ । प्रस्तुत नाटकमा अशिक्षा, अन्धविश्वास, वालविवाहजस्ता कारणले जुनसुकै गृहस्थी पनि जटिल बन्न सक्छ भन्ने सङ्केत मिल्दछ ।

#### ४.१.५.१ कथावस्तु

प्रस्तुत **अप्ठ्यारो गृहस्थी** नाटकको कथावस्तु सामाजिक यथार्थमा आधारित रहेको छ । यसमा जम्मा तीन दृश्य रहेका छन् । पहिलो दृश्यमा विश्वनाथ बिरामी छोराको छेउमा बसेका छन् भने अर्को छोरा माधवले औषधि किनेर ल्याएको छ । उनकी श्रीमती मधुरभाषिणी भने झारफुक, झाँक्रीहरूमा विश्वास गर्दै औषधिप्रति अविश्वास गरेको तथा आफूलाई सबैले हेला गरेको अनुभव गरेकी छिन् । दोस्रो दृश्यमा दाताराम एकदमै लोभी देखिएका छन् । उनकी श्रीमती सुकेशीको पेट दुख्दा, छोराको खुट्टा काटिदा समेत पैसा खर्च गर्न चाहँदैनन् । दृश्य तीनमा विश्वनाथ गृहस्थीको बोझबाट उम्कन जोगी बनेका छन् भने दाताराम पनि जोगीको भेषमा  छन् । दुबैको भेट हुन्छ । त्यसैबेलामा महात्माले उनीहरूको भेषको जानकारी पाएपछि उनीहरू गृहस्थाश्रमबाट भाग्न लागेको भन्दै योगाश्रम कठीन भएको जानकारी गराए । महात्माले उनीहरूलाई व्यक्तिवादी नभई समाजको सेवा गर्न आग्रह गरे । यो सबै समस्या शिक्षाको कमिले गर्दा भएको बताउँदै सबैलाई शिक्षित बनायो भने समाज सुखी हुने कुरा बताउछन् । त्यसपछि विश्वनाथ र दातारामको समाजसुधारको नयाँ विचार आएपछि नाटकको अन्त्य भएको छ ।

४.१.५.२ **पात्र**

**अप्ठयारो गृहस्थी** पूर्णाङ्की नाटकका मुख्य पात्रहरू विश्वनाथ, मधुरभाषिणी, दाताराम, सुकेशी, महात्मा रहेका छन् भने गौण पात्रहरूमा माधव, गोपाल, कान्छो छोरो, भाउजु रहेका छन् । विश्वनाथ गाउँका एक साधारण शिक्षक हुन् भने उनकी श्रीमती झगडालु, असन्तोषी, अन्धविश्वासी खालकी छिन् । दाताराम लोभी, कञ्जुस प्रवृत्तिको छन् भने सुकेसी सामान्य प्रकृतिकी देखिन्छिन् । महात्मा एक कुशल मार्गदर्शकका रूपमा देखाइएको छ ।

मधुरभाषिणीले छोरा बिरामी पर्दा झाँक्रीहरू कहाँ, जोगीहरूकहाँ झारफुक गरेर ठिक हुने कुरामा विश्वास गर्छिन् । परिवारका सदस्यहरूका व्यवहारप्रति असन्तोष व्यक्त गर्ने गर्दछिन् । विश्वनाथ सामान्य किसिमको देखिन्छन् श्रीमतीको असन्तोषी बानीले गर्दा घरको अबस्था बिग्रिएको अनुभव गरेका छन् । दाताराम एकदमै कञ्जुस छन् उनको परिवारमा खानेकुरा कपडाका साथै मान्छे मर्दासमेत पैसा खर्च गर्न चाहदैनन् । सुकेशी पैसामात्र सबैथोक नभएको कुरा दातारामलाई सम्झाउछिन् । महात्मा विश्वनाथ र दातारामलाई योग लिनुभन्दा शिक्षित समाज निर्माण गर्ने मार्गदर्शकको चरित्रको रूपमा देखिन्छन् भने अन्य पात्रहरू सहयोगी पात्रका रूपमा उपस्थित भएका छन् ।

४.१.५.३ **संवाद**

प्रस्तुत **अप्ठयारो गृहस्थी** पूर्णाङ्की नाटकको संवादमा प्रवाहममता पाइन्छ । नाटकमा गृहस्थी समस्याको उद्घाटन संवादद्वारा देखिन्छ भने समस्या समाधानको आरम्भ पनि संवादबाटै भएको पाइन्छ ।

नाटकमा सामाजिक यथार्थको प्रतिबिम्बन भएको छ । एउटा घर गृहस्थीमा श्रीमतीको भूमिका कस्तो हुनुपर्छ र के कारणले गृहस्थीमा अप्ठ्यारो स्थिति आउँछ भन्ने पक्षलाई संवादमा समेटिएको छ । नाटकमा सरल र सहज संवादको प्रयोग गरिएकोले संवादकलाका दृष्टिले नाटक पूर्णसफल देखिन्छ ।

### ४.१.५.४ भाषाशैली

**अप्ठयारो गृहस्थी** पूर्णाङ्की नाटकमा दैनिक व्यवहारमा प्रयोग गरिने चलनचल्तीको कथा भाषा प्रयोग बढी गरिएको छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरू तथा बीच-बीचमा प्रयोग भएका उखान टुक्काले भाषामा मिठास ल्याएको छ ।

नाटकको शैली विचारप्रधान रहेको देखिन्छ । नाटककारले आफ्नो विचारलाई विभिन्न शैलीबाट प्रस्तुत गरी पाठकलाई प्रभाव पारेका छन् । महात्माको तपाईं दुबैको यो वैराग्यको बेगला-बेग्लै विषय भएपनि समस्याको एउटै कारण अशिक्षा हो भन्ने सामान्य भाषाशैलीका माध्यमबाट विशिष्ट विचार पाठकलाई दिएको देखिन्छ । यसरी सामान्य भाषाशैलीको प्रयोग भएपनि नाटकको भाषाशैली समग्रमा हेर्दा स्तरीय देखिन्छ ।

### ४.१.५.५ वातावरण

**अप्ठयारो गृहस्थी** पूर्णाङ्की नाटकमा सामाजिक, मानसिक तथा आर्थिक पक्षको उद्घाटन गर्ने वातावरण प्रयोग भएको छ । नाटकमा पारिवारिक वातावरणको प्रयोग गरिएको छ । परिवारमा अशान्ति, बिरामी, मृत्युजस्ता घटनाहरू प्रस्तुत गरिएको छ । पात्रहरूका मनोभाव, आवेग, संवेगको द्वन्दात्मक प्रस्तुतिको वातावरण देखाइएको छ । पहिलो दृश्यमा विश्वनाथको परिवार दोस्रो दृश्यमा दातारामको परिवार र तेस्रो दृश्यमा जोगीको भेषको तथा घरपरिवारको परिस्थितिको वातावरणमा ग्रामीण परिवेश प्रस्तुत गरिएको छ ।

### ४.१.५.६ उद्देश्य

पाण्डेको **अप्ठयारो गृहस्थी** पूर्णाङ्की नाटक सामाजिक समस्यामा आधारित छ । नाटकको मुख्य उद्देश्य अशिक्षित समाजको परिणाम देखाई समाजलाई शिक्षित बनाउने तर्फ पाठकलाई प्रेरित गर्नु रहेको देखिन्छ । साथै पैसामात्र सबै नभई पारिवारिक सुख शान्ति नै सबभन्दा महत्त्वपूर्ण कुरा हो भन्ने कुरामा सचेत

गराउनु र बालविवाह तथा अनमेल विवाहबाट हुने परिणामको जानकारी पाठकलाई गराउनु नाटकको उद्देश्य रहेको देखिन्छ । जसबाट नाटककारले देशलाई उन्नति, प्रगतितर्फ बढाउन चाहेको देखिन्छ ।

### ४.१.६ ***यमराजको नयाँ खोज* नाटकको अध्ययन**

तोयनाथ पाण्डेयको **यमराजको नयाँ खोज** एकाङ्की नाटक वि.सं. २०२५ भाद्र २ गते आरम्भ भई भाद्र ५ गते समाप्त भएको साथै २०२५ भाद्रमा श्री ५ बडामहारानीको जन्मोत्सवका उपलक्ष्यमा गोरखा नाटक समितिद्वारा खेलिएको भनी नाटकको पाण्डुलिपीमा लेखिएको छ । पाण्डुलिपीमा हास्यमा खेल्ने मानिसहरूको नाम पनि टिपिएको पाइन्छ भन्ने उल्लेख भएको छ । यसबाट वि.सं. २०२५ भाद्रमा रचिएको यो हास्य नाटक त्यही महिनामै खेलाइएको जानकारी हुन्छ ।

एकाङ्कीमा यमलोक र मर्त्यलोकका यथार्थहरू देखाइएको छ । यमराजलाई मर्त्यलोकका नयाँ कुरा हेर्ने चाहना हुँदा ल्याइएका नयाँ कुराले मर्त्यलोकका विकृति विसङ्गतिलाई देखाइएको छ ।

#### ४.१.६.१ **कथावस्तु**

**यमराजको नयाँ खोज** एकाङ्की नाटक काल्पनिक कथावस्तुमा आधारित छ । यसमा मत्यलोक अर्थात् नेपालमा हुने गरेको विकृतिलाई नै विषय बनाइएको छ । प्रारम्भमा यमराजलाई मर्त्यलोकको नयाँ कुरा हेर्ने इच्छा भएको हुँदा चित्रगुपतले दूतहरूलाई नयाँ कुरा ल्याउन मत्यलोक पठाइएको पाइन्छ । यमराज र चित्रगुप्तबीच कुराकानी हुँदा चित्रगुपतको अङ्ग्रेजी मिसिएको भाषालाई यमराजले बुझ्न नसकेपछि आजभोलि यस्तै भाषा प्रचलनमा रहेको चित्रगुप्तले जानकारी गराउछन् । चित्रगुप्तले मर्त्यलोकमा आफ्नो भाषा छोडेर मित्रराष्ट्रको भाषा प्रयोग गर्ने कुरा बताएपछि यमराजले मर्त्यलोकको सम्बन्धले आफ्नो परम्परा बिग्रिएको अनुभव गर्दछन् । यसैक्रममा चित्रगुप्तले मर्त्यलोकमा विभिन्न जनावरको

मासु रक्सी खाने, देवीदेवताको मूर्ति चोरेर विदेशमा बेच्ने जस्ता काम हुने बताएपछि यमराजलाई साह्रै रिस उठेको हुन्छ । यसैबीचमा मर्त्यलोकमा नयाँ कुरा आइपुग्छन् । पहिलो कुरा परिवार नियोजनको डाक्टरले कुनै पुरुषको अप्रेशन गर्दा पनि उसको तीनवटा बच्चा जन्मिएको बताउँछ, दोस्रोमा घाँस खाने मानिस आउँछ उसले आफ्नो भुँडीअप्रेसन गर्दा खसीको भुँडी हालेर घाँस खान थालेको बताउँछ अर्को कुरामा सानो ठीटोले बूढी आईमाईलाई बूढी भनेको कारण सोध्दा टाउकोको अप्रेशन गरेपछि उसको अघिल्लो जन्मकी बूढी याद आएको बताउछ । अर्की भद्र महिलाले आफ्नो सुन्दरताको कारणबाट विभिन्न पसलमा चोरी गर्ने थाहा पाएपछि यमराजले आफ्नो विधानमा संशोधन ल्याउनुपर्ने जानकारी गराएपछि नाटकको अन्त्य भएको छ । यसरी, पञ्चायत कालमा मर्त्यलोक अर्थात् नेपालमा दिनप्रतिदिन बढ्दै गएको विकृति, विसङ्गतिलाई नाटककारले स्पष्ट रूपले देखाएका छन् ।

४.१.६.२ **पात्र**

**यमराजको नयाँ खोज** एकाङ्की नाटकमा यमराज, चित्रगुप्त, यमदूत, डाक्टर, घाँसेमान्छे, केटो, बुढिया, महिला पात्रहरू रहेका छन् । यमराज यमलोकको मुख्य व्यक्ति रहेको छ । उसले मोजमस्तीमा आफ्नो दिनचर्या बिताउन चाहन्छ । उसको चरित्र पञ्चायतकालीन शासकहरू समान भएकोले व्यङ्ग्यात्मक रूपमा यमराजको चित्रण गरिएको छ । चित्रगुप्त यमलोकको व्यवस्थापन हेर्ने तथा मर्त्यलोकको जानकारी यमराजलाई दिने पात्रको रूपमा देखिन्छ । यमदूत यमराजको दूत अर्थात् सहयोगी तथा यमराजको आज्ञापालन गर्ने पात्रको रूपमा देखिन्छ । डाक्टर मर्त्यलोकका डाक्टरहरूले गर्ने लापरवाहीको प्रतिनिधित्व गर्ने पात्र हो, जसले त्यहाँका विरामीको उपचार गर्ने क्रममा लापरवाही गर्दछन् । घाँसे मान्छे, केटो, मर्त्यलोकका डाक्टरका लापरवाहीका भोगी पात्रका रूपमा देखिन्छन् भने बुढिया साधारण पात्रका रूपमा देखिन्छे । सभ्य महिला मर्त्यलोकका महिलाहरू सुन्दरताको फाइदा उठाउने चरित्रका रूपमा देखिन्छे । यसरी विभिन्न

पात्रहरूका माध्यमबाट छिमेकी देशको प्रभाव तथा विकृतिका कारण बढिरहेको लापरवाहीको चित्रण गरिएको छ ।

### ४.१.६.३ संवाद

**यमराजको नयाँ खोज** एकाङ्की नाटकका पात्रको संवाद प्रायः स्तरीय भाषामा रहेको छ । यमराजको संवादमा यमलोकीयपन पाउन सकिन्छ भने चित्रगुप्तको संवादमा प्रभावात्मकता पाइन्छ । मर्त्यलोकका मानिसहरूको संवादबाट सामाजिक यथार्थको व्यङ्ग्य पाउन सकिन्छ । डाक्टर, घाँसे, केटोको संवादबाट डाक्टरहरूको बिरामीप्रति हुने लापरवाहीको जानकारी पाउन सकिन्छ । यमराजको नयाँ कुरा हेर्ने संवादबाट नेपालका पञ्चायती शासकहरूको समान यथार्थ देखाइएको छ ।

### ४.१.६.४ भाषाशैली

प्रस्तुत **यमराजको नयाँ खोज** एकाङ्कीको भाषाशैली स्तरीय खालको पाइन्छ । यमराजको भाषामा यमलोकीय भाषाशैली पाइन्छ भने चित्रगुप्तको भाषामा मर्त्यलोकको प्रभावबाट अङ्ग्रेजी शब्दको मिश्रण भएको छ जसले गर्दा भाषामा मिठास ल्याएको छ । डाक्टर, घाँसे केटोको भाषामा हास्यव्यङ्ग्य शैली रहेको पाइन्छ । नाटकमा तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरिए पनि नाटक जटिल नभई सरल, सहज र अल्हादकारी बन्न पुगेको छ ।

### ४.१.६.५ वातावरण

**यमराजको नयाँ खोज** एकाङ्की नाटकमा मुख्य रूपले मानिसको मृत्यूपछिको यमलोकको वातावरण देखाइएको छ । यमलोकमा यमराज, चित्रगुप्त र यमदूत जस्ता पात्रहरूको क्रियाकलाप र त्यहाँको दण्ड व्यवस्थाको वातावरण चित्रण गरिएको छ । मत्यलोकको चोरी, कुलत, लापरवाहीजन्य वातावरण

देखाइएको छ । मर्त्यलोकमा मित्रराष्ट्रको प्रभाव बोली, व्यवहार र नाममा समेत परेको प्रभावित वातावरण देखाइएको छ । नाटकमा परिवेश तथा यमराजको पञ्चायती शासक समान मनस्थिति रहेको देखाइएको छ ।

#### ४.१.६.६ उद्देश्य

**यमराजको नयाँ खोज** एकाङ्की नाटकमा मर्त्यलोक अर्थात् पृथ्वीमा हुने मूर्ति चोरी, विभिन्न कुलतहरू तथा डाक्टरजस्ता ठूला व्यक्तिबाट बिरामीप्रति हुने लापरवाहीलाई पञ्चायती शासनको व्यञ्जनका रूपमा प्रस्तुत गरी उक्त व्यवस्थाबाट पाठकलाई सचेत भई सुधार गर्नुपर्ने जानकारी गराउने उद्देश्य नाटककारको देखिन्छ । मर्त्यलोकबाट ल्याइएका नयाँ मान्छेहरूबाट पाठकलाई मनोरञ्जन दिने तथा समाजका समस्याहरूलाई निर्मूल गरी स्वस्थ, स्वच्छ समाज निर्माण गर्नुपर्ने सन्देश नाटककारले दिएको पाइन्छ ।

### ४.१.७ *इमान* नाटकको अध्ययन

तोयनाथ पाण्डेयको **इमान** पूर्णाङ्की नाटक । यस नाटकमा समाजमा रहेका यूवावर्गले आफ्नो समाजप्रतिको इमान छोडी कुलत, कुसंस्कारमा फसेका छन् भन्ने जानकारी गराइएकोले शीर्षक सार्थक देखिन्छ । युवावर्गले समाजको उन्नति चाहेमा समाज, देशलाई नै धेरैमाथि उठाउन सकिन्छ भन्ने कुरा नाटकमार्फत प्रस्तुत गरिएको छ ।

#### ४.१.७.१ कथावस्तु

**इमान** नाटकको कथावस्तु सामाजिक विषयवस्तुमा आधारित रहेको छ । नाटकमा जम्मा तीन दृश्यहरू रहेका छन् । पहिलो दृश्यमा माहिली घर्तिनी बिरामी हुन्छे, उसलाई पुतलीले स्याहार गरेको प्रसङ्ग रहेको छ । माहिली घर्तिनीलाई रोगले बढी च्यापेपछि आत्तिएकी पुतलीले ठूलाबाजेलाई बोलाउछे;

उसले माहिली घर्तिनीलाई केही घरेलु औषधी खुवाएपछि अलि ठीक हुछ । रामे र ठुलाबाजेले त्यस घरको अव्यवस्थित परिवारका कारण दुःख भोग्नुपर्ने अवस्था आएको जानकारी गराएका छन् । गोकर्णले अस्पतालको माग गरी स्वस्थ समाज बनाउन चाहेको व्यक्त गर्दै युवा जोस देखाएको छ ।

दोस्रो दृश्यमा गोपी आफ्ना गँजडी साथीहरूसँग गाँजा खादै गरेको छ । गोकर्णले गोपीलाई युवाशक्तिको महत्त्व बुझाउँदै उनीहरूले चाहेमा देशलाई माथि उठाउन र बिगार्न सक्छन् भन्दै आफ्नो जन्मभूमी प्रति, राष्ट्रभाषा प्रति इमान राख्नुपर्ने कुरा सम्झाउछ । ठूलाबाजेले पनि गाँजाले स्वास्थ्यसमेत बिगारेको बताउँदै गाँजा छोडेर सत्कर्ममा लाग्न र मानव भएर माववताप्रति इमान राख्न भने पछि उनीहरूले आफ्नो गल्ती स्वीकार गरी गाउँलाई उज्यालो बनाउने प्रण गर्छन् । ठूलाबाजेले हाम्रो हिन्दुराष्ट्रमा जातित्वको आडमा निम्नवर्गप्रति अन्याय गर्नु हुँदैन भन्दै परोपकार, त्याग, निर्लोभ र आत्मगौरव ब्राह्मण धर्मको कर्तव्य हो भनेका छन् । उनले परोपकार ठूलो धर्म हो यस्तो पवित्र कार्यमा पछि हट्नुहुँदैन भनेपछि मदनप्रसाद औषधालय निम्ति चन्दा दिन राजी हुन्छन् ।

तेस्रो दृश्यमा गाउँमा ट्रेनिङमा आएको कर्मचारीले जुा, चोरी, जारी, गाँजा रक्सी जस्ता समस्या आफै ठीक हुने कुरा बताएपछि उसलाई गोकर्णले इमान फाल्न आएको ठान्दछ । टङ्केले माहिलीलाई रगताम्य पारेको देखेर गोकर्णले अरूलाई सुमार्गमा ल्याउने बेलामा आफै यस्तो गर्ने भनेपछि टङ्केको आँखा खुल्छ अनि प्रायश्चित गरेर नाटक टुङ्गीएको छ । कथावस्तुमा समाजका कुलतमा लागेकाहरूलाई सुमार्गतिर लाग्न सन्देश प्रवाहित भएको छ ।

### ४.१.७.२ **पात्र**

**इमान** नाटकका प्रमुख पात्रहरूमा ठुलाबाजे, गोकर्ण, गोपी, बैकुण्ठनाथ मदनप्रसाद, टङ्के, माहिली घर्तिनी पर्दछन् भने सहायक पात्रहरूमा रामे, लट्टे, खट्टे, सुइखुट्टे, कर्मचारी, पुतली, काँहिली रहेका छन् ।

ठुलाबाजे प्रधानपञ्च हुन्, उनले गाउँमा परेको दुःख, बिरामी पर्दा हेरफेर गर्दछन् । गोकर्ण पञ्चायतको सदस्य हो, उसको गाउँमा कुलतमा लागेकालाई सुमार्गतिर लाग्न प्रेरित गर्ने गाउँको उन्नति प्रगति चाहने युवा हो । गोपी गाँजाको कुलतमा फसेको र अन्त्यमा आफ्नो बानी सुधार गर्ने युवा हो । बैकुण्ठनाथ एउटा जातिका आधारमा उच नीच ठान्ने व्यक्ति हो अन्त्यमा कुरा बुझेको पात्रका रूपमा देखिन्छ । मदनप्रसाद धनी भएर पनि गाउँको प्रगतिमा समेत चन्दा दिन लोभ गर्ने व्यक्ति हो जसले घर, श्रीमतीप्रति कुनै प्रवाह गरेको देखिँदैन तर अन्त्यमा आफ्नो भूल स्वीकार गरेको छ । माहिली घर्तिनी सोझी तथा बिरामी स्त्री हो । यसमा पात्रहरू गतिशील रूपमा प्रस्तुत भएका छन् भने अन्य सहायक पात्रहरू सहयोगीका रूपमा प्रस्तुत भएका छन् । उपर्युक्त पात्रहरूका माध्यमबाट गाउँको बिग्रदो अवस्था देखाउँदै अन्त्यमा गाउँका युवाहरू सुमार्गमा लागेपछि समाज सुधारिएको देखाइएको छ ।

### ४.१.७.३ **संवाद**

प्रस्तुत **इमान** पूर्णाङ्की नाटक पूर्ण रूपमा संवादात्मक छ । संवाद बनावटी नभई सामाजिक यथार्थको प्रतिबिम्बन भएको छ । गोकर्णको संवादबाट समाजका यूवावर्गहरू निकै शक्तिशाली हुन्छन् । उनीहरूले चाहेमा गाउँलाई निकै माथि उठाउन सक्छन् भन्ने कुरा स्पष्ट हुन्छ । रामेको संवादबाट आफ्नो इमान बिर्सेर कुलतमा लागे भने पुरै गाउँलाई नै नष्ट बनाउछन् भन्ने समस्याको उद्घाटन भएको देखिन्छ । नाटकको संवादबाट गाउँलेहरूले एकलाई अप्ठ्यारो पर्दा अर्कोले सहयोग गर्ने पक्षलाई देखाइएको छ । नाटकमा सरल संवादको प्रयोगले गर्दा नाटक बढी प्रभावकारी रहेको देखिन्छ ।

### ४.१.७.४ **भाषाशैली**

प्रस्तुत **इमान** नाटकको भाषाशैली सरल, स्पष्ट र संवादात्मक रहेको छ । यसमा कथ्य र स्तरीय दुबै प्रकारको भाषा प्रयोग भएको छ । ठूलाबाजेको भाषामा

कथ्यभाषाको प्रयोग भएको पाइन्छ । ठूलाबाजेको भाषामा कथ्यभाषाको प्रयोग भएको पाइन्छ । गोपी, सुइखुट्टे, लट्टे, खट्टेका भाषामा अशुद्ध कथ्य भाषाहरू महादेवलाई मादेव, महाभारतलाई माभारत प्रयोग गर्नुका साथै चाइञ्जो किनभने जस्ता थेगो प्रयोग गरेको पाइन्छ । गाउँमा आउने कर्मचारीको भाषामा अङ्ग्रेजी शब्दहरू ट्रेनिङ, अकाउनिङ टिचिङ मेथड, फिल्ड आदि प्रयोग भएको पाइन्छ । गोकर्णको भाषामा स्तरीयता पाउन सकिन्छ । यसरी, नाटकमा संस्कृत तत्सम, तदभव र आगन्तुक शब्दहरू तथा विभिन्न टुक्काहरूको प्रयोगले भाषिक मिठास ल्याएको छ ।

४.१.७.५ **वातावरण**

**इमान** पूर्णाङ्की नाटकमा सामाजिक तथा आर्थिक पक्षहरू समेटिएको वातावरण प्रस्तुत गरिएको छ । नाटकमा ग्रामीण परिवेशमा विभिन्न परिवारको पारिवारिक वातावरणको प्रयोग गरिएको छ । परिवारमा बिरामी, जड्याहा, गँजडीका घटनाहरूको प्रस्तुतिले पारिवारिक वातावरण अस्तव्यस्त देखाइएको छ । गाउँमा अस्पताल खोल्न चाहने गोपीलाई समेत मद्दत गर्न नचाहने परिवेश देखाइएको छ । आफ्नो इमान समेत बिर्सेर कुलतमा लागेका पात्रहरू नाटकको अन्त्यमा आफ्नो भूल स्वीकार गरेको वातावरण प्रस्तुत गरिएको छ ।

४.१.७.६ **उद्देश्य**

**इमान** पूर्णाङ्की नाटक पारिवारिक तथा सामाजिक समस्यामा आधारित छ । यस नाटकको मुख्य उद्देश्य समाजका युवावर्ग देशका कर्णधार हुन्, उनीहरू कुलतमा लागेमा समाज अप्ठ्यारो स्थितिमा देखापर्छ । युवावर्ग शिक्षित र सुमार्गतिर अग्रसर भएमा समाज तथा देशलाई नै उन्नतिमार्गमा लैजान सकिन्छ भन्ने सन्देश दिनु रहेको छ । समाजका हुनेखाने व्यक्तिले आफ्नो स्वार्थ मात्र नहेरी समाजको उन्नति प्रगतिमा समेत ध्यान दिनु पर्छ भन्ने कुरा पाकालाई जानकारी दिएको छ । नाटककारको उद्देश्य समाजलाई शिक्षित तथा विकसित बनाउन

सकेमा मात्र देशको विकास हुने कुराको जानकारी गराउँदै समाज सुधारमा मुख्य गरी युवावर्गलाई प्रेरित गर्ने रहेको देखिन्छ ।

### ४.१.८ ***संयोग* नाटकको अध्ययन**

तोयनाथ पाण्डेयको **संयोग** पूर्णाङ्की नाटक हो । यस **संयोग** नाटकमा श्लेष अर्थ रहेको जानकारी नाटककारले दिएका छन् । उनले मुख्य रूपमा पञ्चायती व्यवस्था तथा मुलुकी ऐनको किन आवश्यकता पऱ्यो ? भन्ने प्रश्नको उत्तरमा यो नाटक लेखिएको जानकारी गराएका छन् । साथै नाटकमा नायक सानापण्डित र नायिका सान्नानीको मृत्युको घटनालाई पनि संयोग मानिएको छ । त्यसैले **संयोग** शीर्षक सार्थक देखिन्छ । नाटकमा पञ्चायत अघिको शासकको समाजलाई गरेको शोषण स्पष्ट देखाएका छन् ।

#### ४.१.८.१ **कथावस्तु**

पाण्डेयले **संयोग** पूर्णाङ्की नाटकमा पञ्चायतपूर्वको समाजको विषयवस्तु चयन गरी सामाजिक चिन्तनलाई आधार बनाएका छन् । प्रस्तुत नाटकको कथावस्तु जम्मा पन्ध्र दृश्यमा अन्त्य भएको छ । दृश्य एकमा साना पण्डित र शिवको कुराकानीमा सानापण्डितले शान्तिमा क्रान्ति लीन छ भन्दै शोषकहरूले देवत्वको आधारमा दानवतासम्म पुग्न चाहेको र लाटासुधालाई सर्वनासकाको खाडलतिर तान्न चाहेको देखिन्छ । दृश्य दुईमा केशवले आफ्नो मान्छे ठूलो पदमा भएमा राम्रो अवसर पाइने कुरा चित्रण गर्दै गोविन्दसँग गुनासो गर्दछ । दृश्य तीनमा सान्नानीले रामेबाट साना पण्डितको हाल थाहापाएर विष खाने इच्छा गर्दछे । दृश्य चारमा रामेले रामनाथलाई सुब्बाले पैसा पाएपछि काम बन्ने कुरा बताउछ । दृश्य पाँचमा साना पण्डितले समाजमा साक्षरले निरक्षरप्रति शोषण गरेको बारेमा गाउँलेहरूलाई स्पष्ट पार्छन् । दृश्य छ मा साना पण्डितले नाचलाई जीवनको एउटा अङ्गका रूपमा हेरेका छन् । दृश्य सातमा सान्नानीसँग सुब्बा रविलालले बिहा गर्ने चाहना गर्छ । दृश्य आठमा रविलालले गहना धेरै बनाएर सान्नानीलाई लोभ्याउन चाहन्छ । दृश्य नौमा साना पण्डितले शिक्षाको महत्त्व स्पष्टसँग गाउँलेहरूलाई बताउछन् । दृश्य दशमा केशवले गोविन्दको बाबुको गल्ति औंल्याइदिन्छ । दृश्य एघारमा गाउँलेहरूले रविलालको व्यवहारप्रति विद्रोह गरेपछि पैसा बोकेर जङ्गलको बाटो भाग्दा आफ्नै बाँधाले पैसा चोर्दा साना पण्डितले पैसा बचाइदिन्छ । दृश्य बाह्रमा सान्नानी र सानाबाबुको प्रेमलाई

प्रतीकात्मक रूपमा देखाइएको छ । दृश्य तेह्रमा सानोबाबुले सान्नानीलाई समाजका लागि केही समय पर्खन आग्रह गर्छ । दृश्य चौधमा रविलालले सान्नानीसँग बिहे गर्न थाल्दा सान्नानीले आत्महत्या गर्दछे भने दृश्य पन्ध्रमा साना पण्डितले आफ्नै हातले सान्नानीको हत्या गरेको स्वीकार गर्दै देहत्याग गर्दछ । यी दुबैको मृत्युलाई संयोग मानिएको छ । यसरी, नाटककारले सामन्ती पुँजीवादी चिन्तनले समाजमा ल्याएको विकृति देखाएका छन् ।

### ४.१.८.२ **पात्र**

प्रस्तुत **संयोग** पूर्णाङ्की नाटकमा दीनानाथ, सानापण्डित, शिव, रविलाल, गोविन्द, केशव, सान्नानी जस्ता पात्रहरू मुख्य पात्रका रूपमा आएका छन् । सुन्दर, रामे, ठुले, सिरानघरे, नुवाकोटे साँहिला घर्ति, कान्छो, १ बाँधा, २ बाँधा, रामनाथ, इन्स्पेक्टर र प्रहरीहरू, भान्सेबाहुनी, भुण्टी सहायक पात्रका रूपमा आएका छन् ।

दीनानाथ एक फटाहा शोषकका रूपमा देखिन्छन् भने साना पण्डित समाजको सामन्ती प्रथा तोड्न चाहने तथा सान्नानीको सच्चा प्रेमीका रूपमा देखिन्छन् । शिव आफूलाई पढेलेखेको ठान्ने, ठूलो मान्छेको छोरा हुँ भनेर गाउँलेलाई हेप्ने प्रवृत्तिको देखिन्छ भने सुब्बा रविलाल गाउँका चेलीहरूप्रति कुविचार राख्ने, धन पैसाको आडमा सबैलाई आफ्नो मुट्ठीमा राख्न खोज्ने पाशविक वृत्तिको देखिन्छ । केशव रविलालको छोरा हो बाबुको गल्ती थाहा पाएर पनि विरोध गर्न नसक्ने लाचारी पात्रका रूपमा देखिन्छ । गोविन्द एक साधारण गाउँले केशवको साथीका रूपमा देखिन्छ । सान्नानी एक विपन्न परिवारकी कामगरेर खाने तथा साना पण्डितलाई आत्मिक प्रेम गर्ने मुख्य नायिकाको रूपमा प्रस्तुत भएकी छे । यसैगरी आएका अन्य सहायक पात्रहरू मुख्य पात्रहरूका सहयोगीका रूपमा प्रस्तुत भएका छन् ।

### ४.१.८.३ **संवाद**

**संयोग** पूर्णाङ्की नाटक मुख्य रूपले सामाजिक यथार्थमा लेखिएको पूर्ण रूपमा संवादात्मक नाटक हो । नाटकको संवादमा सरल भाषाको प्रयोग गरिएको छ । संवादबाट समाजको यथार्थता थाहा पाउन सकिन्छ । साना पण्डितको संवादबाट उनी अलि आदर्शवादी देखिन्छ । सान्नानी र सानोबाबुको संवादबाट उनीहरू बीच आत्मिक प्रेम भएको स्पष्ट हुन्छ । नाटकको संवाद पात्रको स्तरअनुसारको छनौट भउकोले संवादमा मिठास र व्यवहारिकता पाइन्छ । त्यसैले, नाटकमा प्रयोग भएको संवाद सरल, सरस र आह्लादकारी भएको पाइन्छ ।

### ४.१.८.४ **भाषाशैली**

**संयोग** पूर्णाङ्की नाटकमा कथ्य र स्तरीय दुबै प्रकारको भाषाको प्रयोग गरिएको छ । दीनानाथ, सानापण्डित, रविलाल, केशव, गोविन्द शिक्षित भएकाले उनीहरूका भाषामा स्तरीयता पाउन सकिन्छ । गाउँलेहरू ठूले, सिरानघरे, नुवाकोटे साहिँला, घर्तिकान्छो, बाँधाहरूको भाषामा कथ्य भाषाको प्रयोग भएको पाइन्छ । नाटकमा प्रयोग भएका अङ्ग्रेजी शब्द मिस्टर, ग्यारेन्टी, आउटअफ केस र फिल्ड, रिपोट आदिको प्रयोगले नाटकको भाषाशैलीमा रोचकता थपेको पाइन्छ ।

### ४.१.८.५ **वातावरण**

प्रस्तुत **संयोग** पूर्णाङ्की नाटकको वातावरण पञ्चायती व्यवस्थापूर्वको वातावरण देखाइएको छ । तत्कालिन समाजको मानसिक तथा आर्थिक पक्षको उद्घाटन गर्ने वातावरण प्रस्तुत गरिएको छ । समाजका सामन्ती शोषकहरूले निम्न वर्गीय परिवारप्रति गर्ने शोषण देखाइएको छ भने शोषितहरूको दुःखको अवस्थाका साथै उनीहरूमा परेको मानसिक चिन्ताको वातावरण स्पष्ट देखाइएको छ । नाटकमा देखाइएका मध्याह्नको समय, नयाँ सडक, सुब्बाको कोठा, सडक, रविलालको भान्साघर, जङ्गलको बाटो, साना पण्डितको डेरा, मसानघाट आदि दृश्यहरूबाट नाटकको परिवेशको जानकारी हुन्छ । नाटकभित्रका कोष्ठमा दिइएका

वाक्यहरूबाट पात्रको मनोदशा देखाइएको छ । नाटकमा शोषकहरूबाट दमित गाउँलेहरूको पीडित अवस्था देखाउँदै अन्त्यमा शोषकका विरूद्ध गाउँलेहरू एकजुट भई विरोधमा उत्रिएको वातावरण देखाइएको छ ।

### ४.१.८.६ **उद्देश्य**

पाण्डेयको **संयोग** पूर्णाङ्की नाटकको उद्देश्य समाजबाट शोषक, हेपाहा प्रवृत्तिको अन्त्य गरी स्वस्थ समाजको निर्माणमा सबैलाई अग्रसर गराउनु रहेको देखिन्छ । नाटक सामाजिक समस्यालाई लिएर त्यसको समाधान समेत देखाइएको छ । गाउँलेहरूलाई हेपिएर नभई एकजुट भई लडेर भएपनि आफ्नो अधिकार प्राप्त गर्नुपर्छ भन्ने सन्देश दिएको पाइन्छ । धनिवर्गले गरिववर्गलाई आफ्नो इच्छा अनुसार चलाउनु, चेलीबेटीको इच्छा विपरीत बिहे गर्न चाहनु, घुस खानु र आफ्नो मान्छे ठुलो भएमा अबसर प्राप्त गर्नु जस्ता कार्यको चिरफार गर्दै अन्यायको अन्त्य गर्नु नाटककारको उद्देश्य देखिन्छ ।

### ४.१.९ **प्रहसन**

तोयनाथ पाण्डेयको **प्रहसन** मा हास्य कथावस्तुलाई लघुआकारमा प्रस्तुत गरिएको छ । प्रहसनमा कवि र श्रीमती प्रमुख पात्रका रूपमा प्रस्तुत भएका छन् भने पहिलो युवक र युवक सहायक पात्रहरूका रूपमा उपस्थित भएका छन् । प्रहसनको आदि भागमा कविले श्रीमतीलाई प्रयोग गरेको बजिनी शब्दबाट श्रीमतीलाई पिर लागेको देखेर बजिनी भनेको गाली गरेको नभई बाजेकी श्रीमती भएर भनेको स्पष्ट पारेका छन् । त्यसै समयमा युवक आएर कविता गर्ने तरिका कविलाई सोध्दछ, कविले कस्तो कविता लेख्छौ भनी कविका प्रकारहरूमा व्यङ्ग्य गर्दै प्रहसन अन्त्य भएको छ ।

प्रस्तुत **प्रहसन** संवादात्मक शैलीमा रचना गरिएको छ । साथै सरल, सरस र कथ्य भाषाको प्रयोग गरिएको छ । हास्य व्यङ्ग्यात्मक शैलीमा रचना भएको यस

प्रहसन एउटा कोठामा कवि दम्पतिको कुराकानीको वातावरणमा प्रस्तुत भएको छ ।

प्रस्तुत **प्रहसन** कविहरूको जीवनशैलीका बारेमा जानकारी गराउँदै पाठकलाई मनोरञ्जन दिने उद्देश्यले रचना गरिएको देखिन्छ ।

### ४.१.१० निष्कर्ष

**मातृहत्याधारम्** (२०१७) नाटकबाट तोयनाथ पाण्डेयको नाटक लेखन तथा प्रकाशन सुरु भएको हो । उनका तमसो ज्योतिषि, अझै नेपाल कस्तो छ ?, अप्ठ्यारो गृहस्थी, यमराजको नयाँ खोज, इमान, संयोग जस्ता एकाङ्की, पूर्णाङ्की नाटकहरूका साथै 'प्रहसन'मा कथावस्तुको स्रोतका रूपमा सामाजिक यथार्थलाई प्रस्तुत गर्ने क्रममा समाजमा भित्रिएको विविधखाले विकृति, विसङ्गति, नेपाली गाउँले समाजका अन्धविश्वासले ग्रसित कमजोर मानसिकताको चित्रण गरेका छन् । साथै गाउँका ठूलाठालुले निम्नवर्ग र सरल व्यक्तिहरूलाई दमन, शोषण गरेको यथार्थ प्रस्तुत गरेका छन् । समाजका उच्चवर्ग र निम्नवर्गका पात्रहरू प्रस्तुत गरी नेपाली समाजमा रुढीवादी र पुरुषप्रधान समाजका नारीहरूले भोग्नुपरेको विवशतालाई देखाउँदै नेपाली समाजका समस्यालाई यथार्थ रूपमा देखाउँदै समस्याको समाधानको उपाय भने मुख्य रूपमा शिक्षालाई देखाउँदै शिक्षित समाज बनाउने उद्देश्य नाटककारको रहेको छ ।

## ४.२ तोयनाथ पाण्डेयका कविताहरूको अध्ययन

तोयनाथ पाण्डेयका कविताहरू 'आमा' (२०२०), निश्चय', 'निश्चय', 'खोजे नमिल्ने छ के ?', 'स्वदेशी वन स्वदेश भन समाल नेपाल', 'अधिकार र कर्तव्य', 'वेदना', 'पहिले आफूलाई चिन', 'गीत बेच्छु', 'यो मुटुदेखि', 'अधवैँसे पोथीको विलाप', 'मातृवन्दना', 'शुभकामना', 'नानीप्रति', 'सृष्टि', 'घरको सम्झना', 'गीत', 'आव्हान', 'हिन्दु', 'पञ्चरत्न', 'अपूर्ण महाकाव्य र संस्कृत', 'गुर्रोवन्दना कविताको क्रमशः अध्ययन गरिएको छ । कविताको अध्ययन गर्नुपूर्व कविताको सामान्य परिचय दिनु आवश्यक देखिन्छ ।

कविता साहित्यको एक विधागत भेद हो । साहित्यभित्र वाङ्मयका समस्त भेद पर्दछन् भने ती भेदहरूमध्ये एउटा भेद कविता हो । यो वाङ्मयको रागात्मक वा सौन्दर्यपरक शाखा हो । यसको प्रयोग व्यवहारिक र बौद्धिक प्रयोजनभन्दा भिन्न सौन्दर्यात्मक र भावप्रधानका लागि हुन्छ ।[६८] कविता भाषिक, लयात्मक र सौन्दर्यपरक अभिव्यक्ति भएको गद्येतर साहित्यिक विधा हो । यसमा अनुभूतिको विस्तार अनुसार आख्यानीकरणको आयतन लामो बुनिँदै जान्छ । त्यो कतै नाटकीकरणका रूपमा त कतै कविकथनको आत्मालापीय प्रसङ्गसँग मात्र पनि अगाडि बढिरहेको हुन्छ । यसरी बढ्दै जाने क्रममा लयात्मक अन्तसाङ्गीतिकतालाई भने निरविच्छिन्न रूपमा एकाकार बनाउँदै लगिएको हुन्छ । त्यसैले कविता विधा साहित्यका अन्यविधा भन्दा अलग अस्तित्व बोकेको आफैमा विशिष्ट छाप भएको हुन्छ ।

### ४.२.१ कविताका तत्त्वहरू

साहित्यका अन्य विधाहरूमा जस्तै कविता विधामा पनि केही निजी तत्त्वहरू निम्नलिखित मानिएका छन् (क) शीर्षक (ख) संरचना (ग) लय विधान

---

[६८] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), "कविताको विधागत चिनारी", **नेपाली कविता भाग-४**, दो.सं. (काठमाडौँ : साझा प्रकाशन, २०५३) पृ. १५ ।

(घ) भाषाशैली (ङ) कथनपद्धति (च) केन्द्रीय कथ्य वा भाव विधान (छ) बिम्ब तथा अलङ्कार विधा (ज) व्यञ्जना (झ) विधागत स्वरूप तथा आयाम ।[६९]

**क)  संरचना**

संरचना शीर्षक अन्तर्गत आयाम, संरचना र शीर्षक राख्न सकिन्छ । कविताको आयाम लघु आकारको हुनु पूर्वीय मान्यता रहेको पाइन्छ ।

शीर्षकलाई कविताको एक तत्त्व मानिन्छ । "यो कविता कृतिको नामकरण मात्र नभई कृतिका सारभूत भावविचारको सूचक सङ्केत वा उद्घाटक समेत हुनुपर्ने हो ।"[७०] कृतिमा व्यक्तिएको विषय र शीर्षक बचि अन्योन्याश्रित सम्बन्ध रहनुपर्छ । शीर्षकले अभिधात्मक र प्रतिकात्मकमध्ये कुनै एकलाई समातेको हुनुपर्छ । त्यस्तो शीर्षक नै बढी सार्थक हुनजान्छ ।

कविताको संरचना हेर्दा आन्तरिक र बाह्य गरी दुई किसिमको देखिन्छ । "कविताको बाह्य सरचना त्यसका लयात्मक खण्ड/गण र विश्राम भई पाउ/चरण वा पङ्क्तिविधान तथा पङ्क्तिपुञ्जसँगै थालिन्छ ।[७१] आन्तरिक संरचनाले कविताको कथनपद्धति, भावविधान र द्वन्द्व, ढाँचा भित्रको अन्तर्लयलाई समेत बुझाउँछ भने बाह्य संरचनाले चाहिँ कविताको बाहिरी तत्त्वभित्र देखापर्ने हरफ पाउ वा सर्गलाई बुझाउँछ । त्यसैले, संरचना ज्ञानको चुरोको रूपमा रहेको कविताको महत्त्वपूर्ण तत्त्व हो ।

**ख)  लयविधान**

लय कविताको मुटु नै मानिन्छ । यही लयगत विशेषताले गर्दा साहित्यका अन्य विधाबाट यो अलग हुन्छ । भाषामा प्रयोग हुने स्वरव्यञ्जन वर्णहरूको उच्चारणकालमा निस्कने साङ्गीतिक ध्वनिलाई लय भनिन्छ । "यो लयविधान

---

[६९] ऐजन, पृ. १७ ।

[७०] ऐजन, पृ. १७ ।

[७१] ऐजन, पृ. १७-१८ ।

प्रथमतः भाषिक स्वरव्यञ्जन वर्णका वर्णगत ध्वनिको साम्यवैषम्य दुबै भएको वितरण प्रक्रियाको कालगत प्राप्ति हो र कविता कृतिका चरण/पाऊ वा पङ्क्ति/हरफको गतिक्रम र यतिविधानबाट थालिन्छ ।[७२]

लयले भाषिक उच्चारण अवस्थामा वर्णगत आरोह-अवरोह वा स्वरताललाई सङ्गति दिएर श्रुतिमोहक बनाउँछ । लयविधान कविताका हरफहरूमा प्रयुक्त भाषिक स्वरव्यञ्जन वर्णको विवरणबाट निर्मित चरण, पाउ वा पङ्क्तिको गतिक्रम र यतिविधानमा आधारित हुन्छ ।

## ग) भाषाशैली

अभिव्यक्तिको प्रमुख माध्यम भाषा मानिन्छ । "कविताको भाषाशैली भन्नु जुन अर्थको कथन कुनै कविताकृतिले गर्नु छ त्यसका निम्ति उपलब्ध र लयात्मक हुन सक्ने गरी वर्ण, शब्द/पद, पदावली, वाक्यखण्ड वाक्य र अनुच्छेद विधान समेत सिर्जित हुने कुरा हो ।"[७३] ललित र रागात्मक व्यञ्जन लयात्मक हुने वर्ण, पद, पदावली, वाक्य र अनुच्छेद विधान सृजना गर्नुलाई नै रचनाकारको विशिष्ट भाषाशैली मानिन्छ । शैली व्यक्ति पिच्छे फरक फरक हुन्छ । भावाभिव्यक्तिका लागि कवितामा अति आवश्यक तत्त्व भाषाशैली पनि हो ।

## घ) कथनपद्धति

कृतिको समग्र भाषा कथनपद्धतिमा आधारित हुने भएकाले कविताको तत्त्वका रूपमा यसको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । रचनाकारले कविता कथन गर्दा मुख्यतः दुई पद्धति कवि प्रौढोक्ति र कविनिवद्धवक्तृप्रौढोक्ति प्रयोग गर्दछ भने कतै मिश्रित कथनपद्धति पनि प्रयोग भएको हुन्छ । कथनपद्धतिलाई दृष्टिबिन्दु पनि भिनन्छ । कविले गर्ने यी कथनपद्धति प्रथमपुरुष वा तृतीय पुरुष दुबैमा हुन सक्दछ । एउटै कथनमा पनि विभिन्न पद्धति प्रयोग गरिएको हुन्छ ।

---

[७२] ऐजन, पृ. १८ ।

[७३] ऐजन, पृ. १९ ।

### ङ) केन्द्रीय कथ्य वा भावविधान

रचनाकारका प्रत्येक रचनाहरूमा अनेक किसिमका भावहरू रहेका हुन्छन् । "सीधै आतमालायी कविकथनात्मक, आख्यानीकृत वा नाटकीकृत जुन रूपमा जीवनजगत्को कथन गरिए पनि त्यसको चुरोस्वरुप केन्द्रीय कथ्य चाहिँ कुनै भावविभोर नै हुन्छ र परिणाममा चाहिँ कवितामा त्यो अनुभव वा सूक्ष्म विचार भावमय रागमय कलात्मक रूपान्तरण हुनुपर्ने हुन्छ ।"[७४] केन्द्रीय कथ्य तथा भावविधान कविताको महत्त्वपूर्ण तत्त्व हो । यही तत्त्व अन्तर्गत विषयवस्तु पनि रहेको हुन्छ । जीवन र जगत्का जुनसुकै विषयमाथि कविले कविता रचना गर्न सक्ने भएकाले यसको क्षेत्र व्यापक र विस्तृत हुन्छ । त्यसैले, कविताको विषयवस्तु र भावका बीच नजिकको सम्बन्ध रहेको हुन्छ ।

### च) बिम्ब तथा अलङ्कार विधान

कुनै कृतिमा मुख्य कथ्यको अर्थले प्रकट गर्ने सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती बिम्ब हो र जीवनजगत्का विविध सन्दर्भ र सामग्रीबाट बिम्ब विधान हुन सक्छ ।[७५] अलङ्कारलाई कविताको बाहिरी आभूषणको रूपमा लिइन्छ । कवितामा सरसता रोचकता प्रदान गर्न यसको ठूलो भूमिका रहेको हुन्छ । यसै सन्दर्भमा जीवन जगत्का विविध र अर्थालङ्कार गरी दुई स्तरमा आएको हुन्छ । यसले कविताको भावलाई गहिराइसम्म पुऱ्याउन मद्दत दिएको हुन्छ । शब्दालङ्कारले शब्द शब्दमा आउने समवृत्त वा विषयवृत्तबाट आदि, मध्य र अन्त्यानुप्रास एवं यमक, श्लेष, छेकानुप्रासजस्ता शब्दालङ्कार कविले कवितामा जताततै प्रयोग गरेको पाइन्छ । अर्थालङ्कारमा भने व्यञ्जनाको स्तरमा मात्र अर्थ ध्वनित हुने गर्दछ ।

---

[७४] ऐजन, पृ. २० ।

[७५] ऐजन, पृ. २० ।

अ) **नेपाली कविताहरूको अध्ययन**

४.२.२ ***आमा* लघुकाव्य अध्ययन**

तोयनाथ पाण्डेयको **आमा** कविता वि.सं. २०२० सालमा **हिमाली साहित्य** पत्रिकामा प्रकाशित भएको पहिलो प्रकाशित कविता हो । यस कवितालाई **तोयनाथ स्मृतिग्रन्थ** मा सङ्कलन गरिएको छ ।

४.२.२.१ **संरचना**

प्रस्तुत **आमा** कविताको आयाम लघु आकारको छ । यसको 'आमा' शीर्षकबाटै कविताको भाव सजिलै बुझ्न सकिन्छ । कविले ममतामयी आफ्नी जननी आमाको मृत्यु भएपछिको पिडालाई कवितामा स्पष्ट रूपमा व्यक्त गरेका छन् । आफ्नी ममतामयी आमाको मृत्यु भएपछिको वियोगभाव, अर्न्तमनमा उत्पन्न भएपछि कविले साह्रै पीडाको अनुभव कवितामा व्यक्त गरेका छन् । त्यसैले यस कविताको **आमा** शीर्षकबाट कविताको विषयवस्तु छर्लङ्ग हुने हुँदा शीर्षक सार्थक रहेको देखिन्छ ।

कुनैपनि रचनाको बनावट तथा आकृतिले त्यसको संरचना पक्षलाई अर्थ्याउँछ । प्रस्तुत **आमा** कविता जम्मा ५२ श्लोकमा रचना भएको छ । चारपङ्क्तिको एक श्लोक हुने यस काव्यमा जम्मा १०८ पङ्क्तिहरू रहेका छन् । कवितामा कविको मातृवियोगको घटना प्रस्तुत गरिएको छ । सर्गवद्धता नभएको र काव्य आफैमा पूर्ण भएको हुँदा यस **आमा** कविताको संरचना पक्ष हेर्दा सबल देखिन्छ ।

४.२.२.२ **लयविधान**

लय कविताको महत्त्वपूर्ण पक्ष हो । साहित्यका अन्य विधाहरूबाट कवितालाई छुट्टाउने मूल तत्त्व लयविधान हो । प्रस्तुत **आमा** कवितामा रहेको जम्मा ५२ श्लोक मध्ये प्रारम्भका तीन श्लोकहरूमा म, र, भ, न, य, य, य गण

हुने एक्काईस अक्षर भएको स्रग्घरा छन्द प्रयोग गरिएको छ । यसको सातौँ र चौधौँ अक्षरमा विश्राम हुन्छ :

"**आमा** यो लोकको हो प्रणवसम ठुलो वेदको शब्द खास
आमा भो ओम ओमा पछिपछि हुन गो बिग्रिँदै एकानास ।
तस्मात् आमा र ऊँ मा फरक भनुँ भेद केले भयो र
एकै सम्झेर ऐले प्रणति चरणमा गर्छु साह्रै नुहेर ॥"[७६]

यसको बाँकी ४९ श्लोकहरूमा म स ज स त त गण भई अन्तमा एउटा गुरु हुने १९ अक्षर भएको शार्दूलविक्रीडित छन्द प्रयोग गरिएको छ :

"कस्ले सम्झिदिने कठै हजुरले जो वेदना खप्नुभो
के आशा लिइ खालि पुत्र यति नै सन्मन्त्र झैं जप्नुभो ।
आफू खाइनखाई ख्वाउनुभयो मिठो पिठो जो थियो
सारा रङ्ग जवानिशक्ति जसले स्वाहा गराइदियो ॥"[७७]

यसरी **आमा** कवितामा सग्घरा र शार्दूलविक्रीडित छन्दको प्रयोग गरी कवितालाई सुमधुर लयात्मक बनाएको पाइन्छ ।

### ४.२.२.३ **भाषाशैली**

भाषाशैली कविताको प्राण मानिन्छ । प्रस्तुत **आमा** कविताको भाषाशैली सरल र वर्णनपरक रहेको पाइन्छ । कवितामा संस्कृत तत्सम र तद्भव झर्रा नेपाली शब्दका साथै अङ्ग्रेजी प्रयोग भएकोले पठनमा दुर्बोध्य नभई रोचक बन्न पुगेको छ । कवितामा प्रयोग भएका स्रग्घरा, शार्दूलविक्रीडित छन्दहरू, करुण रस,

---

[७६] **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ,** (काठमाडौँः हरिप्रसाद पाण्डेय श्रीमती प्रीति (कल्पना) पाण्डेय, २०५९), पृ. २३० ।
[७७] ऐजन, पृ. २३१ ।

शान्त रस तथा अन्त्यानुप्रासको संयोजनले कविता श्रुतिरम्भ लयात्मक बनेको देखिन्छ । कवितामा कर्कर, फर्फर, बर्बर, झर्झर, च्वाट्ट, टप्प, टक्क, भत्भत जस्ता अनुकरणात्मक शब्दको यथोचित प्रयोग भएकोले भाषिक मिठास ल्याएको देखिन्छ :

"कोखाको सब तारका गिरिगये निस्तेज भै बर्बर
बर्स्यो श्रावणको उरस्थल गिलो पारी ठुलो झर्झर ।
छामी जानु छ यो अनित्य भवको आँधीहुरी रातमा
बोकी टल्पल एक मात्र टुहुरो वैधव्यको हातमा ॥"[७८]

यसरी, कविका भाषिक विविधता पाइए पनि सरल भाषाको प्रयोग गरी भाषामा मिठास पाइनु यिनको निजीपन मानिन्छ ।

### ४.२.२.४ **कथनपद्धति**

कविता मूलतः आत्मालाप वा मनोलाप गर्ने भाषिक लयात्मक कथन कला मानिन्छ । कवि आफै सीधै कुनै कवितात्मक कथन गर्दछ भने त्यसलाई कवि प्रौढोक्ति भनिन्छ । प्रस्तुत **आमा** कवितामा कविले प्रायः आत्मालापीय, प्रथमपुरुष कथनपद्धति प्रयोग गरेको पाइन्छ :

"इन्द्रैको म थिएँ जयन्त ध्रुव झैं देवी सुनीतिजिको
तेजला अभिमन्यु झैं समरमा देवी सुभद्राजिको ।
आमा यो अभिमन्त्रले जगतमा प्रत्यक्ष गर्थ्यो जब
ठूलो भै भवज्ञान शक्ति दिनहुँ आएर बस्थे सब ॥"[७९]

---

[७८] ऐजन, पृ. २३१ ।
[७९] ऐजन, पृ. २३२ ।

### ४.२.२.५ केन्द्रीय कथ्य वा भावविधान

केन्द्रयि कथ्य तथा भावविधान कवितामा महत्त्वपूर्ण स्थान हुन्छ । त्यसैअनुरुप प्रस्तुत 'आमा' कवितामा कविले आफ्नी ममतामयी आमाको मृत्युपछि भएको वियोग अवस्थालाई मुख्य आधार बनाएका छन् । आफूलाई जन्म दिने आमाको मृत्युपछि कविले आमाको स्मरण गर्दै आमाले जीवनभर भोगेका दुःख पीडाको वर्णन गर्दै जीवनका समस्याबाट कहिल्यै हार नमान्ने आफूले दुःख गरेर पनि अरूलाई सुख दिने विशेषता भएकी धैर्यकी पहाड मानेका छन् । दुःखको अवस्थामा पनि दुःख गरेर आफुलाई शिक्षा दिई प्रगति हेर्न चाहने आमालाई स्मरण गर्दै कविले उनको ऋण तिर्न नसकिने बताउँदै उनको आत्मा खुसी होस् भन्ने चाहना व्यक्त गरेको पाइन्छ ।

कविले वैदिक वाङ्मयमा 'ॐ' शब्द जति पवित्र हुन्छ त्यति नै पवित्र आमा शब्द हुन्छ भन्दै यस ठुलो दुनियाँमा सबै चिज प्राप्त भए पनि जन्मदिने आमा संसारमा नै दुर्लभ वस्तु हो भन्ने भाव कवितामा व्यक्त गरेको पाइन्छ ।

### ४.२.२.६ बिम्ब तथा अलङ्कार विधान

कवितालाई बढी आस्वाध बनाउनका लागि कविले विभिन्न बिम्ब अलङ्कार प्रयोग गरेको हुन्छ । प्रस्तुत **आमा** कवितामा कविले वर्षा, पर्वत्, जङ्गल, पत्थर आदि बिम्ब प्रयोग गरेका छन् भने अतिशयोक्ति, उपमा, रुपकजस्ता अर्थालङ्कारको प्रयोग गरेका छन् :

अतिशयोक्ति :

"'आमा' यो लोकको हो प्रणवसम ठूलो वेदको शब्द खास
आमा भो ओम ओमा पछि पछि हुन गो बिग्रँदै एकनास ।
तस्मात आमा र ॐ मा फरक भनु भने भेद केले भयो र

एकै सम्झेर ऐले प्रणति चरणमा गर्छु सारै नुहेर ॥"[८०]

उपमा :

"साक्षात् ईश्वरतुल्य मान्य पति यिनै हुन् यै ध्येयलाई लिई
जस्तै जण्ड पिताजीको प्रकृति होस् राजीखुसी जिस्किई ।
कस्तै क्रोध उठोस ठूलो लहर ली ज्वालामुखी ग्याँस होस्
पारी साम्य खुसी गराउनुभयो आफ्नै बरु नाश होस् ॥"[८१]

रुपक :

"घेरीए सब बन्धु पर्वत भई ज्यादै नगिचै गई
तेजी गव्हर दीप टक्क अडिए राता फिलिङ्गा भई ।
फूट्यो मूल भिज्यो उरस्थलहरू त्यो कम्पको शब्दले
आर्यातीर्थतिरै बहे सब थियो आखीर कर्तव्य जे ॥"[८२]

### ४.२.२.७ **निष्कर्ष**

कवि तोयनाथ पाण्डेयको **आमा** (२०२०) कविता पहिलो प्रकाशित कविता हो । आफ्नी आमाको मृत्यु हुँदा कविमा भएको शोक तथा भावविह्वल अबस्थाको चित्रण गरिएको छ । संसारमा आमाजस्तो पवित्र, अमूल्य बस्तु अरू छैन भन्ने भाव व्यक्त गरिएको छ । जम्मा ५२ श्लोकहरू रहेको यस काव्यमा स्रग्धरा र शार्दूलविक्रीडित छन्दको अर्थालङ्कार प्रयोग गरिएको छ । प्रधान रसका रूपमा करुण रस र शान्त रसको समेत प्रयोग भएको छ । यसको भाषाशैली, सरल, वर्णनात्मक र प्रवाहमय भएको हुँदा आस्वादन योग्य छ । संस्कृत, अङ्ग्रेजीजस्ता भाषाका शब्दहरूलाई समाजमा प्रचलित र स्वाभाविक ढङ्गले प्रयोग गर्ने कवि हुन् ।

[८०] ऐजन, पृ. २३० ।
[८१] ऐजन, पृ. २३० ।
[८२] ऐजन, पृ. २३३ ।

### ४.२.३ *निश्चय* कविताको अध्ययन

प्रस्तुत **निश्चय** कविताको रचना गीतिलयमा गरिएको छ । यस कविताका लागि गरिब वर्गले एकै कदम भएर अघि बढ्नुपर्छ हामीहरूले चाहेमा सागरमा पुल बाँध्न र पर्वत छाट्न समेत सक्छौँ भन्ने मानवतावादी स्वर व्यक्त गरेका छन् :

हामी गरिब जातिले मिल कदम बढाए

सागरमा पुल बाँध्नेछौँ पर्वतमस्तक छाँट्नेछौँ ।[८३]

हामीहरूको मेहनतले धन, मोती, रत्नहरूले आफ्नो पोल्टो भर्न सक्छौ त्यसैले, सोझा र गोजा मात्र नभइ पौरख गरेर श्रम गरौँ भने निश्चयपनि धनको जञ्जिर तोड्न सफल हुनेछौ भन्ने भाव व्यक्त गरेका छन् :

धनको जञ्जिर चुँडालौँ श्रमको गोडा मुसारौँ

हाम्रो बलको पौरख दुनियाँलाई देखाऔँ ।[८४]

### ४.२.३ *खोजे नमिल्ने छ के ?* कविताको अध्ययन

प्रस्तुत कविताको रचना शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ । यसमा कविले प्राचीन पुस्ता र आधुनिक पुस्ताका बीचको द्वन्द्व हास्यव्यङ्ग्य रूपमा प्रस्तुत गरेका छन् साथै आधुनिक समाजमा देखा परेका विकृति, विसङ्गतिलाई व्यङ्ग्य गरेका छन् । कसैले पुरानो संस्कार जोगाउन चाहन्छन् भने कसेले पुरानो परम्परा भत्काउँदै आधुनिक सभ्यता अँगाल्न चाहन्छन् भन्ने भाव प्रस्तुत गरेका छन् :

दीगो वैदिक कर्म राख्न यहीँ नै सारै ठुलो जोड छ

अर्को अन्धपरम्परा भनि यहीँ भत्काउने होड छ ।

---

[८३] ऐजन, पृ. २३८ ।

[८४] ऐजन, पृ. २३८ ।

वृद्धा शक्तितिका निमित्र भगवद् खुल्दो छ आश्रम् भने

क्लव खुल्दो छ निमित्त ती युवतीको खोजे नमिल्ने छ के ?[८५]

आधुनिक युगसँगे भित्रिएको छाडा, अश्लिल र विसङ्गत समाजको चित्रण गर्दै त्यसबाट प्रभावित धार्मिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक, आर्थिक आदि क्षेत्रको विकृतिप्रति प्रश्न गर्दै कलात्मक व्यङ्ग्य प्रहार गर्न कवि सफल भएका छन् ।

### ४.२.५ ***स्वदेशी बन, स्वदेश भन समाल नेपाल*** **कविताको अध्ययन**

प्रस्तुत कवितामा कविले विदेशी मोह राख्नेहरूलाई स्वदेशी बन्न आग्रह गरेका छन् । यसमा आफ्नो राष्ट्रियता र देशप्रेमलाई स्वच्छन्द रूपमा प्रस्तुत गरेका छन् । नेपाल हिमाल, पहाड, खोला, नालाजस्ता प्राकृतिक सौन्दर्यले भरिपूर्ण छ भने वीरता र संस्कृति आफ्नै मौलिक पहिचान छन् । यस्तो नेपाललाई छोडेर विदेशीनु व्यर्थ छ देशभक्ति भाव व्यक्त गरेका छन् :

यो पुण्यभूमि हिमाल हाम्रै किरण छर्दछ

शान्तिको स्रोत बहाई सारा विश्व नै भर्दछ ।

यो वीरतन्त्र मोहनीमन्त्र लौ खेर नफाल

स्वदेशी बन स्वदेश भन समाल नेपाल ॥[८६]

कविले विदेशी ऋण, सहयोग, अनुदानको होइन आफ्नो मौलिक परिश्रमले देशलाई आत्मनिर्भर बनाउनु पर्छ । आफ्नै सभ्यता, संस्कृति, स्वधर्मको रक्षा गरेर देशमा भौतिक विकास गर्न सकेमा आफ्नो स्वदेशलाई नै विदेश समान बनाउन सकिन्छ । विदेशीने छोरा अब नेपाली आमाले जन्माउन छोड्नुपर्छ र सबै नेपाली एकजुट हुनुपर्छ । विदेशी पहिरनभन्दा नेपाली पहिरन नै मनपराउनु पर्छ । भाइ-

---

[८५] ऐजन, पृ. २३९ ।

[८६] ऐजन, पृ. २४१ ।

भाइ आपसमा लडेर होइन मिलेर एकजुट हुनुपर्छ । विश्वले मानेको बुद्धदर्शन र आदर्श जानकी जन्मेको देशको रक्षा गर भन्ने भाव व्यक्त गरेका छन् :

नेपाली एक बनेर बुद्ध दर्शन दिएको
जानकी बुद्धि आदर्श मानी सबैले लिएथे ।
आफूले गर्नु अरुलाई भन्नु यो पाठ लिहाल
स्वदेशी बनी स्वदेश भनी समाल नेपाल ॥[८७]

### ४.२.६ *अधिकार र कर्तव्य* कविताको अध्ययन

कविले प्रस्तुत कविताको रचना शार्दूल विक्रीडित छन्दमा गरेका छन् । आफ्नो देशको जनता, संस्कृतिको रक्षाको लागि कम्मर कसेर अगाडि बढ्नु पर्छ । आफ्नो अधिकार प्रयोग गरेर उन्नतिका लागि आफ्नो सीप प्रयोग गरी एकजुट भई हिम्मत नहारेर आँटिलो भई शक्त अशक्तका भेदभाव नगरी आफ्नो कर्तव्यमा लाग्नुपर्छ भन्ने भाव कविले व्यक्त गरेका छन् :

आफ्नो देश नरेस भेष सबको अस्तित्वका खातिर
धेरैको हित गर्न कम्मर कसी खन्दै उखेल्दै पिर ।
आएको 'अधिकार' कारसरि हो आरामदायी हुने
को हो शक्त-अशक्त भेद नगरी कर्तव्यलाई हुने ॥[८८]

### ४.२.७ *वेदना* कविताको अध्ययन

प्रस्तुत कविता झ्याउरे लयमा संरचना गरिएको छ । यसमा कविले २०१९ सालमा प्युठान, गलकोट र ढोरपाटनमा भएको दुर्घटनालाई विषय लिएर मार्मिक भावना व्यक्त गरेका छन् । यसै कवितामार्फत कविले नरघातक तुलाचन नामक

---

[८७] ऐजन, पृ. २४३ ।
[८८] ऐजन, पृ. २४४ ।

व्यक्तिले नेपाली सपुत मारेको जसको कारण इतिहास नै कलङ्कित भएको भन्दै हामीले विद्याबुद्धि, ऐश्वर्य र प्रतापयुक्त व्यक्ति गुमाउनु परेको अवस्थामा दुःख व्यक्त गरेका छन् :

नरघातक कलुषित तुलाचन धूरी

नेपालको सपुतलाई लगिस् यमपुरी ।

विद्याबुद्धि ऐश्वर्य र प्रतापयुक्त नर

हामीदेखि छुटाएर लगिस् परपर ॥[८९]

### ४.२.८ *पहिले आफुलाई चिन* कविताको अध्ययन

प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ । यसमा सर्वप्रथम नेपाललाई दुई ढुङ्गा बीचको तरुलको रूपमा चिनाउँदै साझा कर्म, मर्म र धर्मबाट राष्ट्रलाई मौलाउन कुतत्त्वहरूलाई त्याग्नुपर्छ । गिरिराज (राजा महेन्द्रको शान्त छाँयामा रहेका छौ जसले देश विकासमा मुटुको रगत समेत दिन तयार भई नाम, इमान मान राख्न सफल उनकै छत्रछायामा हामी रहेका छौँ भन्ने अभिव्यक्ति गरेका छन् :

हाम्रो यो गिरिराज चक्र जसको शान्ति छ चूडामणि

छायामा तिमी छौ उठाउ नझुकी फुङ्कार गर्दै मणि ।

जस्ले देश विकासमा रगत नै आफ्नै मुटूको दिन

राखी नाम इमान मान पहिले लौ आफूलाई चिन ॥[९०]

---

[८९] ऐजन, पृ. २४५ ।

[९०] ऐजन, पृ. २४६ ।

### ४.२.९ *गीत बेच्छु* **कविताको अध्ययन**

प्रस्तुत यस कविता मात्रिक छन्दमा लेखिएको छ । कविता मार्फत कविले आधुनिक युगमा समाजमा देखापरेका गीतहरूप्रति व्यङ्ग्य गरेका छन् । आजभोलिका गीतहरूले समाजमा पार्ने अहितकारी प्रभावको वास्ता गरी बिक्री गर्ने, धन आर्जन गर्ने क्रममा लागेकाहरूले खराब गीत बेच्नसमेत तयार छन् । कसैप्रति पर्ने राम्रो नराम्रो असरसँग मतलव नगरी क्षणिक स्वार्थ प्राप्त गर्न, आफ्नो कर्तव्य भुल्नेहरू प्रति व्यङ्ग्य गरेका छन् । आफू जन्मेको देश आफ्नो मातृभूमिप्रति कुनै माया ममता नराखी उसकै रगत प्युँदै पैसाको लागि देशको मूल्यसमेत घटाउन पछि पर्दैनन् भन्ने भाव पाइन्छ :

मानव अधिकार दिवसको आजको यो उपलक्ष्यमा
सयकडा सय नै घटाई लिनुहोस गीत बेचिरहेछु ।
विदेशको साटो स्वदेशको माटो स्वदेशकै बाटो धेरै हेरेर
महान एउटै ध्येय लिएर नेपालीकै सोख लिएर
गीत बेच्छु गीत बेच्छु हो हजुर म गीत बेच्छु ।[९१]

### ४.२.१० *यो मुटुदेखि* **कविताको अध्ययन**

झ्याउरे लयमा रचना गरिएको प्रस्तुत कविता देशभक्ति भावनाले भरिएको छ । परम्परागत धर्म, संस्कृति बचाउन सक्यो भने उसले देशमा उन्नति गरेको ठहर्छ । कविले लोभमा परेर उत्तरको चीन र दक्षिणको भारतजस्ता देशसँग सम्झौता गर्नेहरूप्रति व्यङ्ग्य गरेका छन् । देशको यस्तो अवस्था देखेर नेपाल रोयो नेपालीहरू रोए त्यसपछि देशले एउटा नयाँ नाथको साथ पायो त्यस्ता दानव रूपी मानवको सदाका लागि अन्त्य भयो भनी आफ्नो राष्ट्रिय प्रेम व्यक्त गरेका छन् :

[९१] ऐजन, पृ. २४८ ।

पाएर साथ देशका नाथ सौभाग्य पलायो

मानवलाई दानव पार्ने त्यो शक्ति गलायो ।[९२]

### ४.२.११ *अधबैंसे पोथीको विलाप* कविताको अध्ययन

प्रस्तुत कविता सवाई गीतिलयमा संरचना गरिएको छ । यस कवितामा आफ्नो मातृत्व त्यागेर अन्धवासनापूर्तिमा लिप्त हुन चाहने नारीको पतन भएको चरित्रलाई प्रस्तुत गरिएको छ । छोराछोरीसमेत त्यागेर नयाँ पिरती गाँस्ने चरित्रहीन नारीलाई कविले नागकन्या, किन्नरीजस्ता रूपमा दाँजेका छन् :

नागकन्या जुनी अफाप भई किन्नरी भइछ ।

किन्नर खोज्न भनेर किन्नरलोकमा गइछ ॥[९३]

### ४.२.१२ *मातृवन्दना* कविताको अध्ययन

मात्रिक छन्दमा रचना गरिएको प्रस्तुत कवितामा कविले नेपाललाई स्वर्ग बनाउनका लागि मातापञ्चको प्रार्थना गरेका छन् । यसमा कविले हामी नेपाली धन्य छौ किनभने हामीले पञ्चायत पायौँ, यसका दाताको गाथा दुनियाँले गाएर नाचुन भन्ने चाहना राखेका छन् । हामीले घामपानी, दुःख केही नभनी चारैतिर धाएर नेता पाएका छौँ । जसले इमान्दार भई काम गरेर नाम कमाउनुका साथै समाजमा रहेका चोरी जारी, जुवा, रक्सी गाँजा जस्ता कुसंस्कारको नास गरेर नयाँ बाटोको किरण देखाउ भनी प्रार्थना गरेका छन् :

चोरी जारी जुवा रक्सी
गाँजा यी हुन् हाम्रा बोक्सी
माता यिनको नास गरेर
देखाउ बाटो किरण छरेर ।[९४]

---

[९२] ऐजन, पृ. २४९ ।

[९३] ऐजन, पृ. २५० ।

[९४] ऐजन, पृ. २५१ ।

### ४.२.१३ *शुभकामना* कविताको अध्ययन

प्रस्तुत यस कविता शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ । तत्कालीन रानीबाट भएको बालबालिकाको उद्धार तथा महिला समाजको बाटो बनाइदिने कामबाट प्रभावित भएका कविले रानीको महिमा गान गरेका छन् । त्यस्तो महान् काम गर्ने रानीप्रति सदा सौभाग्यको दियो बलिरहोस भन्ने शुभकामना व्यक्त गरेका छन् :

मिल्केका टुहुरा प्रसन्न शिशु छन् वात्सल्य पाईकन
त्यस्ती रानीमहा सदा बलिरहोस् सौभाग्यको यो दियो ।[९५]

### ४.२.१४ *नानीप्रति* कविताको अध्ययन

प्रस्तुत कवितामा घमण्डी स्वभावको मान्छेलाई कविले नानीको सम्बोधन गर्दै उसका असफलता कुण्ठा, हीनताजस्ता मानसिक अवस्थाको वर्णन गरिएको छ । उसको रूप, सौन्दर्य, जिउ, भेषभूषाका साथै उसको जिन्दगीप्रति समेत व्यङ्ग्य गरिएको छ :

यदि तिमी भन्छौ भने सभ्यताको पोको
पोको बोक्नुभन्दा बरु आऊ बोक डोको ।[९६]

### ४.२.१५ *सृष्टि* कविताको अध्ययन

प्रस्तुत कविता भुजङ्गप्रयात छन्दमा रचना गरिएको छ । यसमा कविले ईश्वरलाई कलाकार र संसारलाई नाट्यशालाका रूपमा प्रस्तुत गरेका छन् । हामी मध्येमा कति लोभी छन् भने कति दानी पनि छन्, कतिको मनोभावना फुकेको छ भने कतिको झुकेको छ । कसैलाई धेरै उन्नतिको चाहना छ भने कोही जिउँदै

[९५] ऐजन, पृ. २५२ ।
[९६] ऐजन, पृ. २५३ ।

मरेसमान छन् । कोही भाग्यमानी छन् भने अभागी पनि छन् भन्दै यस संसारीय नाट्यशालामा हामी नाट्यपात्र सरह छौ, ईश्वरकै इशारामा नाचिरहेका छौ भन्ने भावना व्यक्त गरेका छन् :

कलाकार ईश्वर जगन्नाट्यशाला

कति लोभी दानी कति दोषी चाला ।[९७]

### ४.२.१६ *घरको सम्झना* कविताको अध्ययन

प्रस्तुत कविताको रचना झ्याउरे लयमा गरिएको छ । कविले यस कवितामा आफू घर (काठमाडौँ) छोडेर जागिरको क्रममा घरदेखि टाढा उराठलाग्दो दाङमा बस्नुपरेको दुःख व्यक्त गर्दै घरको सम्झना गरेका छन् :

टाढा छ घर आउँदैन खवर पूर्वी र सुखार

हृदय रुन्छ बस्दिनँ दाङमा गर्दछु पुकार ।[९८]

### ४.२.१७ *गीत* कविताको अध्ययन

प्रस्तुत कवितामा कविले काठमाडौँको सौन्दर्य वर्णन गर्ने क्रममा घण्टाघर, घरहरा, सुन्धारा, टुँडिखेल जस्ता स्थानबाट देखिने मनोरम दृश्यको वर्णन गरेका छन् । उनले काठमाडौँका बिजुली बत्तीको झिलिमिलीलाई जुनकीरीसँग तुलना गर्दै अब लुकीलुकी जुनकीरी हेर्नुपर्ने छैन भन्ने भाव प्रस्तुत गरेका छन् :

झिलिमिली बिजुलीको लहराले बेरौँला

टुँडिखेलको छेउबाट लुकीलुकी हेरौँला ।[९९]

---

[९७] ऐजन, पृ. २५४ ।

[९८] ऐजन, पृ. २५४ ।

[९९] ऐजन, पृ. २५५ ।

### ४.२.१८ *आव्हान* कविताको अध्ययन

चुड्का लोक छन्दमा रचना गरिएको प्रस्तुत कवितामा कविले आजको सभ्य र विकसित भनिएको मान्छेले जतिसुकै वैज्ञानिक चमत्कार सिर्जना गरेर अन्तरिक्षको यात्रा गरे पनि मानवसमाजमा जीवनलाईभन्दा मृत्युलाई निम्त्याइरहेको तीतो सत्य व्यक्त गरेका छन् :

सम्झन हे साथीभाइ विश्वको उत्पादन कस्तो छ ?
जीवनको सामग्री भन्दा मृत्युको सर्जाम सस्तो छ ।[१००]

आधुनिक युगमा अविष्कार भएका शस्त्र, अस्त्र, परमाणु बमको निन्दा गर्दै मानिसको आँशुको थोपाको महत्त्व बुझ्ने साधन नबनेकोमा चिन्ता व्यक्त गरेका छन् । अब सबै मानव शक्ति एकजुट भई अस्त्रयुग बिनास गर्दै मान्छेको दिलभित्र प्रेममय भावना जगाउन अस्त्रयुग बिनास गर्दै मान्छेको दिलभित्र प्रेममय भावना जगाउन मावनतावादी विचार व्यक्त गर्दै सम्पूर्ण मानवलाई आव्हान गरेका छन् :

मानवलाई वश पार्ने हतियारी काल
हैन, अब फैलाऊ है प्रेममय चाल ।[१०१]

### ४.२.१९ *हिन्दु* कविताको अध्ययन

प्रस्तत **हिन्दु** कविता स्रग्धरा छनदमा रचना गरिएको छ । यसमा कवि हिन्दु धर्म र दर्शनबाट प्रभावित भएर लेखिएको कविता हो । अहिंसा, शानित, विश्ववन्धुत्व, समानता, परोपकार र सहिष्णुता हिन्दु धर्मका आदर्श हुन् । हिंसा गरेको दुःख मान्ने हिन्दु धर्मावलम्वीहरू कसैप्रति भेदभाव नराखी आपतको बेलामा सहयोग गर्छन् । देशको शानको निम्ति सधैं तत्पर हुन्छन् भन्ने विचार व्यक्त गरेका छन् :

हिंसा देखेर जस्को द्रवित हृदयले अश्रुधारा पगार्छ

अर्काको निम्ति पर्दा विपत अघि सरे चट्ट हाँसी सकार्छ ।

---

[१००] ऐजन, पृ. २५६ ।
[१०१] ऐजन, पृ. २५६ ।

यो आफ्नो यो पराई मनुज-दनुजमा भेद बुद्धि नराख्ने

हिन्दुको हुन्छ यस्तै गतिविधि मनमा राष्ट्रको शान राख्ने ॥[१०२]

हिन्दुहरू सबैसँग समान व्यवहार गर्दछन्, देशद्रोही हुँदैनन् । जुनसुकै धर्मका भएपनि धनी, गरिब भएपनि हिन्दुहरू भेदभाव गर्दैनन्, ऊँकारलाई सबैभन्दा शुद्ध मान्ने हिन्दुहरू आपसमा एकता राख्दछन् । मन कर्म मैलो हुने, धनको मात्र चाहना राख्ने धनीलाई मान सम्मान गर्ने निमुखा गरिबलाई हेला व्यक्तिहरूलाई हिन्दुहरू राष्ट्रघाती ठान्दछन् । आत्मीय माया हिमालप्रति अर्पण गर्ने तथा पाखापखेरा, ताल, पशुपंक्षि, डाँडाकाँडा, कोशी नदी सबैमा हिन्दुत्व बोलेको अनुभव गर्छन् । ऋषिमुक्ति देवी देवता, गन्धर्व, सबै जातका बालक, युवा, बृद्ध सबै हिन्दुसँग भयरहित भएर बस्दछन् । विश्वका सबै जातजातिहरू हिन्दुधर्ममा श्रद्धा राख्दछन् । यहाँ ढुङ्गा, माटो, पानीमा समेत हिन्दुत्व रहेको छ । यस हिन्दु राष्ट्रको आफ्नै नियम छ, राजा, रानी प्रजाको मनमा शुद्ध हिन्दुत्वको भावना पाईन्छ भन्दै कविले हिन्दु धर्मावलम्वीहरूको महिमागान गरेका छन् ।

### ४.२.२० *राष्ट्र निर्माता श्री ५ पृथ्वीनारायण शाहमा श्रद्धासुमन* कविताको अध्ययन

कवि तोयनाथ पाण्डेयको अपूर्ण महाकाव्य 'पञ्चरत्न' को प्राप्त केही श्लोकहरू **ऋतम्भरा** पत्रिकामा 'राष्ट्र निर्माता पृथ्वीनारायण शाहमा श्रद्धासुमन' शीर्षकमा प्रकाशित छ ।

कविले प्रस्तुत कवितामा विभिन्न एघारवटा उपशीर्षक राखेर सर्ग विभाजन स्रगधरा छन्दमा काव्य रचना गरेका छन् । पहिलो उपशीर्षक 'राजाहरूका स्मरणमा' मा उनले राजाहरूको स्मरण गर्दै उनकै योगदानले नेपाल पूर्ण र स्वतन्त्र भई चम्किएको छ भनेका छन् । दोस्रो उपशीर्षक 'गर्भाधान' मा उनले राजा नरभूपालकी माहिली रानी गर्भवती भएको र उनले प्रखर सूर्यको किरण निलेको सपना देखेको प्रसङ्ग उल्लेख गरेका छन् । तेस्रो उपशीर्षक 'जन्म' मा पृथ्वीनारायण शाहको जन्म सात महिनामा नै भई जेठो सन्तान बनेको र उनको

[१०२] ऐजन, २५७ ।

विष्णु भगवानको जस्तो रूप देखेर दरवारका सबै खुसी भएको प्रसङ्ग छ । चौथौ उपशीर्षक 'नामकरण' मा उनको नाम राख्ने क्रममा पृथ्वीका विष्णु ठानेर पृथ्वीनारायण  नाम राखिएको उल्लेख छ । पाँचौ उपशीर्षक 'बाल्यावस्था' मा उनी छ वर्षको हुँदा गोरक्षनाथले दही मागेको प्रसङ्ग रहेको छ । छैठौं उपशीर्षक 'उपनयन संस्कार' मा उनको ब्रतबन्ध एघार वर्षको उमेरमा धुमधामसँग गरेको तथा उनको जन्म कौशल्याबाट भए पनि जेठी रानी चन्द्रप्रभाले उनको असाध्यै स्नेह गर्ने गरेको प्रसङ्ग रहेको छ । सातौं उपशीर्षक 'विवाह' मा उनको विवाह मकवानपुरबाट धुमधामसँग भएको उल्लेख गरेका छन् । आठौं उपशीर्षक 'दोस्रोपटक मकवानपुरबाट फर्कदा चन्द्रागिरिबाट काठमाडौं उपत्यका हेरी पृथ्वी भन्छन्' मा पृथ्वीनारायण शाहले विभिन्न राज्यहरूलाई कसरी एउटै नेपाल बनाउन सकिएला भनी कल्पना गरेको प्रसङ्ग छ :

यौटै पर्खालभित्रै नरपति भनिने भावना मात्र बाँकी
भित्री ईर्ष्या लिएका निजनिजबिचमा साँध सीमा नतोकी ।
खाली बन्छन् विलासी कसरी अनि यहाँ राष्ट्र यो एक बन्ला
कस्ले दावै नचाली कसरी अनि उसै शक्तिशाली छ भन्ला ।[१०३]

नवौं उपशीर्षक 'नरभूपाल शाहको स्वर्गारोहण' मा गोर्खाली सूर्य अस्ताउनाले सबे गोर्खालीहरू रुदैं उनको अन्त्येष्टि बुङ्कोट घाट गण्डकीमा गरिएको प्रसङ्ग छ । दसौ शीर्षक 'पृथ्वीको राज्यारोहण' मा पृथ्वीनारायणको राज्यारोहण भएपछि गोर्खालीहरूले आफ्नो दुःख बिर्सेर आफूले चाहेको राजाको आगमनले गोर्खाली सबै हर्षित भएको प्रसङ्ग छ । एघारौं उपशीर्षक 'राज्य एकीकरणको योजना' मा कीर्तिपुरमा बसेर एउटै राज्य बनाउने योजना बनाएर र अन्तमा एउटै राज्य बनाउन सफल पनि भएको प्रसङ्ग उल्लेख गरिएको छ ।

यसरी, पृथ्वीनारायणको जन्मदेखि एकीकरण सम्मको जीवनयात्रालाई सरल र सुबोध्य भाषाशैली समेटेर प्रस्तुत गरेका छन् ।

[१०३] तोयनाथ पाण्डेय, 'राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाहमा श्रद्धासुमन', **ऋतम्भरा**, (वर्ष ८ अङ्क ११), काठमाडौंः महेन्द्र संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र), २०६२, पृ. ५३ ।

**आ) संस्कृत कविताहरूको अध्ययन**

४.२.२१ ***गुरोर्वन्दना* कविताको अध्ययन**

प्रस्तुत **गुरोर्वन्दना** तोयनाथ पाण्डेयको वि.सं. २०३१ मा प्रकाशित **पद्मप्रसाद श्रद्धाञ्जली**मा प्रकाशित संस्कृत कविता हो ।

करुण रसको प्रयोग गरिएको प्रस्तुत कवितामा वियोगिनी छन्दका एघार पद्यहरू रहेका छन् । यस **गुरोर्वन्दना** कवितामा संस्कृत वाङ्मय एवं मूर्धन्य विद्वान् पद्मप्रसाद भट्टराईको गुण गौरवको चित्रण गरिएको छ । गुरु भट्टराईको निधन भएपछि यसलाई विधिको नियम मानेर मलिनतामा रमाउने गुरुपत्नीप्रति आश्चर्य प्रकट गरिएको छ । आफ्नो सम्पूर्ण जीवन गुरुकार्यमा बिताउने गुरु पद्मप्रसादको वर्णन गरेका छन् :

निजजीवनमर्पयन् गुरुर्गुरुकार्ये तनुमोहमुक् सदा ।

सहसा भगवत्पदं गतः प्रिय शिष्यानपहाय साम्प्रतम् ॥[१०४]

यसरी हेर्दा, कवि तोयनाथ पाण्डेयमा गुरुप्रति बढी श्रद्धा गुणग्राहिताको भाव रहेको स्पष्ट देखिन्छ ।

४.२.२२ **निष्कर्ष**

कवि तोयनाथ पाण्डेयले आफ्ना कविताहरूमा विभिन्न विषयवस्तुलाई समेटेर सरल भाषाशैलीमा प्रस्तुत गरेका छन् । उनका कविताहरू मूलतः समसामयिक विषयवस्तुमा सम्बद्ध रहेर प्रकृतिपरक भाव, प्रेममय भाव, सामाजिक विसङ्गति, आिर्थक अभाव, स्तुतिपरक भाव, निराशावाद, अस्तित्ववाद, विरहवेदनामा रचिएका  छन् । उनका प्रायःजसो कवितामा मानिसले समय, स्थान र परिस्थितिअनुसार जिउनुपर्छ, आफ्नो संस्कृति परम्पराको रक्षा गर्नुपर्छ अन्य देशहरूको नक्कल गर्नुहुँदैनजस्ता सन्देशहरू दिएको पाइन्छ । उनले देश, काल, माटो सुहाउँदो अनेक विषयवस्तुमा आफ्नो कवित्व देखाएका छन् । उनले सबै

[१०४] पूर्ववत्, पृ. ३१२ ।

नेपाली एकजुट भई लागेमा देशलाई निकै माथि उठाउन सकिन्छ भन्ने विचार पनि आफ्ना कविताहरूमा व्यक्त गरेको पाइन्छ ।

## ४.३ तोयनाथ पाण्डेयका निबन्धहरूको अध्ययन

तोयनाथ पाण्डेयका निबन्धहरू घण्टा, वार र साताको उत्पत्ति र उपपत्ति (२०२५), महिनाको उत्पत्ति र उपपत्ति (२०२६), नेपालमा संस्कृतको आवश्यकता किन ? (२०२६), गणितमा मनन तथा मनोरञ्जन (२०२६), बहिनीलाई चिट्ठी (२०२६), हाम्रो राष्ट्रिय संस्कृतिमा हिन्दुत्व (२०२६), ज्योतिष र जनजीवन (२०२६), अनुशासन (२०२९), आँधिखोला,गुप्तक्षेत्र र गलेश्वर (२०२९), समन्वय (२०३२), संस्कृत अध्ययन संस्थानको पहिलो तीन वर्ष र वाल्मीकि विद्यापिठ (क्याम्पस) (२०३३), विसेमिरा नेपाली दन्त्यकथा हो कि स्कन्दपुराण हो ? (२०३४), संस्कृत शिक्षा र यसका आवश्यकताहरू (२०४०), कालिदासमा वेदव्यासको प्रभाव (२०४६), आधुनिक युग सुहाउँदो आदर्श नारीत्व, नाटकीय तत्त्व, श्रुतं मे गोपाय, संयुक्त कार्यपत्र, नेपाल राष्ट्रमा संस्कृताध्ययनको स्थिति (२०३६) यसैगरी संस्कृत निबन्धहरू श्रमः (२०१९), स्थानपतिग्राम पञ्चायतम् (२०३२), शुभाद्रद्रशंसा किञ्चिद् वक्तव्यञ्च (२०४०), शुभकामना वक्तव्य रहेका छन् । ती निबन्धहरूको क्रमशः अध्ययन गरिएको छ । निबन्धको अध्ययन गर्नुभन्दा पहिले निबन्धको सामान्य जानकारी दिनु आवश्यक देखिन्छ ।

निबन्ध गद्य साहित्यका विविध विधामध्ये एक प्रमुख विधा मानिन्छ “साहित्यका चार मूल विधा मध्ये एउटा मूल विधा निबन्ध हो अन्य तीन मूल विधाहरू कविता नाटक र आख्यान हुन् ।”[१०५] ललित वा बौद्धिक गद्यभाषाका माध्यमले जीवनजगत्कै कुनै विषयबारेका मनोगत भावना, धारणा, सोचाई आदिको अभिव्यक्ति गर्ने वा कुनै विषयसम्बन्धी वस्तुगत तथ्य सत्यको अभिव्यक्ति गर्ने लघु आकारप्रकारको यस्तो विधालाई निबन्ध मानिन्छ । “निबन्ध त्यो काव्यविधा हो जसमा लेखकको व्यक्तित्व पाठक समक्ष पूर्णतया प्रकाशमान हुन्छ ।

---

[१०५] मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५), पृ. ५०१ ।

यसमा लेखकले उपदेष्टा नभई आत्मप्रकाशनको लक्ष्यमै केन्द्रित हुनुपर्छ । यसरी वर्तमान कालमा निबन्ध भन्नाले साधारणतः लेखकले बुद्धि र कल्पना दुबैको अवलम्वनद्वारा वैयक्तिक रंग मिलाई कुनै भावना वा विषयलाई संयतपूर्ण रीतिले ठीकैको लमाइमा गद्यमा लेखेको रचना बुझिन्छ ।"[१०६] निबन्ध जीवनजगत्का विषयमा लिखित भाषिक अभिव्यक्तिका रुपमा देखिने साहितियक र साहित्येतर अभिव्यक्तिको सिमान्त विधा मानिन्छ । स्वतन्त्र अभिव्यक्तिको अवसर लेखलाई प्राप्त हुने हुँदा निबन्धकारको स्वभावको छाप उसको निबन्धमा परेको पाइन्छ ।

### ४.३.१ निबन्धका तत्त्वहरू

साहित्यका अन्य विधाहरू जस्तै निबन्धका पनि आफ्नै तत्त्वहरू रहेका हुन्छन् । मूल रूपमा निबन्धका तीन तत्त्वहरू स्वीकारिन्छन् : वस्तु, शैली र उद्देश्य ।[१०७]

**क) वस्तु**

वस्तुतत्त्व निबन्धको प्राण हो । यसको अभावमा निबन्धको कल्पनासम्म पनि गर्न सकिँदैन । आत्मपरक र वस्तुपरक जुनसुकै निबन्धमा विषयवस्तु अपरिहार्य बन्दछ, तर निबन्धको विषयवस्तु साहित्यका अन्य विधाको जस्तो नियन्त्रित नभएर व्यापक र असमित हुन्छ ।

निबन्धमा स्रष्टाको बुद्धि र भावना मुख्य हुन्छ, विषय गौण बन्दछ । विषय त केवल भाव र अनुभूतिको वाहक मात्र हो । त्यसैले, मानवमस्तिष्क र हृदयसँग सम्बन्धित बुद्धितत्त्व र भावतत्त्वलाई निबन्धको खास वस्तु मानिन्छ ।[१०८] निबन्धको विषय निबन्धकारको क्षमतामा निर्भर हुने हुँदा निबन्धको वस्तु स्वयं लेखक हो । वस्तुतत्त्व अन्तर्गत निबन्धको शीर्षक, आयाम र संरचना समेत समावेश गर्न सकिन्छ ।

---

[१०६] रामलाल अधिकारी, **नेपाली निबन्धयात्रा**, (दार्जीलिङ्ग : नेपाली साहित्य सञ्चयिका, इ.सं. १९७५), पृ. १२ ।

[१०७] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध-परिचय**, नवौँ संस्करण, (काठमाडौँ : रत्न पुस्तक भण्डार, २०५५), पृ. १९ ।

[१०८] केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाश**, छैटौँ संस्करण, (ललितपुर : साझा प्रकाशन, २०४९), पृ. १७१ ।

**ख)** **शैली**

निबन्धको अभिव्यक्ति गर्ने माध्यम शैललाई मुख्य तत्त्व मानिन्छ । "आफ्नो विचार वा कुनै विषयवस्तुलाई अरूछेउ सम्प्रेषण गर्न तयार गरिएको शब्द, वाक्य र अनुच्छेदहरूको बुनोटलाई शैली भनिन्छ । शैली भनेको भाव र भाषाको सङ्गमस्थल हो । लेखनकार्यका लागि जसरी परिमार्जित भावको आवश्यकता हुन्छ, त्यसरी नै परिमार्जित भाषाको पनि भाव र भाषालाई एकै ठाउँ समन्वित ढङ्ग शैली हो ।"[१०९] प्रत्येक व्यक्तिलेखकका भाव र भाषामा अन्तर हुन्छ । त्यसैले, प्रतिव्यक्ति शैली पनि भिन्न भिन्न हुन्छ ।

**ग)** **उद्देश्य**

कुनै पनि कामको उद्देश्य रहेको हुन्छ । साहित्य निर्माणको पनि आफ्नो उद्देश्य रहेको हुन्छ । निबन्ध पनि साहित्यकै विधा भएको हुँदा यसको पनि उद्देश्य हुन्छ ।

प्रत्येक निबन्धकारमा कुनै न कुनै उद्देश्यले प्रेरित हुन्छ र आफ्नो उद्देश्यपूर्तिका लागि प्रयत्नशील रहन्छ । बिना उद्देश्यको निबन्ध निरर्थक प्रलापमात्र बन्दछ । निबन्ध कलात्मक आत्मप्रकाशनको माध्यम हो । अल्पसमयमा कुनै पनि विषयको परिचय दिनु निबन्धको उद्देशय हो । यसमा लेखकको व्यक्तित्वको निर्भीक र निःसङ्कोच अवतरण हुन्छ । त्यसैले, निबन्धकारको मूल उद्देश्य उपदेश दिनु नभई सूचना दिनु र आत्मप्रकाशन गर्नु हो ।[११०] उद्देश्यलाई पनि निबन्धको मुख्य तत्त्व मानिन्छ । उपर्युक्त तत्त्वहरूका आधारमा निम्न निबन्धहरूको अध्ययन गर्न सकिन्छ ।

**अ)** **नेपाली निबन्धहरूको अध्ययन**

४.३.२ ***घण्टा वार र साताको उत्पत्ति र उपपत्ति* निबन्धको अध्ययन**

तोयनाथ पाण्डेको 'घण्टा, वार र साताको उत्पत्ति र उपपत्ति' निबन्ध वि.सं. २०२५ **मर्यादा** (वर्ष १, अङ्क १) पत्रिकामा प्रकाशित भएको हो । मध्यम आयामको

---

[१०९] गोपिप्रसाद शर्मा, पूर्ववत्, पृ. २०

[११०] केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १७२ ।

निबन्ध हो । हामीले परापूर्वकालदेखि मान्दै आएको घण्टा, वार र साताको उत्पत्ति र नामकरण कसरी भयो भन्ने जानकारी दिने निबन्ध हो ।

प्रस्तुत निबन्धको आदि भागको आरम्भमा सवै प्राचीन मानिने वेदग्रन्थहरूमा समेत ज्योतिष सम्बन्धी चर्चा गरिएको छ । ज्योतिष विषय समाजका आस्तिक-नास्तिक, धनी-गरिब, ग्रामीणनागरिक, सभ्य-असभ्य, विद्वान्-मूर्ख प्रत्येकलाई जन्मदेखि मृत्युसम्म अत्यावश्यक रहने निबन्धकारले जानकारी गराएका छन् । उनका अनुसार पृथ्वीको केन्द्रभन्दा केही माथि विभिन्न ग्रहकक्षहरूको केन्द्र मानिएको छ । यसरी हेर्दा सबैभन्दा नजिक पृथ्वी र सबैभन्दा टाढा शनिश्चर रहेको उल्लेख गरेका छन् । मध्यभागमा हाम्रो संस्कृति अनुसार जातको शुभ अशुभ फल र धार्मिक पक्षहरू कालद्वारा निर्धारण हुने निबन्धकारको विचार रहेको छ । कालमा होरा (घण्टा) शब्द ग्रिकबाट आएको अथवा अङ्ग्रेजी आवर शब्दबाट भने पनि, अहोरात्र शब्दको अगाडि पछाडिको अक्षर लोप भएर बनेको हो भन्ने स्पष्ट पारेका छन् । होरा शब्द प्रत्येक ग्रहको जिम्मामा दिएको छ । शनिबारको दिनपछिको विहान ५ बजेसम्म २४ होराको समय समाप्त भएपछि शनिबार पूरा हुन्छ । २५ औं होरा अर्थात् दोस्रो दिनको सूर्योदयपछिको पहिलो होरा सूर्यको हुन्छ । आइतवारको दिन २४ होरा पछि २५ औं सूर्योदयको होरा चन्द्रको हुन्छ । यसरी नै बुध, वृहस्पती र शुक्रको सूर्योदयको दिनको समय रहने तथा त्यसै अनुसार वारको नाम रहने स्पष्ट पारेका छन् । वारको गणना आइतवारदेखि हुनुपर्नेमा शनिवारदेखि रहेको छ । किनभने शनिवार उच्चपदासिन छ । त्यसैकारण नेपालमा शनिवार विदा गर्ने प्रचलन रहेको निबन्धकारले उल्लेख गरेका छन् । ग्रहकक्षाअनुसार सूर्यबाट गणना हुने हुँदा हप्ताको आरम्भ आइतवारबाट भएको तथा पाश्चात्य देशमा आइतवार विदा गर्ने प्रचलन भएको होल भन्ने अनुमान गरेका छन् । सप्ताह शब्दबाट हप्ता बनेको र केवल वारको संख्या मात्र नभएर धार्मिक पक्षबाट मुक्ति दिने अर्थ हुन्छ भनेर हप्ताको नामकरण ज्योतिषशास्त्रअनुसार भएको पाइन्छ । निबन्धको उत्कर्षमा न सूर्य कहिल्यै उदाउँछ न कहिल्यै अस्ताउँछ । त्यो केवल दिनको अन्त्यमा आफूलाई उल्टो घुमाउँछ जसलाई हामी उदय र अस्त भएको ठान्छौ भनेर स्पष्ट पारेका छन् । अन्त्यमा,

उनलै कुनै पनि विषयको राम्रो अध्ययन नगरी यत्तिकै आलोचना गर्ने बानी हास्यास्पद हो भनेका छन् ।

घण्टा, वार र साताको उत्पत्ति र नामकरणको जानकारी दिने विषयमा आधारित वर्णनात्मक निबन्ध हो । तृतीयपुरुष दृष्टिबिन्दुमा लेखिएको यस निबन्धमा तत्सम र झर्रो नेपाली शब्द प्रयोग गरिएको छ ।

प्रस्तुत 'घण्टा, वार र साताको उत्पत्ति र उपपत्ति' निबन्धमा सरल भाषाशैलीको प्रयोग गरिएको छ । निबन्धकारले कुनै ठाउँमा ठेट नेपाली शब्दको प्रयोग गर्नुका साथै कुनै ठाउँमा संस्कृत तत्सम, तद्भव र आगन्तुक शब्दको समेत प्रयोग गरेको पाइन्छ । निबन्धमा प्रयोग गरिएका अङ्ग्रेजी शब्दहरूले मिठास थपेका छन् । नेपाली भाषाको प्रयोगमा सफलता हासिल गरेका निबन्धकारले आफ्नो बौद्धिकतालाई निबन्धमा उतारेको पाइन्छ ।

प्रत्येक निबन्धको केही न केही उद्देश्य रहेको हुन्छ । प्रस्तुत निबन्धको उद्देश्य हाम्रो प्रचलनमा रहेका घण्टा, वार र साताको उत्पत्तिका बारेमा ज्योतिषशास्त्रको नियमबारे सम्पूर्ण पाठकहरूलाई जानकारी गराउनुका साथै पाठकहरूलाई मनोरञ्जन दिलाउनु रहेको देखिन्छ ।

### ४.३.३ ***महिनाको उत्पत्ति र उपपत्ति* निबन्धको अध्ययन**

तोयनाथ पाण्डेयको 'महिनाको उत्पत्ति र उपपत्ति' निबन्ध वि.सं. २०२६ सालमा **मर्यादा** (वर्ष १, अङ्क २) पत्रिकामा प्रकाशित भएको हो । यस निबन्ध मध्यम आयामको रहेको छ । यसमा हाम्रो वर्षभरिका महिनाको निर्धारण ज्योतिषशास्त्रद्वारा कसरी हुन्छ भन्ने विषयमा जानकारी दिइएको छ ।

प्रस्तुत निबन्धको आदिभाग, वौदिक तथा लौकिक परम्परामा मुख्य रूपले सौर, सावन, चान्द्र र नक्षत्र गरी चार प्रकारका मासको गणना गर्ने विधान रहेकोमा मानिसले यिनै चार मासको आधारमा व्यवहार चलाउने कुराको जानकारीबाट भएको छ । मध्यभागमा चारमास मध्ये सावन र नक्षण विशेषतः वैदिककार्य, जन्ममरण आदि बारेमा सौरमास गणनामा उपयुक्त हुने जानकारी

गराएका छन् । सोरमास र चान्द्रमासको सामन्जस्यका निमित्त बीचबीचमा अधिमास र क्षयमासको उत्पत्ति हुने मानिएको छ । यसरी ६ प्रकारका मासहरू आउने तथा महिनाको नाम आकाशीय नक्षत्र अनुसार रहने जानकारी दिएका छन् । आकाशमा रहने २७ नक्षत्र र त्यसका १०८ पाउ मध्ये ९ पाउको १ राशिको हिसाबले भेषादि १२ राशिले कान्तिवृत्त सबैभाग ढाकेको हुने उल्लेख गरेका छन् । यिनै १२ राशिमा सूर्य जानाले सौरमास हुन्छ भनिएको छ । सूर्य पूर्वमा उदाएर पश्चिम जाने भोलिपल्ट पूर्वबाट उदाउने हुँदा सूर्यले क्रान्तिवृत्त सबै हिडिसके जस्तो लाग्छ तर ग्रह बसेको स्थान नै पश्चिमतिर घुमेको हुँदा वास्तवमा सूर्य पूर्वतिरमात्र घुम्ने जानकारी गराउँदै यस गतिले सूर्यलाई १ राशि आकाशप्रदेश घुम्न १ महिना लाग्छ त्यसैलाई सौरमास भनिने कुरा उल्लेख गरेका छन् । उत्कर्ष भागमा कर्करेखा र मकररेखा समयका सीमारेखा भनिएका छन् । सौरमासको सम्बन्ध सूर्यसँग हुने तथा चन्द्रमासको सम्बन्ध चन्द्रमासँग रहने बताउँदै चन्द्रमाको कृष्णपक्ष र शुक्लपक्ष मिलाएर १ चन्द्रमास हुने उल्लेख गरेका छन् । पूर्णिमाको दिन जुन नक्षत्र पर्दछ त्यही नक्षत्रको नामबाट त्यो महिनाको नाम बन्दछ, चित्रा नक्षत्रबाट चैत्र, विशाखा नक्षत्रबाट वैशाख र जेष्ठा नक्षत्रबाट जेठ आदि बनेको जानकारी गराएका छन् । अन्त्यमा सौरमास र चान्द्रमासको अन्तर एक चान्द्रमासको हुँदा सामञ्जस्य राख्न चान्द्रमासमा १ अधिकमास बढाइने हुँदा यसलाई अधिकमास भनिएको उल्लेख गरेका छन् । यसरी पनि सामञ्जस्य हुन नसक्दा त्रयमास मानेर सामञ्जस्य गरिने जानकारी गराएका छन् ।

प्रस्तुत 'महिनाको उत्पत्ति र उपपत्ति' निबन्धमा निबन्धकारले वर्षभरिका महिनाको उत्पत्ति र त्यसको नामकरणबारे वर्णन गरेका छन् । निबन्धमा प्रयाग गरिएका संस्कृत भाषाका तत्सम शब्द र अन्य भाषास्रोतबाट आएका आगन्तुक शब्दको सजावटले निबन्धलाई रोचक बनाएको पाइन्छ । निबन्धको बीचबीचमा प्रयोग गरिएका अङ्ग्रेजी भाषा र ग्रिक भाषाका शब्दहरूले निबन्धमा मिठास थपेको पाइन्छ ।

प्रस्तुत निबन्धको मुख्य उद्देश्य योतिषशास्त्र अनुसार महिनाको उत्पत्ति कसरी हुन्छ ? नामकरण कसरी गरिन्छ भन्ने बारेमा पाठकलाई जानकारी

गराउनुका साथै महिनाको उत्पत्तिबारे जानकारी पाएपछि पाठकले आनन्दानुभूति गर्ने हुँदा पाठकलाई मनोरञ्जन दिने उद्देश्य रहेको देखिन्छ ।

### ४.३.४ *नेपालमा संस्कृतको आवश्यकता किन ?* **निबन्धको अध्ययन**

तोयनाथ पाण्डेयको 'नेपालमा संस्कृतको आवश्यकता किन ?' निबन्ध वि.सं. २०२६ सालमा **मर्यादा** (वर्ष १, अङ्क ३) पत्रिकामा प्रकाशित भएको हो । मध्यम आयामको यस निबन्धमा संस्कृत शिक्षाका पक्ष विपक्षका तर्कहरू राख्दै पक्षलाई बलियो बनाएका छन् ।

निबन्धको आदिभागमा मानिसको जीवनमरणमा संस्कृतको आवश्यकता रहेको जानकारी गराउँदै प्राचीनकालमा बच्चादेखि बृद्धसम्मका सबैको जीवन संस्कृतमा नै चलेको थियो । समयले विभिन्न कोल्टो फेर्दा भने समाजमा विदेशीहरूको प्रभाव पर्न थाल्यो त्यसपछि नेपालमा सरुग्ण र अरुण गरी दुई पक्षको जन्म भएको स्पष्ट पारेका छन् । मध्य भागमा बिपक्षीहरूले पुरानो अन्धकारलाई त्यागेर उज्यालोलाई अँगालेका छौ । मृत्युपछिको स्वर्गलोकभन्दा मृत्यु अघिको चन्द्रलोक अँगाल्छौ भनेको पाइन्छ । संस्कृतले कहिल्यै पुग्न नसकिने स्वर्ग, नर्कमा विश्वास गर्छ भन्ने विपक्षीहरूको मत भएको जानकारी गराएका छन् । पक्षहरूको मतमा संस्कृत पवित्र, नैतिक छ जसमा हामी आत्मगौरब, राष्ट्रगौरब गर्दछौँ । यसमा मित्रताको सच्चाभावना छ । सबै सुखी, निरोगी रहुन कोही दुःखी नहुन् भन्ने भावना हुन्छ । स्वर्गको कुरा अन्य ग्रन्थहरू बाइबल, कुरानमा पनि भएको मत रहेको निबन्धकारले देखाएका छन् । पतन हुने अवस्थामा पुगे पनि हिन्दु संस्कृति अमर रह्यो भन्ने जानकारी गराएका छन् । उत्कर्ष भागमा नेपालमा संस्कृतको आवश्यकता किन छ भने पहिले दुबै पक्षले एक अर्कालाई चिन्न सकेनन् अहिले मित्रताका लागि तयार छन् । दुबै संस्कृति एउटै द्वारका दुई खामा जस्ता छन् । जातीयभेद, रङ्गभेद जस्ता विषयमा अन्य देशहरूले नेपालबाट सिक्नुपरेको छ । नेपालमा बस्ने हिन्दुमध्ये कसैले म हिन्दु होइन भन्न सक्दैन । संस्कृतको 'सत्यं शिवं सुन्दरम' भावनाले मानिसलाई आचारवान, विचारवान बनाउन सक्दछ भन्ने

बताउका छन् । नेपालको इतिहास यथार्थमा देखाउन र पुरातात्त्विक अन्वेषणलाई सर्वाङ्गपूर्ण बनाउन नेपालमा संस्कृतको आवश्यकता रहेको निबन्धकारको मत छ । अन्त्यमा, सर्वप्रथम संस्कृतको इटाको जग बनाउनुपर्छ अनि वैज्ञानिक महल बन्छ, त्यसपछिमात्र कारखाना रूपि देशबाट इमान्दार कर्तव्य र अधिकारको सदुपयोग गर्ने राष्ट्रका निष्पक्ष कर्णधारहरू उत्पन्न हुनेछन् । मानिसमा आत्मीय भाव उत्पन्न गर्नका लागि संस्कृतका दिव्यसन्देशहरू जीवनमा लागु गर्नुपर्दछ । त्यसकारण, नेपालमा संस्कृतको आवश्यकता रहेको निबन्धकारले जानकारी गराएका छन् ।

प्रस्तुत निबन्धको मुख्य उद्देश्य संस्कृत शिक्षाको आवश्यकताको बारेमा जानकारी गराउनुका साथै नेपाली दन्त्यकथाको बारेमा पनि पाठकहरूलाई जानकारी गराउनु रहेको छ । संस्कृत शिक्षाको महत्त्वलाई स्पष्ट रूपमा पाठकलाई जानकारी गराउनुका साथै संस्कृत शिक्षातर्फ सबैको चासो जगाउनु निबन्धकारको उद्देश्य रहेको देखिन्छ ।

### ४.३.५ *गणितमा मनन तथा मनोरञ्जन* निबन्धको अध्ययन

तोयनाथ पाण्डेको ‘गणितमा मनन तथा मनोरञ्जन’ शीर्षकको निबन्ध वि.सं. २०२६ सालमा **मर्यादा** (वर्ष १, अङ्क ४) पत्रिकामा प्रकाशित भएको हो । यसको आयाम मध्यम रहेको छ । गणितबाट मनोरञ्जन लिन सकिन्छ भन्ने विषयमा उदाहरण सहित चर्चा गरेका छन् ।

निबन्धकारको पहिलो मनोरञ्जनअनुसार १६ कोठाको वर्गाकार क्षेत्रमा चार-चार कोठाको लम्वाई र चौडाई बनाउने, ती कोठाहरूको अङ्क योग लम्वाई र चौडाईमा एउटै अङ्क अथवा आफूले चाहेको अङ्क योग बनाउन सकिन्छ । सर्वप्रथम आफूले चाहेको अङ्क लिने त्यसलाई आधागरी त्यसमा पनि एक घटाएर ती कोठाहरू मध्ये दोस्रो कोठामा लेख्ने, त्यही घटाइएको अङ्कमा फेरी एक घटाएर नवौं कोठामा लेख्ने, घटाइएको त्यही अङ्कमा पनि एक घटाएर सोह्रौ कोठामा लेख्ने, यसै क्रमले सातौं, आठौं, पन्ध्रौं, दशौं र पहिलो कोठामा अङ्कहरू भर्ने, यसरी भर्दा

आठवटा कोठा भरिन्छन् बाँकी आठवटा कोठामा क्रमशः २, ७, ६, ३, ८, १, ४, ५ अङ्कहरू भरिसकेपछि आफूले चाहेको अङ्कयोग लम्वाइ तथा चौडाइमा आउनेछ । दोस्रो मनोरञ्जनमा ९ वर्ष सम्मका केटाकेटीको उमेर पत्ता लगाउने तरिका रहेको छ । केटाको भन्दा केटीको उमेर कम रहेछ भने केटीको उमेरलाई २ ले गुणा गरी योगमा ५ जोड्ने जति हुन्छ त्यसमा केटाको उमेर जोड्ने जति योग आउँछ त्यसमा २५ घटाउने र आएको संख्यामा बाँयातिरको केटीको उमेर र दायाँतिरको केटाको उमेर आउँछ । तेस्रो मनोरञ्जनमा, ज्योतिष नपढीकन कसैको जन्म गते, महिना, वर्ष र वार जान्नका लागि उक्त जान्नुपर्ने व्यक्तिलाई आफ्नै जन्म गतेलाई २ ले गुणा गरी आएको अङ्कमा १० जोड्न लगाउने फेरी त्यसलाई ५० ले गुणागरी आएको अङ्कमा जन्म महिना र ५५ जोड्न लगाउने त्यसपछि आएको अङ्कमा दुईवटा शून्य थप गर्न लगाउने, त्यसमा आफ्नो वर्ष र ५५ जोड्न लगाउने त्यसपछि आएको योगलाई १० ले गुणा गरी आफ्नो जन्म वार र ५ जोड्न लगाउने अनि रहेको ६ वा ७ अङ्क हुन्छन् । बाँयाबाट पहिलो एक अङ्क गते हुन्छ, अङ्कको भएपछि दुईवटा अङ्क गतेको हुन्छ । त्यसपछिको दुई अङ्क महिनाको, त्यसपछिको दुई अङ्क वर्षको र त्यसपछिको एक अङ्क वारको हुन्छ । चौथो मनोरञ्जनमा एउटै गुण्य १५२२०७ लाई ९ वटा गुणकहरू ७३, १४६, २१९, २९२, ३६५, ४३८, ५११, ५८४ र ६५७ ले क्रमशः गुणन गर्दा गुणनफल क्रमशः ८ वटा एकदेखि आठवटा नौं सम्म आउँछन् । पाचौं मनोरञ्जनमा, साझाभित्र कलम किनेर ३ जना मानिसले रु. ११ का दरले ३३ रुपैयाँ दिएछन् बाहिर आएर कलम बेच्नेले ३ वटा कलममा ४ रूपैयाँ बढी भनेको थाहा पाएर फर्केछन् । त्यहाँ अर्कै केटालाई पैसा फर्काउन लगाएछ, त्यस केटाले तीनजनालाई १-१ का दरले तीन रूपैयाँ फिर्ता गरेछ र १ रूपैयाँ आफैले राखेछ । यो सबै देख्ने रामले मनमनै हिसाब गर्दा तीनवटा कलमको ३० रुपैयाँ पऱ्यो, १ रुपैयाँ त्यस केटाले लियो बाँकी २ रुपैयाँ कहाँ गयो भनेर छक्क परेको देखेर धन र ऋण जोड्दा घटाउनु पर्ने जानकारी दिएका छन् ।

गणितमा मनोरञ्जन लिने विषयमा आधारित निबन्ध हो । तृतीयपुरुष दृष्टिबिन्दुमा लेखिएको निबन्धमा तत्सम र झर्रा नेपाली शब्द तथा संस्कृतका श्लोक प्रयोग गरिएको छ ।

प्रस्तुत निबन्धमा निबन्धकारले वर्णनात्मक शैलीको प्रयोग गरी केटा र केटीको उमेर पत्ता लगाउने विधिको परीक्षण गरेका छन् । यसमा उनले गणितका माध्यमबाट सृष्टिका सम्पूर्ण वस्तुहरूको सङ्ख्या पत्ता लगाए झैँ केटा र केटीको उमेरमा पनि वर्ष, महिना र वारसमेत पत्ता लगाउन सकिन्छ भन्ने कुरा अगाडि सारेका छन् ।

गणितमा मनोरञ्जन लिन चाहने पाठकहरूलाई जानकारी दिई मनोरञ्जन दिने उद्देश्यले लेखिएको यस निबन्धको प्रमुख उद्देश्य पाठकलाई आनन्दप्रदान गर्नु हो । हास्यात्मक पारामा लेखिएको यस निबन्धमा पाठकहरूलाई हाँसो उठ्ने खालका शब्दहरूको प्रयोग गर्दै गणितमा समेत मनोरञ्जन गराउनु निबन्धकारको उद्देश्य देखिन्छ ।

### ४.३.६ *बहिनीलाई चिठी* निबन्धको अध्ययन

तोयनाथ पाण्डेको 'बहिनीलाई चिठी' वि.सं. २०२६ सालमा **मर्यादा** (वर्ष २, अङ्क १) पत्रिकामा प्रकाशित पत्रात्मक निबन्ध हो । मध्यम आयामको निबन्ध हो । यस निबन्धमा हिन्दु संस्कृतिको महत्त्व देखाउँदै पाश्चात्य संस्कृतिले ल्याएको विकृतिको व्यङ्ग्य गरेका छन् ।

निबन्धको आदिभागमा निबन्धकारले नेपालभरी खुसी तथा उल्लाखमय वातावरणले छाएको अनुभव व्यक्त गरेका छन् किनभने राज्यको सर्वोत्कृष्ट युवकको व्राह्म विवाह हुँदैछ । विदेशी देशहरूमा हुने गरेको स्वतन्त्र प्रेमविवाह, रजिष्ट्री विवाह र कैयौ संख्यामा भएका सम्बन्ध विच्छेदले आफूलाई दुःखी तुल्याएको निबन्धकारले उल्लेख गरेका छन् । मध्य भागमा नारीप्रति हुने अत्याचारजस्ता पुरानो आदर्श आजको युगमा लागु सम्भव हुँदैन त्यसैले समयअनुसार परिवर्तन गर्नुपर्छ भन्ने मान्यता राखेका छन् । क्षणिक आनन्दमा

रमाउनेहरू अनुभवजन्य तथ्यातमक उपदेश रुचाउँदैनन् । विदेशी मोहमा डुबेर आधुनिक सभ्यता अँगाल्नेहरू प्राचीन परम्पराप्रति नकारात्मक दृष्टि राखेको पाइन्छ । आफ्नो देशका परम्परागत संस्कारहरूलाई त्यागेर विदेशीहरूको अवगुणलाई गुण सम्झेर अँगालेको पाइन्छ । आधुनिकताको नाममा आफ्नो संस्कृति त्यागेर विदेशी संस्कार अपनाउछन् भन्ने जानकारी दिएका छन् । पतिको समृद्धिका लागि लावाहरू अग्नीमा होम गर्ने र पत्नीका सौभाग्यका लागि पतिले पाणीग्रहण गर्ने प्रचलन रहेको ब्राम्ह विवाह हो । उनले यस विवाहमा सम्बन्ध विच्छेदको गन्धसम्म नपाइने स्पष्ट पारेका छन् ।

आधुनिक विवाह स्वतन्त्र हुन्छ, सन्तान भए पनि पितृत्व र मातृत्व पाइँदैन कीरा पटेङ्ग्रा समान पालिन्छन् भन्ने विचार निबन्धकारको छ । बिच्छेद गर्ने विवाह गर्ने स्त्री-पुरुष दुबैमा अनुशासन हुँदैन, मन शुद्ध हुँदैन, प्रेम स्नेह हुँदैन, मानिसको नयाँ नयाँ चाहनाले गर्दा चार दिनमानै बिच्छेद हुनसक्छ भन्ने विचार व्यक्त गरेका छन् । उत्कर्षभागमा प्रेम संसारमा सबैभन्दा उच्च वस्तु हो । प्रेम र काममा ठूलो फरक रहेको छ । कामलाई प्रेम भन्न मिल्दैन । त्यसैले, विवाह प्रेमको स्वरूप हो यो नित्य र अच्छेद्य छ जसले नरनारीको सम्बन्ध सुमधुर बनाउँछ । कुनै कारणवंश मतभेद भयो भने पनि त्याग, क्षमा, सहिष्णुता र धैर्य आदिले मन सुधार गरेर मतभेद शान्त पार्दछन् भन्ने स्पष्ट पारेका छन् । अन्त्यमा, लोग्ने स्वास्नीको झगडा परालको आगो भएकाले पति पत्नी दुबै सहयोगी हुनुपर्छ । बिच्छेदको कानुन कानुनमै रहन दिनुपर्छ व्यवहारमा लागु गर्नुहुँदैन भन्ने निबन्धकारको भाव रहेको छ ।

यस निबन्धमा सरल भाषाशैलीको प्रयोग गरिएको छ । यो विदेशी संस्कृति अपनाउनेहरू र विदेशतिर पलायन हुने नेपालीहरू प्रति व्यङ्ग्य प्रहार गरी लेखिएको व्यङ्ग्यात्मक पारामा लेखिएको निबन्ध हो । यसमा दिदी प्रथम पुरुषका रुपमा रहेकी छिन् भने बहिनी तृतीय पुरुषको रूपमा देखापरेकी छिन् । प्रथम पुरुष दिदीले तृतीय पुरुष बहिनीलाई सम्झाउने क्रममा निबन्धका बीच-बीचमा तत्भव र आगन्तुक शब्दको साथै झर्रो नेपाली शब्दको उचित प्रयोग गरिएको छ ।

यस निबन्धको मुख्य उद्देश्य आफ्नो संस्कृतिलाई छोडेर विदेशी संस्कृति अपनाउने बहिनी जस्तै अन्य नेपाली भनाउँदाहरूलाई आफ्नो संस्कृति र परम्पराको रक्षा गर्नतिर उन्मुख गराउनु रहेको छ । नेपालीहरू आधुनिकताका नाममा विदेशी संस्कृति अपनाएर समाजमा विकृति सिर्जना गरिरहेका छन् तर हामीले यसको बिरोधमा उठेर आफ्नो संस्कृतिको जगेर्ना गर्नुपर्छ भन्ने यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

### ४.३.७ *हाम्रो राष्ट्रिय संस्कृतिमा हिन्दुत्व* **निबन्धको अध्ययन**

तोयनाथ पाण्डेको 'हाम्रो संस्कृतिमा हिन्दुत्व' निबन्ध वि.सं. २०२६ सालमा **हाम्रो संस्कृति** (वर्ष ३, अङ्क ३) पत्रिकामा प्रकाशित भएको हो । मध्यम आयामको निबन्ध हो । हिन्दुराष्ट्रको सबैभन्दा ठूलो शक्ति हिन्दुत्व हो भन्ने विषयमा आधारित निबन्ध हो ।

प्रस्तुत निबन्धको आदि भागमा हिमालयको 'हि' र सिन्धुको 'न्धु' मिलेर हिन्दु बनेको हो । हिमाली नदीहरूले मैदानी भागलाई हराभरा बनाए जस्तै हिमालयका महर्षिहरूले मैदानी भागमा संस्कृति ढकमक्क फुलाएका छन् भन्ने विचार निबन्धकारले व्यक्त गरेका छन् । मधय भागमा दुष्टहरूलाई रगड्ने हुनाले हिन्दु भनिएको जानकारी गराउँदै नारायण आदि देवतालाई मान्ने हिन्दुहरू न त दुर्जन हुन्छ, न अनार्थ हुन्छ, न दिन्दक नै हुन्छ, जसले दुष्टलाई दोष दिन सक्छ त्यो नै हिन्दु हो भन्ने स्पष्ट पारेका छन् । निबन्धकारको विचारमा यस हिन्दु राष्ट्र हाम्रो देशको आफ्नै इतिहास, आफ्नै सम्पन्न संस्कृति छ । उदात्त आदर्श, रहस्यमयी भावना, समर्थ जीवन र स्वस्थ तेज देशभरी रहेको उनको धारणा छ । सभ्यता र संस्कृति एक अर्कामा भिन्न हुन् सभ्यता बाह्यतत्त्व हो भने संस्कृति आन्तरिक तत्त्व हो सभ्यता एकैछिनमा नक्कल गर्न सकिन्छ भने संस्कृतिलाई अपनाउन धेरै समय लाग्ने हुन्छ किनभने संस्कृति धार्मिक विश्वासकासाथ रहेको हुन्छ भन्ने कुरा उनले स्पष्ट पारेका छन् । उनले समन्वय हिन्दुत्वको सबैभन्दा ठूलो विशेषता हो भन्दै अनेकतामा एकता हिन्दु संस्कृतिले चाहन्छ भन्ने जानकारी गराएका छन् ।

समाजका विभिन्न विकृति, विसङ्गतिको अवस्थाले क्रान्ति निम्त्याउँछ तर हिन्दुले भने सबै विषयका समस्यालाई निर्भूल गरी सुख शान्ति दिन्छ भन्ने विश्वास व्यक्त गरेका छन् । उत्कर्षमा धर्म भनेको मानिसको अन्तर्जीवन र बाह्यजीवन, व्यष्टि जीवन र समष्टि जीवनका सबै भागमा सुन्दर सामञ्जस्य गरेर मानिसको आत्मामा सत्य, शिवम् सुन्दरम्लाई लक्ष्यमा राखेर जगत्मा सर्वाङ्ग सुखी राष्ट्रको निर्माण नै हिन्दु जीवनको लक्ष्य हो भन्ने विचार व्यक्त गरेका छन् । अन्त्यमा, हाम्रो राष्ट्रिय संस्कृतिमा हिन्दुत्वले सामाजिक जीवन, राष्ट्रिय जीवन, आर्थिक जीवन र व्यक्तिगत जीवन आदि सबै प्रकारका जीवनको विरोधमा समानताको कामना गर्दै आएको छ भन्ने जानकारी गराएका छन् । हिन्दु सभ्यता र संस्कृतिको जानकारी दिइएको वर्णनात्मक निबन्ध हो ।

भाषा प्रयोगका दृष्टिले हेर्दा यसमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ । नेपाली भाषाका शब्द बाहेक अन्य भाषास्रोतबाट आएका शब्दहरूले पनि निबन्धलाई बढी प्रभावकारी तुल्याएका छन् ।

प्रस्तुत निबन्धको उद्देश्य हाम्रो सांस्कृतिक परम्परामा प्रचलित हिन्दु धर्मको बारेमा पाठकहरूलाई जानकारी दिनुरहेको छ । हामीले धर्मको रक्षा गर्नुपर्छ, हिन्दुत्व भनेको वाह्य जीवन, व्यष्टिजीवन र समष्टि जीवनका सबै विभागमा सुन्दर सामाञ्जस्य स्थापित गरेर मनुष्यको आत्मको चरम स्वरूपको उपलब्धिलाई लक्ष्यमा राखेर यस जगत्मा सर्वाङ्ग सुन्दर सुखी मानव जीवन शान्तिमय मानव समाजको स्थापना गर्नतिर मानवहरूलाई प्रेरित गराउनु नै यसको प्रमुख उद्देश्य रहेको छ ।

### ४.३.८ ***ज्योतिष र जनजीवन* निबन्धको अध्ययन**

तोयनाथ पाण्डेको 'ज्यौतिष र जनजीवन' निबन्ध वि.सं. २०२६ (वर्ष ४ अङ्क २) मा **हाम्रो संस्कृति** पत्रिकामा प्रकाशित भएको हो । यस निबन्धमा ज्योतिषले हाम्रो जनजीवनमा पार्ने प्रभाव तथा ज्योतिषशास्त्रको बारेमा विस्तृत रुपमा जानकारी दिइएको छ ।

प्रस्तुत निबनधमा निबन्धकारले आदि भाग ज्योतिषलाई रहस्यात्मक सिद्धान्तका रूपमा देखाएका छन् । ज्योतिषशास्त्रका पनि दुईभाग होरा र फलात्मक संहिता देखाउँदै उनले होराका विषय संवत्सर पञ्चाङ्ग, जातक, नष्टजातक, वर्षफल प्रश्न मुहूर्तादि रहेको तथा संहिताको विषय भूगर्भ ग्रहचार भूमि अन्तरिक्षबाट उत्पन्न हुने प्राकृतिक तथा अप्राकृतिक लक्षण र फलवर्णन रहेको जानकारी गराएका छन् । निबन्धको मध्यभागमा निबन्धकारले अनिष्टबाट प्राणिहरूलाई बचाएर इष्टतिर प्रेरित गरेर सच्चा रूपमा कल्याण गर्नु ज्योतिषको लक्ष्य रहेको तर कसैले यसको मर्यादा उल्लङ्घन गरेमा अनिष्ट भोग्नुपर्ने कुरा स्पष्ट पार्दै ज्योतिषको महत्त्व बताएका छन् । ज्योतिषले मानिसको गर्भाधानदेखि मृत्युपर्यन्त प्रभाव पर्नै कुरामा निबन्धकारको विश्वास रहेको देखिन्छ । निबन्धको उत्कर्षमा ज्योतिषशास्त्र अनुसार ग्रहहरूको सञ्चारव्यवस्था हुने तथा चन्द्रग्रहण, सूर्यग्रहण चन्द्रमाको श्रृङ्खलाको जानकारी पाइने हुँदा यसका समर्थकहरू प्रशस्त रहेको निबन्धकारले जानकारी गराएका छन् । पृथ्वीमा आकाशीय पिण्डहरूको प्रभाव परिरहने हुँदा जन्मने नवजनत शिशुको जीवनमा उन्नति अवनतिका रेखाहरू खिचिने जानकारी दिँदै जन्मकुण्डली निर्धारण गर्ने तरिका र यसका ग्रहहरूले वैज्ञानिक प्रभाव पार्ने बारेमा निबन्धकारले स्पष्ट जानकारी दिएका छन् । निबन्धको अन्त्यमा आकाशमा पृथ्वी सहित अनेक ग्रह-उपग्रहहरू बीच आकर्षण-प्रत्याकर्षण सङ्कोच आदिका कारण पार्थिक तत्त्वधारी मानवमा जल, तेज, वायू आकाश आदि विभिन्न तत्त्वहरूको प्रभाव पर्नु स्वभाविक हो भनेर निबन्धकारले ज्योतिष र मानवीय जनजीवनबीचको सम्बन्ध देखाएका छन् ।

प्रस्तुत 'ज्योतिष र जनजीवन' निबन्धमा ज्योतिषले मानवीय जनजीवनमा प्रभाव पार्ने विषयमा जानकारी गराइएको वर्णनात्मक शैलीको निबन्ध हो । सरल भाषाशैलीमा लेखिएको यस निबन्धमा संस्कृतबाट आएका तत्सम शब्दहरूको अधिक प्रयोग भएको पाइन्छ । निबन्धको कुनै कुनै ठाउँमा विचलनशील भाषाको प्रयोग गरिएको छ भने कुनै ठाउँमा वस्तुगत भाषाशैलीको प्रयोग भएको छ । निबन्धमा संस्कृत शब्दहरू प्रयोग गर्नुका साथै प्रमाणका रूपमा संस्कृतक श्लोकहरू समेत बीचबीचमा प्रस्तुत गरिएको पाइन्छ । निबन्धमा कुनै स्थानमा

प्रश्नात्मक वाक्यहरूको प्रयोग गरिएको छ भने कुनै ठाउँमा सम्बोधनात्मक वाक्यहरू प्रयोग गरिएको छ ।

प्रस्तुत निबन्ध ज्योतिषशास्त्रसम्बन्धी ज्ञान लिन चाहने पाठकहरूलाई जानकारी गराउने उद्देश्यले रचना गरिएको देखिन्छ । वर्तमान समाजबाट खस्कँदै गएको ज्योतिषशास्त्रलाई बचाउनुका साथै आजको वैज्ञानिक युगमा जसरी विज्ञान र प्रविधिको विकास भएको छ त्यसरी नै ज्योतिषशास्त्रलाई पनि अगाडि बढाउँदै लैजानुपर्छ भन्ने बारे पाठकहरूलाई जानकारी गराउनु निबन्धको उद्देश्य देखिन्छ ।

### ४.३.९ *अनुशासन* निबन्धको अध्ययन

तोयनाथ पाण्डेको 'अनुशासन' निबन्ध वि.सं. २०२९ सालमा **मर्यादा** (वर्ष ३ अङ्क १) पत्रिकामा प्रकाशित भएको हो । यसको आयाम मध्यम खालको छ । निबन्धमा अनुशासनको महत्त्व देखाइएको छ ।

कुनै प्राचीन युगामा आफ्नै सहोदर दाजुको फूलवारीबाट भाइले फल नसोधिकन खाँदा अनुशासनहीनताको कारवाहीमा भाइ पर्नुपर्थ्यो भने आजको युगमा नाङ्गो उच्छृङ्खलताले नृत्य गरिरहेको छ भन्ने निबन्धकारले स्पष्ट पारेका छन् । शिक्षक र विद्यार्थीका बीच उच्छृङ्खलता देखिन्छ । जुनसुकै क्षेत्रमा पनि अनुशासनका भोका र प्यासा भएता पनि अनुशासन देखिदैन । गुरु र विद्यार्थीबीचको सम्बन्ध बिग्रदै गएर विद्यालयहरू राजनीतिको अखडा भएका छन् । गुरुलाई भरसक अपशब्द प्रयोग गर्ने, लान्छना लगाउने, अवरोध खडा गर्ने जस्ता प्रवृत्ति बढिरहेको उल्लेख गरेका छन् । आजभोलि अनुशिष्टलाई दब्नेको संज्ञा दिइन्छ । आजको जस्तो अनुशासनको नारा लागेको, अनुशासनको उपहास भएको युग कहिले भएन । धेरैले यसको व्याख्या गरे पनि यथार्थ जीवनमा लागू गर्न सकेका छैनन् भन्दै निबन्धकारले अनुशासनको महत्त्व दर्शाएका छन् ।

अनुशासनको बारेमा वर्णन गरिएको वर्णनात्मक निबन्ध हो । तत्सम र नेपाली शब्दहरूको प्रयोग गरिएको छ । अनुशासनको महत्त्व र प्राचीन समयदेखि हालसम्म कस्तो अवस्था रहेको छ भन्ने बारेमा जानकारी दिइएको निबन्ध हो ।

प्रस्तुत निबन्धमा अनुशासनको बारेमा वर्णन गरिएको हुँदा यो वर्णनात्मक शैलीमा लेखिएको निबन्ध हो । यसमा निबन्धकारले प्रश्नवाचक (?) पूर्णविराम ( । ) अल्पविराम (' ') तथा विश्मयादि बोधक (!) चिन्हहरूको प्रयोग गरेका छन् । 'शङ्ख' जस्ता केही तत्सम शब्दको प्रयोगका साथै आगन्तुक र झर्रा नेपाली शब्दहरूको प्रयोगले निबन्धमा माधुर्यता भरेको छ ।

यस निबन्धको मुख्य उद्देश्य सबैलाई चरित्रको पाठ सिकाउनु रहेको छ । प्राचीन समयमा गुरुकुलमा शिक्षा दिइने परम्परामा पनि अनुशासनको महत्त्व रहेको थियो । आजभोलि पनि अनुशासनको महत्त्व रहेकै छ । अनुशासनमा गिरावट भएमा कुनै पनि मान्छेले जीवनमा सफलता हाँसिल गर्न सक्दैन भन्ने कुरा यस निबन्धबाट प्रस्ट भएको छ । अनुशासनले मानिसलाई सिँगारेर राखेको हुँदा हामीले अनुशासनको पालना गर्नुपर्छ भन्ने कुरा नै यस निबन्धको प्रमुख उद्देश्य रहेको छ ।

### ४.३.१० *आँधिखोला, गुप्तक्षेत्र र गलेश्वर* निबन्धको अध्ययन

तोयनाथ पाण्डेको 'आँधिखोला, गुप्तक्षेत्र र गलेश्वर' वि.सं. २०२९ **मर्यादा** (वर्ष ३ अङ्क २) पत्रिकामा प्रकाशित भएको यात्रासंस्मरणात्मक निबन्ध हो । यसमा निबन्धकारले शैक्षिक भ्रमण गराउने क्रममा देखेका पश्चिमाञ्चलका अविस्मरणिय स्थानहरूको बारेमा जानकारी गराएका छन् ।

पाण्डेयले वाल्मीकि संस्कृत महाविधालयका छात्रहरूलाई लिई पश्चिमाञ्चल भ्रमणका निमित्त गण्डकी अञ्चल पोखरामा पुगेपछि त्यहाँका महेन्द्र गुफा, फेवाताल, वेगनासताल रूपातालहरूजस्ता दर्शनीय स्थलहरूको उल्लेख गरेका छन् । यसैक्रममा सर्वप्रथम गण्डकीको आँधिखोलाको वर्णन गरेका छन् । यस खोलाको बारेमा किंवदन्ती पाइन्छ; श्रबणकुमारका अन्धा बाबुआमाको आँसुबाट बनेको हो र उत्तर तिर ढुङ्गा तथा माटो श्रबणकुमारलाई दशरथले वाण हान्दा निस्केको रगतबाट रातो बनेको हो भन्ने भनाइ रहेको उल्लेख गरेका छन् । उक्त खोलाको दक्षिणतर्फ अन्धाअन्धीको पाषाण मूर्ति भएको ओढार रहेको त्यसमा

एउटा प्वाल रहेको छ जसबाट पैसा खसाल्यो भने भाँडामा ठक्कर खाएको आवाज सुनिन्छ भन्ने जानकारी दिएका छन् । त्यसपछि पाण्डेयले गण्डकी अञ्चलको सदरमुकाम कुस्मा स्थित गुप्तक्षेत्र (विशाल गुफा) को वर्णन गरेका छन् । यस सुन्दर उर्वरामैदानको पश्चिमतिर पतितपावनी गङ्गा कालीगण्डकी बगेकी छन् भने उत्तरतिर पहाडमा पङ्क्तिबद्ध हरिया घना वृक्षहरूले शोभायमान छ । कुस्मामा दर्शनीय विशाल गुफा रहेको र त्यही गुफालाई स्थानीय जनताले 'गुप्तक्षेत्र' नामकरण गरेको उल्लेख गरेका छन् । उक्त गुफाभित्र त्रिकोणाकार एउटा कुण्ड पाषाणस्तम्भमाथि त्रिकोण, चतुष्कोण र वृत्ताकार बुट्टाहरू, विशाल शिवलिङ्ग रहेको जानकारी गराएका छन् । यसैक्रममा गलेश्वरको वर्णन गरेका छन् । बागलुङको सदरमुकाम बेनी बजारबाट एककोश उत्तर पश्चिमतिरबाट आएकी जयन्ती (रहु) नदी र कालीको सङ्गमस्थानमा गलेशवर शिवको मन्दिर छ । गलेगोरु भयो भने एकजोर रातो सेतो ध्वजा बाँधिदिनाले गोरु सरासर हलो जोत्न सक्ने हुन्छ भन्ने विश्वास रहेको स्पष्ट पारेका छन् । त्यस गलेश्वरलाई जडभरतेश्वर वा जडेश्वर पनि भनिने कुरा बताएका छन् । अन्त्यमा निबन्धकारले आफूलाई उपर्युक्त स्थलको परिचय गराउनेलाई आभार व्यक्त गरेका छन् ।

आँधिखोला, गुप्तक्षेत्र र गलेश्वरको वर्णन प्रस्तुत निबन्धमा निबन्धकारले विवरणात्मक शैलीको प्रयोग गरेका छन् । उनले गण्डकी अञ्चलको कार्कीनेटाबाट निस्केर सेती नदीमा मिसिने आँधिखोलाको, पर्वतको कुस्मामा पर्ने विशालगुफाको र म्याग्दीको सदरमुकाम बेनुमा पर्ने गलेश्वरको वर्णन गरेका छन् । यसमा प्रयोग गरिएका तत्सम, तत्भव र झर्रा नेपाली शब्दहरूले निबन्धमा मिठास भरेको पाइन्छ । निबन्धकारले आफूले वर्णन गरेका ठाउँहरूको वर्णन गर्ने क्रममा बीचबीचमा स्थानीय भाषिकाका शब्दहरूको प्रयोग पनि गरेका छन् ।

आफूले भ्रमण गरेका ठाउँहरूको बारेमा जानकारी गराउँदै अन्य पाठकहरूलाई पनि प्रकृतिका रमणीय स्थानहरूको वर्णन गर्नतिर उत्प्रेरित गराउनु यस निबन्धको उद्देश्य रहेको छ । आँधिखोला, गुप्तक्षेत्र र गलेश्वर जस्ता सुन्दर स्थलहरूको जानकारी गराउँदै पाठकलाई त्यस्ता स्थानमा भ्रमण गर्न उत्सुकता जगाउनु निबन्धकारको उद्देश्य देखिन्छ ।

### ४.३.११ ***समन्वय*** **निबन्धको अध्ययन**

निबन्धकार तोयनाथ पाण्डेको 'समन्वय' निबन्ध वि.सं. २०३२ सालमा **मर्यादा** (पूर्णाङ्क ११) पत्रिकामा प्रकाशित भएको हो । मध्ययम आयमको यस निबन्धमा सभ्यता र संस्कृतिको समन्वय बारे जानकारी दिइएको छ ।

निबन्धको आदि भागमा संस्कृति शब्द आधुनिक युगमा सर्वोच्च शब्द भए पनि यसको अर्थ अनिश्चित छ । कसैले संस्कृति र सभ्यतालाई एउटै रूप मान्दछन् र संस्कृति सभ्यतामा बाँचेको छ भन्दछन् भने कसैले भिन्न भिन्न रूप मानेर मानिस जति विद्वान् भएपनि संस्कृतिप्रति अभिरूचि छैन भने त्यो संस्कृत हुन सकदैन भन्दछन् भन्ने विचार निबन्धकारले राखेका छन् । मध्यभागमा संस्कृति र सुसंस्कृत भन्ने बारेमा पाश्चात्य विचार र हिन्दुहरूको विचारमा भिन्नता रहेको बताएका छन् । उनीहरू अभ्यासद्वारा मन प्राण र शारीरिक शक्तिहरूको आ-आफ्नो विशिष्ट पराकाष्ठासम्म गर्नुलाई मान्दछन् भने हामीहरू मन, प्राण र शरीरका साथै आत्मभावलाई हटाई उपलव्ध गर्नुलाई मान्दछन् भनेका छन् । त्यसै भावद्वारा नै सांस्कृतिक प्रवृत्तिहरू यथार्थ आत्माभिव्यक्ति तथा आत्मचरितार्थता प्राप्त गर्न सकिन्छ भनेर स्पष्ट पारेका छन् । हिन्दुहरूले आदिकालमा अज्ञानको युगमा पनि अन्तदृष्टि कहिल्यै नास गरेन प्राकृतिक नियम तथा शक्तिहरूको महत्ताप्रति जागरुक, भौतिक विज्ञानका महत्त्वको सूक्ष्मबोध थियो भन्ने बारेमा जानकारी दिएका छन् । समताको अर्थ विभिन्नता, मौलिकतारहित समानता नभई रजोगुणी वाह्य आवेगहरूको आरोह अवरोह तथा वाह्य प्रभावबाट मुक्त जीवनको अवस्था हो । उत्कर्षमा वैदिक युगमा सरल स्वभाविक र आनन्दमय प्राणी ऋषि थिए । प्रकृतिका भक्त तथा स्त्री, सन्तान, धन धान्यादि समृद्धिका लागि प्रार्थना गर्दथे । उनले आफ्नो गम्भीर अध्यात्मलाई नछाडेर अन्तर्दृष्टिले चेतन तत्त्वलाई अभिव्यक्ति गर्दथे भन्ने स्पष्ट पारेका छन् । मानवको धर्मको सम्बन्ध आन्तरिक स्वरूपसँग हुने तथा ईश्वरीय खोज र आध्यात्मिकताको सिद्धान्त मूलनियम हुनुपर्ने धर्मले कुनै रुढ विधिविधानसँग एकाकार गराउँछ र बाधक पनि बन्न सक्दछ भन्ने कुरा स्पष्ट पारेका छन् । जुन भावनाले साधारण पार्थिव जीवनलाई एक धन्दा सम्झन्छ

धर्मबाट आफूलाई चरितार्थ गर्न खोज्छ भने उसको भूल हो किनभने पूर्णता सङ्कीणताभित्र प्राप्त हुँदैन भन्ने विचार राखेका छन् । अन्त्यमा उपर्युक्त सबै कुराको पूर्ण ज्ञान र अनुभव हुनु प्राचीन र पाश्चात्य आदर्शका बीचको विषमता नै समन्वय भएको कुरा निबन्धकारले जानकारी गराएका छन् ।

यस निबन्धमा निबन्धकार पाण्डेले वर्णनात्मक शैलीको प्रयोग गरेका छन् । निबन्धमा प्राय: जसो ठेट नेपाली भाषाका शब्दहरूको प्रयोग गरिएको पाइए पनि कुनै कुनै ठाउँमा आगन्तुक शब्दहरूको पनि प्रयोग भएको पाइन्छ । यसमा निबन्धकारले भूतकालीन क्रियापदको प्रयोग गर्दै वैदिक युगमा सभ्यताको बारेमा स्मरण गराएका छन् ।

यस निबन्धको प्रमुख उद्देश्य सभ्यता र संस्कृतिका बीचमा समन्वय गराउनु हो । हामीले आध्यात्मिक विचारहरूको पनि अनुशरण गर्नुपर्छ, हाम्रा आदि ग्रन्थ वेद पुराणहरूको अध्ययन गर्दै ऋषि सभ्यताको बारेमा पनि जानकारी गराउनु निबन्धकारको उद्देश्य रहेको देखिन्छ ।

### ४.३.१२ ***संस्कृत अध्ययन संस्थानको पहिलो तीन वर्ष र वाल्मीकि विद्यापिठ (क्याम्पस)*** **निबन्धको अध्ययन**

तोयनाथ पाण्डेयको प्रस्तुत निबन्ध वि.सं. २०३३ सालमा **मर्यादा** (पूर्णाङ्क १२) पत्रिकामा प्रकाशित भएको हो । यसको आयाम मध्यम रहेको छ । यस निबन्धमा संस्कृत अध्ययन संस्थानको प्रारम्भदेखि तीनवर्षसम्म वाल्मीकि विद्यापिठ सञ्चालन बारे जानकारी गराएका छन् ।

निबन्धको आदिभागमा नेपालमा संस्कृत भाषा प्राचीनकालदेखि चलेको थियो भन्ने कुरा शिलालेख तथा धार्मिक साहित्य र ज्योतिविज्ञानका उत्कृष्ट पुस्तकहरूमा पाइने जानकारी पाइन्छ । पछि आएर मात्र नेपालमा अङ्ग्रेजी र संस्कृत शिक्षाको चलन भयो । यसरी मात्र शिक्षाको सर्वाङ्ण पूर्णता हुन नसकेपछि २०२८ सालमा राष्ट्रिय शिक्षापद्धतिको योजना बनेको निबन्धकारले जानकारी गराएका छन् । मध्य भागमा त्रिभुवन विश्वविद्यालयका कुलपति श्री ५

महाराजाधिराज सरकारबाट वि.सं. २०३० सालमा संस्कृत अध्ययन संस्थानका अध्यक्ष (डीन) पदमा अम्बिकाप्रसाद अधिकारीको नियुक्ति वाल्मीकि संस्कृत महाविद्यालयबाट तोयनाथ पाण्डेयलाई त्यहाँ काजमा खटाइयो भन्ने जानकारी दिएका छन् । वि.सं. २०३० श्रावण देखि सबै कलेज, महाविद्यालयहरू क्याम्पसमा परिणत हुँदा वाल्मीकि संस्कृत महाविद्यालय वाल्मीकि क्याम्पस, दाङ जनता महाविद्यालय, जनता क्याम्पस जनकपुरको याज्ञवल्लव संस्कृत महाविद्यालय र मटिहानीको लक्ष्मीनारायण संस्कृत महाविद्यालय मिली मटिहानीमा याज्ञवलक्य लक्ष्मीनारायण क्याम्पस, धरान पिण्डेश्वर संस्कृत महाविद्यालय, पिण्डेश्वर क्याम्पसमा परिणत भए । चारै क्याम्पसका पुराना शिक्षकहरू सबैलाई उपप्राध्यापकको नियुक्ति दिइयो । साथै २०३० श्रावणदेखि सहायक संस्थानाध्यक्ष (सहायक डीन) को नियुक्ति तोयनाथ पाण्डेयलाई दिइएको कुरा उल्लेख गरेका छन् । केन्द्रीय कार्यालय एक कोठामा चले पनि कक्षा संचालन हुन सकेन त्यसैले पुतलीसडक र कीर्तिपुरमा कक्षा सञ्चालन भए । वि.सं. २०३१ श्रावणदेखि कार्यालय दाङ्मा सऱ्यो, त्यहाँका जनताबाट श्री योगी नरहरिनाथले करिव ५०० विघा जमिन उपलव्ध गरेको जानकारी निबन्धकारले दिएका छन् । वाल्मीकि विद्यापिठ (क्याम्पस) अन्तर्गत संस्कृत अध्ययन संस्थान अन्तर्गत गठन भई कार्यरत परिषद् र समितिको सक्रियता तथा सम्मेलनमा तोयनाथ पाण्डेय विद्या परिषद्को सदस्य पदमा, विषय समितिको अध्यक्ष पदमा, स्थायी समितिको अध्यक्ष पदमा, क्याम्पस परिषद्को अध्यक्ष पदमा, छात्रवृत्ति वितरण समितिको अध्यक्ष पदमा, परीक्षा समितिको अध्यक्ष पदमा, प्रश्न संशोधन मण्डलको अध्यक्ष पदमा, अनुसन्धान उपसमितिको आयोजक पदमा, त्रि.वि. कल्याणकोष समिति र वाल्मीकि क्याम्पस परिवार कल्याण समितिको अध्यक्ष पदमा रहेको उल्लेख गरेका छन् । उत्कर्ष भागमा प्राध्यापन गर्ने विषय र प्राध्यापकको नाममा ज्योतिष विषयमा तोयनाथ पाण्डेयको नाम उल्लेख गर्दै अन्य प्राध्यापकहरू, हाल वाल्मीकि विद्यापिठमा नरहेका शिक्षकहरू, याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (क्याम्पस) का शिक्षकहरूको नाम समेत उल्लेख गरेका छन् । अन्त्यमा, डीन कार्यालय र

वाल्मीकि विद्यापिठको बजेट संयुक्त रूपमा डीन कार्यालयबाट सञ्चालन भएको निबन्धकारले जानकारी गराएका छन् ।

प्रस्तुत निबन्धको भाषाशैली सरल र सम्प्रेष्य रहेको छ । संस्कृत अध्ययन संस्थानको प्रारम्भ देखि वाल्मीकि क्याम्पसको सञ्चालन बारे जानकारी दिएको यस निबन्धमा संस्कृत, तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको पाइन्छ । सरल भाषाशैली प्रयोग गरिएको यस निबन्धमा सहजता, सुवोध्य स्पष्टता पाउन सकिन्छ ।

निबन्धकारको मुख्य उद्देश्य संस्कृत अध्ययन संस्थानको प्रारम्भ भएदेखि वाल्मीकि विद्यापिठ (क्याम्पस) निर्माण हुँदासम्म भोग्नुपरेका समस्याहरू, कठिनाइहरूबारे पाठकहरूलाई पूर्णरूपले जानकारी गराउनु रहेको देखिन्छ । वाल्मीकि विद्यापीठ (क्याम्पस) अन्तर्गत गठन भई कार्यरत समिति, संगठन तथा सदनहरूको गठनविधि र सक्रियता तथा कार्यरत परिषद् र समितिको गठन विधि, सक्रियता, सम्मेलनको समेत जानकारी दिनु निबन्धकारको उद्देश्य देखिन्छ ।

### ४.३.१३ *वि.से.मि.रा. नेपाली दन्त्यकथा हो कि स्कन्दपुराण हो ?* **निबन्धको अध्ययन**

प्रस्तुत निबन्ध वि.सं. २०३४ सालमा **मर्यादा** (पूर्णाङ्क १३) पत्रिकामा प्रकाशित समालोचनात्मक निबन्ध हो । मध्यम आयामको निबन्ध हो । यसमा वि.से.मि.रा.को कथा स्कन्द पुराणको अन्त्यकथामा जोडेर बनाइएको बारे स्पष्ट जानकारी दिएका छन् ।

निबन्धकारका विचारमा दन्त्यकथा साहित्यिक शृङ्गार नभएको वस्तुस्थितिलाई मात्र बुझाउने, सरल भाषामा प्रयुक्त हुन्छ । जसको आधार, वेद, पुराण, उपनिषद आदि शास्त्रयि ग्रन्थहरूमा नभएको, मौखिक परम्पराबाट सुनाउँदै आउने गरिन्छ । यस्ता कथाहरू काम गर्दा, थकाई मेट्दा, गोठालो जाँदा एकत्रित भएर कथा हालेर दिल बहलाउँछन् । सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला भन्ने बेला आउला भनेर समाप्त गरिन्छ ।

यस्तै क्रममा, दन्त्यकथाको सङ्ग्रह प्रो. बोधविक्रम अधिकारीले प्रकाशित गर्नुभएको छ । त्यसको टीका श्री योगनाथ प्याकुर्‍यालले गर्नुहुँदा प्रस्तुत कथालाई भाषा फरक भएको श्रीमदभगवद गीताको स्थानमा राखेको निबन्धकारले उल्लेख गरेका छन् । अधिकारीज्यूको 'वि.से.मि.रा.को कथा' दन्त्यकथा नभएर स्कन्दपुराण हो किनभने त्यस कथाको आदि मध्यभाग स्कन्दपुराणसँग मिल्छ अन्त्यभागमा भने गाँसेर नयाँ बनाइएको छ र त्यस कथालाई दन्त्यकथामा राखिएको जानकारी गराएका छन् ।

सरल भाषाशैलीमा लेखिएको यस निबन्ध विचारात्मक छ । दन्त्यकथाको स्वरूपबारे जानकारी गराउने उद्देश्यले रचना गरिएको निबन्ध हो । सरल भाषाशैलीमा रचना गरिएको प्रस्तुत निबन्ध 'वि.से.मि.रा. नेपाली दन्त्यकथा हो कि स्कन्दपुराण ?' मा नेपाली लोकसाहित्यका शब्दहरू तथा तत्सम्, तत्भव र आगन्तुक शब्दहरूको समुचित प्रयोग गरिएको छ । कुराहरू राख्दा उदाहरण समेत दिएर स्पष्ट पारी निबन्धकारले निबन्धमा विशेष शैली प्रयोग गरेर निबन्ध प्रभावकारी ढङ्गमा प्रस्तुत गरेका छन् ।

निबन्धकारको उद्देश्य पाठकलाई लोकसाहित्यको स्वरूप बारे पूर्णरूपले जानकारी गराउँदै, बोधविक्रम अधिकारीको दन्त्यकथालाई श्रीमद्भगवद्गीतासँग तुलनागरी यथार्थ जानकारी गराउने रहेको देखिन्छ । पाठकहरूलाई उपजीव्य रचनाहरूको तुलना गर्न र आफू स्पष्ट हुनको लागि सिकाउनु निबन्धकारको उद्देश्य रहेको देखिन्छ ।

यस निबन्धमा वर्णनात्मक भाषाशैलीको प्रयोग गरिएको छ । यस निबन्धको शीर्षकमै प्रश्नवाचक चिन्हको प्रयोग गरिएकोले वि.से.मि.रा. नेपाली दन्त्यकथा हो कि स्कन्दपुराण ? भने छुट्टाउन गाह्रो परेको छ । यसमा प्रयोग गरिएको भाषाशैली हेर्दा यो एउटा समालोचनात्मक निबन्धका रूपमा उपस्थित भएको छ । यसमा तत्सम्, तत्भव र झर्रा नेपाली शब्दहरूको प्रयोग गरिएको पाइन्छ ।

४.३.१४ ***संस्कृत शिक्षा र यसका आवश्यकताहरू* निबन्धको अध्ययन**

तोयनाथ पाण्डेको 'संस्कृत शिक्षा र यसका आवश्यकताहरू' निबन्ध संस्कृत परिचर्चा कार्यक्रममा पढिएको र यसैलाई वि.सं. २०४० मा **मर्यादा** (पूर्णाङ्क १६) पत्रिकामा छापिएको हो । यसको आयाम मध्यम खालको छ । संस्कृत शिक्षा राष्ट्रपयोगी शिक्षा भएको जानकारी गराएका छन् ।

निबन्धको आदिभागमा संस्कृत शिक्षाको आवश्यकता राजसंस्थाको संरक्षण गर्न पर्दछ । पहिले संस्कृत पढेकाले सबै व्यवहारलगायत परराष्ट्रसम्बन्धी व्यवहार सम्हालेको पाइन्छ । निबन्धकारले न्यायालयमा पनि मिताक्षरा पढेका नै राखिन्थ्यो भन्ने जानकारी गराएका छन् । मध्य भागमा, आधुनिक विचारधाराका व्यक्तिहरूले संस्कृतका कल्पना मात्र हुन् भनेको पाइन्छ । यदि संस्कृतमा विमानचन्द्रिका, व्योमयानयन्त्र, यन्त्रकल्प, यानबिन्दु, खेट यानप्रदीपिका आदि विमानशास्त्रमा उल्लेख नभएको भए केही समयपछि विमानआदिको कल्पना समेत हुँदैनथ्यो । सत्य वस्तु नचिनेका व्यक्तिले त्यसको कल्पना गर्न सक्दैन भन्ने निबन्धकारले स्पष्ट पारेका छन् । 'हिन्दुत्व' पुस्तकमा अर्थर्ववेद अन्तर्गत परमाणु अस्त्र (एटम) को समेत चर्चा भएको थियो भन्ने उल्लेख गरेका छन् । हामीले विश्वका अगाडि शिर ठाडो पार्न सक्ने साधन संस्कृत वाङ्मय र हिन्दुराष्ट्र भएको चर्चा गरेका छन् । संस्कृतका गरिव पण्डितहरूले कुनै ठूलो अविष्कार गर्न नसकेपनि संस्कृत भाषाको रक्षा गरेकोले धन्य सम्झनुपर्छ भन्ने निबन्धकारको मान्यता छ । उत्कर्ष भागमा, संस्कृत भाषाको हृदयदेखि रक्षा गर्न चाहेमा अनिवार्य रुपमा संस्कृत पढ्नुपर्ने, रेडियो कार्यक्रम विदेशी संस्कारको त्याग गरेमा आकर्षण र सुधार आउने निबन्धकारको बिचार रहेको छ । साथै संस्कृतका जनशक्तिलाई कार्यक्षेत्रमा विस्तार गर्न क्याम्पस, प्रशासन विभाग, अञ्चल सदरमुकाम, गुठीसंस्थान, मन्दिरजस्ता देशका विभिन्न क्षेत्रमा संस्कृतका ज्ञाताहरूको स्थान भएमा दक्षता, शुद्धताका साथै संस्कृत अध्ययनमा समेत सुधार आउने कुरा निबन्धकारले उल्लेख गरेका छन् । अन्त्यमा, संस्कृतमा आत्मसमर्पण गर्नेलाई आकर्षक पुरस्कार र संस्कृतका कृतिहरू तथा अनुसन्धानात्मक ग्रन्थको प्रकाशन र त्यसका लेखकहरू पुरस्कृत हुनुपर्छ

अनिमात्र हाम्रो देशमा संस्कृत विश्वकल्याणकारी मानिने छ भन्ने निबन्धकारको विश्वास रहेको छ ।

संस्कृत शिक्षाको आवश्यकता के कति कारणले छ भन्ने जानकारी गराइएको यस निबन्धमा प्रायः संस्कृत शब्द, तत्भव र आगन्तुक शब्दहरूको समेत प्रयोग गरिएको निबन्धमा भाषाशैली रोचक देखिन्छ । पौराणिककालदेखि हालसम्म रहेको संस्कृतको महत्त्व देखाउने यस निबन्धको भाषाशैली सरल, र सुबोध्य नै देखिन्छ ।

संस्कृत शिक्षाको आवश्यकता किन छ ? भन्ने पाठकहरूलाई वैदिककालदेखि प्रचलित यस शिक्षाले लोकहित वैदिककालदेखि प्रचलित यस शिक्षाले लोकहित गर्ने बारेमा जानकारी गराउनु निबन्धकारको मुख्य उद्देश्य देखिन्छ । हाल आएर सर्वसाधारणको शिक्षाको रूपमा देखिएको संस्कृत शिक्षा जीवीकाका निमित्त मात्र भएको छ । त्यसैले यस शिक्षालाई प्राचीन भाषाको रूपमा स्वीकार गरी संस्कृत भाषाबाट विभिन्न कार्यक्रम चलाउनु आवश्यक छ भन्ने सन्देश दिएको पाइन्छ । यही संस्कृत भाषाको माध्यमबाटै देशको विकास गर्नुपर्ने विचार निबन्धकारले राखेका छन् ।

### ४.३.१५ ***कालिदासमा वेदव्यासको प्रभाव*** **निबन्धको अध्ययन**

'कालिदासमा वेदव्यासको प्रभाव' निबन्ध वि.सं. २०४६ सालमा **मर्यादा** (पूर्णाङ्क १८) पत्रिकामा प्रकाशित भएको हो । यसको आयाम मध्यम खालको छ । निबन्धमा प्राचीन कविहरूमध्ये वेदव्यासको प्रभाव कालिदासमा परेको जानकारी गराइएको समालोचनात्मक निबन्ध हो ।

निबन्धको आदि भागमा, प्रायःजसो एउटा कविको प्रभाव अर्को कविमा परेको पाइन्छ । कुनै कविको शब्दाङ्कुर, भावाङ्कुर र रचनाङ्कुरको प्रभाव अर्को कविमा पर्दा पाठकको आवाज निस्कन्छ । विश्वमा सम्मान पाएका विद्वान्हरूमा यस्तो शैली पाइयो भने पाठकमा उत्सुकता अवश्य आउँछ भन्ने निबन्धकारको विचार छ । उनले मध्यभागमा संस्कृत साहित्यका आदिकवि वाल्मीकिले त्रेता

युगका राजा श्रीरामको सधैं प्रजाको हित चिताउने, राष्ट्रका उन्नायक राजा भनेर वर्णन गरेको पाइन्छ । वेदव्यासले महाभारत जस्तो जातीय इतिहास लेखेर आर्य सभ्यताको भव्य परिचय दिएका छन् । कालिदास पनि संस्कृतका सर्वमान्य कवि हुन् । उनको सर्वोत्कृष्ट प्रतिभा देखाउने मेघदूत महाकाव्य हो । यसको लोकप्रियता चारैतिर छ । उनको कविता देववाणीको शृङ्गार मधुरता, प्रसादगुण भएको, सरल पदहरूको प्रयोग र अलङ्कारको प्रयोगले भव्यता छाएको छ भन्ने निबन्धकारको भनाइ छ । उत्कर्ष भागमा कविहरूमा परेको प्रभाव हेर्दा, वाल्मीकिले बाँदरलाई दूत बनाएको पाइन्छ, व्यासले हाँसलाई दूत बनाएका छन् भने कालिदासले मेघलाई दुत बनाएको पाइन्छ । प्रभाव लिदा कसैले अग्रजप्रति कृतज्ञता लिएका हुन्छन् भने कसैले सुटुक्क लिई मौखिक बनन चाहन्छन् भनी उल्लेख गरेका छन् । अन्त्यमा, वाल्मीकि रामायणको युद्धकाण्डको ८१/२८ को श्लोकको प्रभाव वेदव्यासले महाभारतको द्रोणपर्वमा कृतज्ञताकासाथ लिएका छन् । स्कन्दपुराणको माहेश्वरखण्ड अन्तर्गत केदारखण्ड ३५ अध्याय १३ श्लोकको प्रभाव उत्तरमेघको श्लोक १० मा सुटुक्क कालिदासले लिएर मौलिक बनाएको भनी निबन्धकारले उदाहरण सहित उल्लेख गरेका छन् ।

कालिदासमा वेदव्यासको प्रभाव देखाइएको विचारात्मक निबन्ध हो । तृतीय पुरुष दृष्टिबिन्दुमा लेखिएको यस निबन्धमा तत्सम, तद्भव र नेपाली शब्दहरूको राम्रो प्रयोग गरिएको छ ।

कालिदासले वेदव्यासको प्रभाव कसरी लिए भन्ने बारेमा जानकारी दिने उद्देश्यले लेखिएको हो । कालिदासले वेदव्यासको प्रभाव लिएको बारेमा स्पष्ट रुपले उदाहरण सहित चर्चा गरी प्रभाव पर्नु राम्रो कुरा हो तर प्रभावलाई स्वीकार नगरी सुटुक्क लिदा राम्रो मानिदैन भन्ने कुराको जानकारी गराउनुका साथै कुनै पनि कृतिलाई मौलिक मानिहाल्नु हुँदैन भनेर पाठकलाई सचेत गराउनु निबन्धकारको उद्देश्य देखिन्छ ।

### ४.३.१६ *आधुनिक युग सुहाउँदो आदर्श नारीत्व* **निबन्धको अध्ययन**

तोयनाथ पाण्डेको प्रस्तुत निबन्धको आयाम मध्यम खालको छ । निबन्ध नारीहरूको महिमागान गर्दै समाजमा नारीको महत्त्वलाई चर्चा गरेका छन् ।

निबन्धको आदि भागमा, निबन्धकारले प्राचीन समयदेखि नै नारी मुख्य नायिका मानिएको छ । नारीकै विषयमा कैयौँ राष्ट्रका धर्मको उत्थान भएको छ भने कैयौको पतन पनि भएको चर्चा गरेका छन् । मध्यभागमा, नारीहरूलाई सभ्यताका प्रतीक मानिएको चर्चा गर्दै चारैतिर स्वतन्त्रताले छाउँदा नारी हृदयमा पनि स्वतन्त्रताको स्वभाविक मानेका छन् । नरनारी स्वतन्त्र भएमा राष्ट्रोन्नतिको भावना र यथार्थ प्रेम उत्पन्न हुने कुरा विश्वास गरेका छन् । ऋग्वेदका अनुसार नारीमा वीर, दाता, नेताको गुण रहनुलाई नारीत्व भनिने कुरा जानकारी गराएका छन् । आफ्नो स्वतन्त्रता नागरिक अधिकार, सभा, समारोह, प्रवचन राष्ट्रहित आदिका लागि आफ्नै योजना हुनुपर्छ पुरुषको खेलौना बन्नुहुँदैन भन्ने मत व्यक्त गरेका छन् । विभिन्न शोहरूमा चरित्रहीन नभईगरिमा र गौरवका प्रतीक देखिनुपर्ने विचार व्यक्त गरेका छन् । आधुनिक युग भन्दैमा वाह्य प्रदर्शनात्मक नभई आन्तरिक गुणमा पनि सफलता प्राप्त गर्नुपर्छ भन्ने भाव व्यक्त गरेका छन् । हाम्रो पूर्ण सभ्यता र संस्कृतिमा नारीको मातृत्वरूप आदर्श मानिएको छ जसले सम्पूर्ण वाङ्मय ओतप्रोत छ, मातृत्वको महिमाले नारीलाई रमणित्व भन्दा धेरै माथि उठाई समष्टि हितको भावना बढाउनुपर्ने कुरा उल्लेख गरेका छन् । उत्कर्षमा, आदर्श नारीले उच्छृङ्खलतालाई बलिदान दिनुपर्ने उल्लेख गर्दै नारीको कर्मक्षेत्र भित्री र बाहिरी दुबैमा अत्यन्त विस्तृत रहेको बताएका छन् । नारी जस्तोसुकै परिस्थितिमा पनि लक्ष्यमा पुग्ने पवित्र नदी नारी हुन् भन्दै नारीको गुण गाएका छन् । प्राचीनकालमा याज्ञवल्क्यले नारीको सबै रूप पुज्य बताएको, वेदको र व्यासले मातृरुपलाई टुक्राउँदै महिमा गान गाएको, सेक्सपियर र सोफोक्लीज आदि पश्चिमाहरूले नारीलाई सम्बोधन गरेको बताउँदै श्लोक समेत प्रस्तुत गरेका छन् । अन्त्यमा, हिन्दु आदर्श नारीले आफ्नो पतिको दीर्घायुको कामना गर्ने गरेको उल्लेख गर्दै श्लोक समेत प्रस्तुत गरेका छन् ।

प्रस्तुत 'आधुनिक युग सुहाउँदो आदर्श नारीत्व' निबन्धमा सरल भाषाशैलीको प्रयोग गरिएको छ । यस निबन्धमा प्रयोग भएका संस्कृत, तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोगले निबन्ध रोचक बनेको छ । निबन्धमा छनौट भएको उत्कृष्ट भाषाशैलीबाट निबन्धकारको बौद्धिकता स्पष्ट देखिन्छ ।

कुनै पनि रचनाको कुनै न कुनै उद्देश्य अवश्य रहेको हुन्छ । यस निबन्धमा नारीलाई उच्च स्थानमा राखेर नारीको महत्त्व बुझेर नारीलाई सम्मान गर्नुपर्ने बताउँदै नारीको प्राचीनकालदेखि नै उच्च स्थान रहेको हुँदा आजको समाजले पनि नारीलाई सम्मान दिनुपर्ने कुराको जानकारी सम्पूर्ण पाठकलाई गराउनु यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

**४.३.१७ *नाटकीय तत्त्व* निबन्धको अध्ययन**

तोयनाथ पाण्डेको 'नाटकीय तत्त्व' मध्यम आयाम रहेको यस निबन्धमा नाटकका तत्त्वहरूको उल्लेख गरिएको छ ।

निबन्धकारले निबन्धको सुरुवात नाटकका तत्त्वहरू (१) वस्तु, नायक, रस, (२) वस्तु, पात्र, सम्भाषण देशकालान्वित शैली र उद्देश्य उल्लेख गरेका छन् । नाटकीय वस्तुअन्तर्गत ऐतिहासिक र काल्पनिक दुई प्रकारका रहेको जानकारी गराएका छन् । वस्तु भन्नाले चरित्रनायकको कथामा कलात्मक अभिनय गर्ने घटनालाई बुझिने स्पष्ट पारेका छन् । पात्र अन्तर्गत चरित्रनायकलाई बुझाएका छन् । नाटकमा सम्भाषण तीनप्रकारका सर्वश्राव्य (सबैलाई सुनाउने), नियतश्राव्य (परिचितलाई मत्र सुनाउने) र अश्राव्य (कसैलाई नसुनाउने) हुने उल्लेख गरेका छन् । देश कालान्विति आदिदेखि अन्त्यसम्मको क्रमलाई पनि नाटकीय तत्त्व मानेका छन् । शैली दुई प्रकारको भावप्रधान वा प्रसादगुण हुने र कर्मप्रधान माधुर्य गुण हुने शैली आवश्यक मानेका छन् । उद्देश्य अन्तर्गत कलाकारको कलाप्रदर्शनबाट दर्शकलाई आनन्द बनाउनु मानेका छन् । यसरी नाटकका तत्त्वहरू उल्लेख गरेका छन् ।

यसैगरी काव्यलाई शब्दचित्र मानेका छन् । यसमा यथार्थता हुनु जरुरी मानेका छन् । आदर्श काव्यमा भने भाव र कल्पनाबाट काव्य तयार हुने मानेको पाइन्छ । यसैगरी चारअङ्कभन्दा माथिको नाटक, चार अङ्कको नाटिका र १ अङ्कको व्यायोग भनिने कुरा स्पष्ट पारेका छन् । कुनै कुराको जानकारी गराउन नाटक देखाइने उल्लेख गरेका छन् ।

तत्सम, संस्कृत तद्भव तथा झर्रा नेपाली शब्दको प्रयोगले निबन्ध सरल र स्पष्ट वर्णनात्मक शैली रहेको छ । यस निबन्ध नाटकका मुख्य तत्त्वहरूको जानकारी दिने उद्देश्यले रचना गरिएको निबन्ध देखिन्छ ।

### ४.३.१८ ***श्रुतं मे गोपाय*** **निबन्धको अध्ययन**

तोयनाथ पाण्डेको 'श्रुतं मे गोपाय' निबन्ध वि.सं. २०५९ सालमा **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ** मा प्रकाशित निबन्ध हो । मध्यम आयामको यस निबन्धमा आर्जित वस्तुको संरक्षणबारे चर्चा गरिएको छ ।

निबन्धकारले पशुहरू ज्ञानको कमीले गर्दा मानिसदेखि टाढा रहन्छन् र आफ्नो आर्जनको संरक्षण पनि गर्दैनन् भन्ने उल्लेख गरेका छन् । तर मानवहरू भने आर्जित वस्तुको संरक्षण गर्न चाहने बताएका छन् । कुनै वस्तुको आर्जनमा श्रम खर्च गर्न चाहने बताएका छन् । कुनै वस्तुको आर्जनमा श्रम खर्च भएको छ भने संरक्षण गर्नु कर्तव्य मानेको स्पष्ट पारेका छन् । तर आर्जित विधाको संरक्षण गर्नु आवश्यक नै मानिन्छ । संरक्षण अति जरुरी भएकाले 'श्रुतं मे गोपाय' भनिएको पाइन्छ । यसैलाई अनन्तकालसम्म स्थिर राख्न आवश्यक ठानेर पुस्तक बन्यो, आर्जित ज्ञान-विज्ञान परिवर्द्धित हुन थाल्यो त्यसपछि विश्व विकसित भई नयाँ नयाँ अविष्कार हुन थालेको हो भन्ने जानकारी निबन्धकारले गराएका छन् ।

भाषाप्रयोगका दृष्टिले प्रस्तुत 'श्रुतं मे गोपाय' निबन्ध सरल नेपाली भाषाको प्रयोग गरिएको छ । संस्कृतका प्रशस्त शब्दहरूका साथै तद्भव र आगन्तुक शब्दहरूको संयोजनले निबन्ध रोचक बनेको छ । वर्णनात्मक शैलीमा लेखिएको यस निबन्धमा भाषाशैली उत्कृष्ट प्रयोग भएको देखिन्छ ।

यस निबन्धको उद्देश्य कुनै पनि आर्जित वस्तुलाई संरक्षण गर्नुपर्छ । त्यस संरक्षणबाट पछि कुनै ठूलो काम बन्न सक्छ त्यसैले समय लगाएर आर्जित गरेको वस्तुको संरक्षण गर्नु पर्छ भन्ने सन्देश पाठकहरूलाई दिनु रहेको देखिन्छ । प्राचीन समयमा आर्जित शिक्षाको संरक्षणले नै आज विज्ञानले ठूला ठूला अविष्कार गर्न सफल भएको कुरा जानकारी गराउने उद्देश्य यस निबन्धको रहेको देखिन्छ ।

### ४.३.१९ *नेपाल राष्ट्रमा संस्कृताध्ययनको स्थिति* संयुक्त कार्यपत्र अध्ययन

तोयनाथ पाण्डेको 'नेपाल राष्ट्रमा संस्कृताध्ययनको स्थिति' संयुक्त कार्यपत्र वि.सं. २०३६ मा **मर्यादा** (पूर्णाङ्क १४) पत्रिकामा प्रकाशित भएको हो । प्रस्तुत कार्यपत्रका प्रस्तोताहरूमा पाण्डेय संयोजक थिए । यस कार्यपत्र नेपाल जर्मन-विद्वत् गोष्ठीमा संस्कृत भाषामा प्रस्तुत गरिएको र यसलाई नेपालीमा रुपान्तर गरिएको कुरा **तोयनाथ पाण्डेय स्मृति ग्रन्थ**मा जानकारी दिइएको छ ।

नेपालमा संस्कृत वाङ्मयको अध्ययन स्थिति कस्तो छ भन्ने जानकारी नेपाल र जर्मनको संस्कत गोष्ठीमा प्रस्तुत गरिएको कुरा उल्लेख गरिएको छ । संस्कृत अध्ययनको स्थिति प्राचीनकाल देखि नै राम्रो भएको जानकारी गराउँदै आधुनिक समयमा नयाँ रूपमा चलिरहेको कुरा 'प्राक्कथन' उपशीर्षकमा लेखकले बताएका छन् । 'नेपालमा संस्कृताध्ययनको स्थितिको प्राचीन पृष्ठभूमि' उपशीर्षकमा जानकारी गराउँदै लेखकले वैदिक र लौकिक दुवै संस्कृत वाङ्मय नै नेपालमा चलेको तथा तेह्रौ शताब्दीको मध्यकालदेखि मल्ल राजाहरूको शासनमा पनि संस्कृत वाङ्मयको शिक्षा नै प्रधान रूपले चलेको जानकारी गराएका छन् । 'नवीन शिक्षापद्धतिको सञ्चालनभन्दा पहिले भएका संस्कृताध्ययनको स्थिति' उपशीर्षकमा पाण्डेयले पूर्वकालदेखि चलेको संस्कृत शिक्षा शाह राज्यको समयको प्रारम्भदेखि मुख्य विधाको रूपमा भएको जानकारी गराएका छन् । 'वर्तमानकालको नयाँ शिक्षापद्धतिअनुसार सञ्चालन गरिएको संस्कृताध्ययनको स्थिति' उपशीर्षकमा लेखकले संस्कृत वाङ्मय संसारमा सबैभन्दा जेठो भएको तथा राजाहरूको संरक्षण पाएको कुरा उल्लेख गरेका छन् । वर्तमान समयमा संस्कृत, अङ्ग्रेजी, विज्ञान आदि

विषयहरू आएको तर संस्कृत विद्यालयमा मात्र संस्कृत अनिवार्य भएको र संस्कृतका विद्यार्थीहरूलाई आवास, भोजन, वस्त्रको निःशुल्क व्यवस्थाका साथै छात्रवृत्ति समेत उपलब्ध गराउनेबारे लेखकले जानकारी गराएका छन् । 'संस्कृत अध्ययन संस्थान' उपशीर्षकमा उनले चारवटा संस्कृत अध्ययन संस्थानको परिचय दिँदै उक्त विद्यापीठहरूका परिपोषक छात्रहरूका स्रोतरूप संस्कृत माध्यमिक विद्यालयहरूको उल्लेख गरेका छन् । उक्त विद्यालयहरूमा पढाइने विषयहरू तथा शिक्षकहरूको सङ्ख्या समेत उल्लेख गरी लेखकले परीक्षा प्रणालीको संक्षिप्त स्वरूप प्रस्तुत गरेका छन् । 'नवीन परीक्षा प्रणाली' उपशीर्षकमा विभिन्न तहका विभिन्न परीक्षाहरूको व्यवस्थाको उल्लेख गरिएको छ । 'उपसंहार' उपशीर्षकमा पाण्डेयले प्राचीनकालदेखि प्रचलित संस्कृत भाषा राजाहरूबाट संरक्षण हुँदै हालसम्म क्षीण अवस्थामा आइपुगेको छ, भविष्यसम्म बचाउनका लागि संरक्षणको आवश्यकता देखाउँदै नयाँ युगमा पनि संस्कृत शिक्षा बचाइराख्न संस्कृतप्रेमीहरूले नयाँ नयाँ परियोजनाहरू परिकल्पना गरेको जानकारी गराएका छन् ।

### आ) संस्कृत निबन्धहरूको अध्ययन

### ४.३.२० *श्रमः* संस्कृत निबन्धको अध्ययन

तोयनाथ पाण्डेको संस्कृत निबन्ध 'श्रम :' (२०१९) **जयतु संस्कृतम्** (पूर्णाङ्क २२) मा प्रकाशित भएको हो । प्रस्तुत निबन्धमा श्रमको महत्त्व देखाइएको छ ।

प्रस्तुत 'श्रमः' निबन्धमा निबन्धकारले श्रमलाई शरीरसँग जोडेर हेरेका छन् । निबन्धमा मानिस स्वस्थ रहनका लागि पनि श्रमको जरुरी छ भन्ने जानकारी गराइएको छ । निबन्धकारले मानिसको जन्म पैत्रिक सम्पत्ति उपभोग गर्नका लागि मात्र नभई समाजको लागि पनि केही गर्नका लागि भएको भाव व्यक्त गरेका छन् । निबन्धकारले श्रम नगर्ने मानिस पृथ्वीको लागि भार हुने भएको हुँदा श्रम गर्नु एकदमै आवश्यक छ भन्दै अन्यथा आफूले चाहेको वस्तु पाउन सकिँदैन भन्ने कुरा उल्लेख गरेका छन् । आफ्नो श्रमबाट कसैको फाइदा हुन सकेमा पृथ्वी नै स्वर्ग समान हुनेछ, अर्को स्वर्ग खोज्नु नपर्ने निबन्धकारको आशय पाइन्छ ।

निबन्ध संस्कृत भाषामा भएता पनि सरल र सहज रहेको पाइन्छ । निबन्धमा समस्त शब्दको कम प्रयोग गरिएकोले सुवोध्य रहेको छ । श्रमको महत्त्व देखाउँदै श्रम तर्फ सम्पूर्ण पाठकलाई प्रवृत्त गराउनु निबन्धकारको मुख्य उद्देश्य रहेको देखिन्छ ।

### ४.३.२१ *स्थानपतिग्रामपञ्चायतम्* संस्कृत निबन्धको अध्ययन

तोयनाथ पाण्डेको 'स्थानपतिग्रामपञ्चायतम्' निबन्ध वि.सं. २०३२ मा **हैमवती** (वर्ष १, अङ्क २) पत्रिकामा प्रकाशित भएको हो । यस निबन्धमा स्थानपति गाउँपञ्चायतको बारेमा जानकारी दिइएको छ ।

निबन्धकारले नेपाल अधिराज्यको पश्चिम दिशामा पर्ने खास टाढा नभएको स्थान स्थानपति गाउँ पञ्चायत काठमाडौँबाट सातकोश टाढा रहेको उल्लेख गरेका छन् । यस गाउँ पञ्चायतको पूर्वमा छुद्रा नदी, पश्चिममा छहरे, उत्तरमा इक्षुमति नदी बगेको तथा दक्षिणमा ककनी हिमाल रहेको निबन्धकारले जानकारी गराएका छन् । उनले यस स्थानबाट विभिन्न शोभायमान गाउँहरू देख्न सकिने बताएका छन् । निबन्धकारले यस गाउँपञ्चायतका विभिन्न प्राकृतिक सौन्दर्यको वर्णन गर्दै, मन्दिरहरूमा विभिन्न पर्वहरू श्रीपञ्चमी, नागपञ्चमी, विजयादशमी, चण्डीपूर्णिमा, कार्तिक शुक्लद्वादशी, मार्गशुक्ल पूर्णिमामा पूजा हुने तथा होम समेत गरिने जानकारी गराएका छन् । त्यहाँका मन्दिरहरूको वातावरणको वर्णन गर्दै त्यहाँका वासिन्दाहरूले वायुदेवता आदि रहेको विश्वास गर्ने कुरा जानकारी गराएका छन् । उपर्युक्त विभिन्न महत्त्वहरू भएको हुँदा त्यहाँको थापा गाउँका स्थानीय जनताहरूले त्यस स्थानको नाम स्थानपति राखेको निबन्धकारले उल्लेख गरेका छन् ।

निबन्धको भाषाशैली संस्कृत भए पनि सरल, सहज हुनुका साथै क्लिष्ट शब्दको प्रयोग नभएको हुँदा सुवोध्य रहेको छ । वर्णनात्मक शैलीको यस निबन्ध संस्कृत नबुझ्नेहरूका लागि जटिल रहेको देखिन्छ । निबन्धमा स्थानपति गाउँ

पञ्चायतको परिचय दिई त्यहाँको सुन्दरता देखाउनु निबन्धकारको उद्देश्य रहेको देखिन्छ ।

### ४.३.२२ *शुभाऽऽशंसा किञ्चिद् वक्तव्यञ्च* **शुभकामना मन्तव्यको अध्ययन**

तोयनाथ पाण्डेको प्रस्तुत शुभकामना मन्तव्य वि.सं. २०४० मा **हिमज्योति** (वर्ष १, अङ्क १) पत्रिकामा प्रकाशित भएको हो । उनले यस शुभकामना मन्तव्यमा 'हिमज्योति' पत्रिकाका प्रकाशकहरूलाई शुभकामना व्यक्त गरेका छन् ।

वर्तमान समयमा संस्कृत ज्ञानको जागरणको आवश्यकता रहेको लेखकको विचार रहेको देखिन्छ । उनले संस्कृतका छात्रा, प्राध्यापकहरूले संस्कृत भाषा र वाङ्मयको प्रचार-प्रसार गर्नुपर्ने धारणा व्यक्त गरेका छन् । संस्कृतमा पठनपाठन, प्रवचन, नाटक, अभिनय, पत्रिका प्रकाशन आदि कार्यहरू गरेमा संस्कृतको प्रचार समाजमा हुने बताउदै अन्यथा ज्ञानको उपयोग व्यवहारमा नहुने कुरा व्यक्त गरेका छन् । जसले कर्म गर्छ ऊ नै विद्वान् कहलिन्छ भन्ने लेखकको आशय रहेको छ । यसै सिद्धान्तमा आधारित भएर हिमज्योति पत्रिकाका प्रकाशक भागवत शर्मा र भोजराज पन्तको रचनात्मक कार्य तथा प्रकाशनको सफलताको शुभकामना व्यक्त गर्दै पाण्डेयले 'हिमज्योति' पत्रिकाले संस्कृत विद्वान्हरूलाई आल्हाद बनाउने विचार प्रस्तुत मन्तव्यमा व्यक्त गरेका छन् ।

### ४.३.२३ **निष्कर्ष**

तोयनाथ पाण्डेको निबन्ध लेखन 'घण्टा वार र साताको उत्पत्ति र उपत्ति' (२०२५ बाट प्रारम्भ भएको थियो । उनका प्रायजसो निबन्धहरू वस्तुपरक रहेका छन् । उनका निबन्धहरू ज्योतिषशास्त्र, संस्कृत शिक्षा, हिन्दु धर्म र संस्कृति आदिका बारेमा वर्णन गर्दै तिनीहरू नेपाली समाजमा रहेको महत्त्वलाई देखाएका छन् । उनका निबन्धहरूमा सङ्क्षिप्त विषयवस्तु, सरल र सहज भाषाशैली भएको हुँदा पाठकहरूलाई सजिलै बोध हुने देखिन्छ । उनका निबन्धहरूमा नारीशिक्षालाई

विशेष जोड दिएको पाइन्छ । सामाजिक विषयवस्तुमा लेखिएका ती निबन्धहरूबाट पाठकहरूमा विशेष प्रभाव पार्ने देखिन्छ ।

## ४.४ वरुणको आत्मकथाको अध्ययन

आत्मकथा भन्नाले लेखकको आफ्नै जीवनीको कथा भन्ने बुझिन्छ । "आफ्नो जीवन भनिने वा आफ्नो जीवनीलाई कथाजस्तो भनिने विधा भएकाले आत्मकथा भनिएको मात्र हो ।"[१११] आत्मकथामा आफ्नो जीवनका विभिन्न विषयको उल्लेख गरिएको हुन्छ । प्रस्तुत 'वरुणको आत्मकथा' का लेखक तोयनाथ पाण्डेय स्वयंको आत्मकथा भएको र उनले 'वरुण' भन्ने छद्मनाम प्रयोग गरेको उनका छोरा हरिप्रसाद पाण्डेयले जानकारी गराएका छन् ।

आत्मकथाकारको आफ्नो चारवर्षे दुःखद बाल्यकालदेखि आत्मकथाको खास प्रारम्भ भएको छ ।

"लौ हेर ? पण्डित भएर पनि मकै खान्छन् ?, हाम्रो बा मजिहाल्नुभो कसले दिन्छ लद्दुपेरा ? (पृ. १११) भनेर प्रारम्भ गरिएको यस आत्मकथामा आत्मकथाकारले आफ्नो वाल्यावस्थाको चित्रण गरेर आफ्नो दुःखद जीवनको पृष्ठभूमितिर सङ्केत गरेका छन् । प्रस्तुतिकरणका दृष्टिले आत्मकथा सुरुदेखि अन्त्यसम्म एकनासको रहेको छ । आत्मकथाकारले संयमित रूपमा आफ्नो जीवनका अतीतलाई धीर रूपमा एक एक गरी बताउँदै गएको पाइन्छ । यस आत्मकथामा जीवन भोगेका दुःखमय शृङ्खलाले आत्मकथाको संरचनाको सिलसिलामा कायम राखेको छ । आत्मकथाकारको पिताको मृत्यु हुनु, त्यसपछिको जीवन दुःखमय हुनु (पृ. १११), दुःख गरेर भएपनि आमाले आत्मकथाकारलाई पढाउन चाहनु, शिक्षक कोही नपाएर आफैले अक्षराम्भ गराउनु (पृ. ११६), अलि धेरै पढाउनका लागि गाउँको महात्मा कहाँ पठाउनु (पृ. ११६-७), उनको दुःखको पृष्ठभूमिमा लिन सकिन्छ । छोराको भविष्य सम्झेर आमाले आँसु झार्नु (पृ. ११८) आत्मकथाकारले पनि बाको सम्झना गर्नु (पृ. ११९) ले दुःखको सृजना गरिरहेको

[१११] भिक्टर प्रधान, **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, (काठमाडौँ : २०४४, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान), पृ. ३९ ।

पाईन्छ । उनलाई पढाउने बाबाले रामकान्त नाम राखेको, माया गरेको, नैतिकताको उपदेश दिएको (पृ. १२०), आफूपनि सच्चरित्र, नैतिकवान, अनुशासन, विनय आदि गुण भएको (पृ. १२०) केही सुखद अनुभूति भएपनि बीचैमा गाउँका फटाहहरूले बाबालाई दुःख दिई भगाउनु (पृ. १२५), बाबाको हत्यागरेको आरोपमा गाउँको सोझो केटा पक्राउ पर्नु, उसलाई साथदिन आत्मकथाकारले जेलमा भेट गर्नु (पृ. १३२), विष्णुमतिमा दुईवर्षदेखि बसेको बाबालाई उनले भेट गर्नु (पृ. १३५) मा आत्मकथाको अन्त्य भएको देखिन्छ ।

आत्मकथाकारले आफ्नो स्मरणमा रहेका कुराहरू एक एक गर्दै बताउँदै गएको यस आत्मकथाको भाषा साधारण खालकै प्रतीक भए पनि पढ्दै जाँदा कौतूहलता पाइन्छ । जस्तै : "... बा हुँदा मलाई पनि त दौरा सुरुवाल जुत्तामोजा, कोट, बिर्के टोपी लगाइदिएर असन, इन्द्रचोक घुमाउन लैजानुहुन्थ्यो, जे भन्यो, उही दिनुहुन्थ्यो । अहिले नभए पनि भएकै छ त आमा ।" (पृ. ११९)

आत्मकथामा भाषाको विविध प्रयोग, तुकवन्दीले भाषामा मिठास तथा माधुर्य छाएको पाइन्छ । जस्तै : "... छोरो बेचेर कमारो किनी भनेर । एक दिन त जेठी बज्यैले पनि छोराले पालेन कमारोले पाल्यो के गरूँ त ? भनिदिइन् ।" (पृ. ११५) ।

"... हुन्छ माताजी दिउँसो तिर पठाइदिने गर्नुहोस् । जो जानेको गर्नेछु राम इच्छा से ।" (पृ. ११७)

भाषामा लालित्य र भावाभिव्यक्तिको क्षमता हुँदाहुँदै पनि रचनाको सङ्क्षिप्तताले कतिपय घटनाहरूसित सम्बद्ध भावनाहरूको अङ्कनमा कमी तथा अपूर्ण भएको अनुभव हुन्छ ।

# परिच्छेद - पाँच

## ५. उपसंहार

वि.सं. १९७८ वैशाख शुक्लपूर्णिमाका दिन थानपति गा.वि.स. नुवाकोट जिल्लामा जन्मिएका तोयनाथ पाण्डेय बहुप्रतिभाशाली व्यक्ति हुन् । उनको अनौपचारिक शिक्षाको प्रारम्भ गाउँबाट भए पनि वनारसको क्विन्स कलेजबाट सिद्धान्त ज्योतिष विषयमा आचार्यसम्मको अध्ययनमा प्रथम श्रेणीमा प्रथम भएका थिए । आफ्नो अध्ययन सकेपछि पुनः नेपाल फर्किएर २००१ सालमा संस्कृत प्रधान पाठशालामा ज्योतिष विषयको शिक्षकमा नियुक्त भएका थिए । त्यसपछि उनी वाल्मीकि विद्यापीठमा शिक्षक तथा त्रि.वि.मा शिक्षक भएर कुशल प्राध्यापकका रूपमा परिचित थिए । उनी त्रि.वि.संस्कृत अध्ययन संस्थानको ६ वर्ष (वि.सं. २०३०-०३६) सहायक डीन र ६ वर्ष (वि.सं. २०३६-०४२) डीन पदमा रहेर कुशल प्रशासकका रूपमा चिनिएका थिए ।

पाण्डेयको साहित्य लेखन आरम्भ गद्य, पद्य दुबै विधाबाट भए पनि प्रकाशनको आरम्भ भने **मातृहत्याधारम्** (२०१७ बाट भएको हो । कविताको प्रकाशन **आमा** (२०२०) बाट भएको हो भने निबन्धको प्रकाशन **घण्टा वार र साताको उत्पत्ति र उपपत्ति** (२०२५) बाट भएको हो । उनका प्रकाशित अप्रकाशित रचनाहरू **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ** (२०५९ र **ऋतम्भरा** (२०६२) मा सङ्कलन गरिएका छन् ।

यसैगरी पाण्डेयको साहित्यतर्फ पनि विशेष रुचि भएको पाइन्छ । उनको प्रतिभा एकभन्दा बढी विधामा प्रस्फुटित भएको छ । उनले नेपालीमा कविता, लेख निबन्ध, नाटक, आत्मजीवनी आदि विधामा आफ्ना रचनाहरू प्रस्तुत गर्नुका साथै संस्कृत भाषामा नाटक, कविता, निबन्ध, लेख, शुभकामना मन्तव्य आदि लेखेका छन् । उनले साहित्यका विविध क्षेत्रमा कलम चलाए पनि उनको विशेष रुचि तथा विशिष्टता प्राप्त गरेको क्षेत्र भने नाटक र कविता नै हो भने कुरा नाटकका क्षेत्रमा

प्राप्त गरेका स्वर्णपदकहरू तथा अप्रतियोगी कवितामा समेत सम्मान पुरस्कार प्राप्त गरेबाट प्रमाणित हुन्छ ।

तोयनाथ पाण्डेले साहित्यसृजनामा पहिलेदेखि नै रुचि राखे पनि उनका रचनाहरूको प्रकाशन भने २०१७ सालमा भएको संस्कृत नाटक **मातृहत्याधारम्** बाट भएको थियो । त्यसपछि २०२६ सालमा अर्को संस्कृत नाटक **तमसो ज्योतिषि** प्रकाशित भएको हो भने उनका अन्य अप्रकाशित नाटकहरू 'तोयनाथ पाण्डेय स्मृतिग्रन्थ' मा सङकलन गरिएको छ । नाटककार पाण्डेयले आफ्ना संस्कृत नाटकहरूमा आफूले देखे भोगेका सामाजिक वस्तुस्थिति र तत्कालीन समयमा देखिएको विविधतायुक्त जनजीवनलाई नाटकको कथावस्तुको रूपमा लिएका छन् । सामाजिक यथार्थलाई प्रस्तुत गर्ने क्रममा तत्कालीन समाजले भित्र्याएको विविधखाले विकृति, विसङ्गति र व्यङ्ग्य आदिको चित्रण गरेका छन् ।

उनका नेपाली नाटकहरूले नेपालका सहरिया परिवेशको विकृति, विसङ्गति, नेपाली गाउँले समाजका अन्धविश्वासले ग्रसित कमजोर मानसिकताको चित्रण गर्नुका साथै गाउँका ठूलाठालुले निम्नवर्गका सिधासाधा व्यक्तिहरूलाई गरेको अमानवीय व्यवहार, दमन, शोषणको यथार्थ प्रस्तुति गरेका छन् । नाटकमा प्रयुक्त घटनाहरू कार्यकारण शृङ्खलामा बाँधिएकोले कथावस्तु स्वभाविक र सहज देखिन्छ । पाण्डेय कथावस्तु र परिवेशअनुसारको पात्र चयन गर्न सक्ने कुशल नाटककार हुन् । उनका नाटकमा समाजका उच्चवर्ग र निम्नवर्गको बीचमा असन्तुलन देखाउन उनले तिनै वर्गका पात्रहरूको चयन गरेका छन् । उनका कुनै नाटकमा नेपाली समाजको थिचोमिचोमा परेको नारीको जीवनले भोग्नु परेको विवशतालाई पनि देखाउन खोजेका छन् । उनले नेपाली समाजका समस्यालाई यथार्थ रूपमा आफ्नो नाटकहरूमा देखाएक छन् । तर यस्ता समस्याको समाधानको मुख्य उपाय भने शिक्षालाई देखाएका छन् । यसरी, पाण्डेय संस्कृत नेपाली साहित्यका फाँटमा सशक्त नाटककार व्यक्तित्वको रूपमा रहेका देखिन्छन् ।

अको विशिष्ट विधा कविता विधा हो । उनले कविताको क्षेत्रमा दिएको योगदान उल्लेखनीय रहेको छ । सम-सामयिक कविका रूपमा प्रतिष्ठित पाण्डेयले २०२० सालदेखि कविता विधाको प्रकाशन गर्न थालेको पाइन्छ । मूलतः कविता

संरचना समसामयिक विषयमा सम्बद्ध रहेर रचना गर्ने पाण्डेयले आफ्ना कविताहरूमा 'आमा', 'निश्चय', 'खोजे नमिल्ने छ के ?', 'पहिले आफूलाई चिन', 'आव्हान' इत्यादि कविताहरूमा प्रकृतिपरक भाव, प्रेमभाव, सामाजिक विसङ्गति, आर्थिक अभाव, स्तुतिपरक भाव, निराशावाद, अस्तित्ववाद, विरहवादजस्ता विषयवस्तुको प्रयोग गरेका छन् । भने 'गीत बेच्छु', 'यो मुटुदेखि', 'हिन्दु' आदि कवितामा आशावाद, मानवतावाद, जीवनवादजस्ता विषयवस्तुलाई आधार बनाएर कविता सृजना गरेका छन् । उनका प्रायःजसो कविताहरूमा मानिसले समय स्थान र परिस्थितिअनुसार जीउने प्रयास गर्नुपर्छ जीवन र जगत्बाट पलायनतिर लाग्नु हुँदैन भन्ने जस्ता मानवीय सन्देश दिएका छन् भने कतै प्रेम, सामाजिक यथार्थता जस्ता कुराहरूलाई पनि लिएर कविता लेखेका छन् । उनले तत्कालिन देश, काल र माटो सुहाउँदो अनेक विषयवस्तुमा आफ्नो कवि प्रतिभाको सदुपयोग गरी आफूलाई चिनाउन सफल भएका छन् । यसरी, पाण्डेयले सरल, सहज र स्पष्ट भाषाशैलीको प्रयोग गरेर विविध विषयवस्तुलाई आधार बनाएर कवितासृजना गरेका छन् ।

पाण्डेयको निबन्ध क्षेत्रमा पनि उल्लेखनीय देन रहेको पाइछ । प्रकाशनका दृष्टिले उनको सबैभन्दा पहिलो लेखनिबन्ध 'घण्टा, वार र साताको उत्पत्ति र उपपत्ति' (२०२५) सालमा प्रकाशित भएको हो । उनले प्रायः निबन्धहरूमा वस्तुपरक विषय अवलम्बन गरेका छन् । ती निबन्धहरू वर्णनात्मक, विवरणात्मक र समालोचनात्मक रहेका छन् । उनका निबन्धहरूमा धर्म, संस्कृति, साहित्य, रहनसहन, चाडपर्वजस्ता मूल विषयलाई लिइएको छ । उनको 'वरुणको आत्मकथा' लेखेर आत्मजीवनी विधामा समेत कलम चलाएका छन् । उनले सरल, स्पष्ट भाषाशैलीमा आफ्नै आत्मकथालाई वरुण नामको पात्र खडा गरेर आफ्नो आत्मजीवनी लेखेका छन् ।

पाण्डेय जीवनवादी लेखकका रूपमा देखिन्छन् । उनले साहित्यमा जीवनवादी यथार्थ आओस् भन्ने चाहना राखेको पाइन्छ । साहित्यको मूल उद्देश्य सृजना मात्र नभई मानवजीवनको कल्याण तथा मानव सभ्यतालाई केही देन

प्रदान गर्न सक्षम भएको हुनुपर्ने मान्यताले अभिप्रेरित भएको देखिन्छ । त्यसकारण उनका सम्पूर्ण रचनाहरू स्पष्ट उद्देश्यपूर्ण देखिन्छन् ।

उपर्युक्त कुराहरूको कारणले गर्दा उनका हरेक नाटक, कविता, लेखनिबन्ध, आत्मजीवनी एउटा निश्चित ढाँचाबद्ध भएका छन् । उनले भाव वा विचार अभिव्यक्त गर्दा प्रारम्भ बिन्दुबाट सुरु भई सिलसिलापूर्ण ढङ्गले त्यसबाट विचलित नभई आफै स्वाभाविक बाटो लिइएको देखिन्छ ।

निष्कर्षमा भन्दा तोयनाथ पाण्डेयलाई नेपाली तथा संस्कृत साहित्यको विविध विधामा कलम चलाउन सफल एक सशक्त साहित्यकार, कुशल प्रशासक, कुशल निर्देशक र कुशल अभिनेताका रूपमा समेत प्रमाणित गर्न सकिन्छ ।

## ५.१ सम्भाव्य शोधशीर्षकहरू

तोयनाथ पाण्डेयका बारेमा भविष्यमा अरू पनि अध्ययन अनुसन्धानका सम्भावनाहरू छन् । यस शोधपत्रमा सबै पक्षको विवेचना र विश्लेषण सम्भव छैन । अतः भविष्यमा यसको अरु शोध गर्ने शोधार्थीहरूका लागि निम्नलिखित शीर्षकमा थप शोधकार्य गर्न सकिने सम्भावना देखिन्छ :

१) तोयनाथ पाण्डेयको कविताशिल्प

२) तोयनाथ पाण्डेयको नाट्यकारिता

३) तोयनाथ पाण्डेयका नाटकमा पाइने सामाजिक यथार्थ

४) तोयनाथ पाण्डेयका निबन्धको वर्गीकरण र विश्लेषण

# सन्दर्भसामग्रीको सूची


## क) पुस्तकसूची

अधिकारी, रामलाल (सन् १९७५), **नेपाली निबन्धयात्रा**, दार्जीलिङ्ग नेपाली साहित्य सञ्चायिका ।

उपाध्याय, केशवप्रसाद (२०५९), **साहित्य प्रकाश**, पाँचौं/छैठौं संस्करण, काठमाडौं : साझा प्रकाशन ।

ओझा, दशरथ (सन् १९५०), **समीक्षाशास्त्र,** दिल्ली : राजपाल एण्ड सन्स ।

थापा, हिमाशु (२०५०), **साहित्य परिचय**, प्रथम/दोस्रो संस्करण, काठमाडौं : साझा प्रकाशन ।

प्रधान, भिक्टर (२०४४), **नेपाली जीवन र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

मरहट्टा, शिवहरि र अन्य (सम्पा. २०५९) **तोयनाथ पाण्डेय स्मृतिग्रन्थ** (काठमाडौं : हरिप्रसाद पाण्डेय, श्रीमती प्रीति (कल्पना) पाण्डेय)

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ (संभव) (२०४९), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** पाँचौं/आठौं संस्करण, काठमाडौं : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०५५), **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, गोपीकृष्ण (२०५५), **नेपाली निबन्ध परिचय**, नवौं संस्करण, काठमाडौं : रत्नपुस्तक भण्डार ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा. २०५३), **नेपाली कविता भाग-४** दोस्रो संस्करण, काठमाडौं : साझा प्रकाशन ।

## ख) पत्रिका सूची

खनाल, वासुदेव (२०६०, "अनुकरणीय व्यक्तित्व पाण्डेयको स्मृतिग्रन्थ प्रकाशित" **हिमालय टाइम्स,** वर्ष ९, अङ्क १०, पृ. ४

थपलिया, गोपाल (२०५९), “तोयनाथ पाण्डेय स्मृतिग्रन्थको लोकार्पण”, **छलफल**, वर्ष २०, अङ्क ४२, पृ. २ ।

पाण्डेय, तोयनाथ (२०१७), **मातृहत्याधारम्, जयतु संस्कृतम्,** वर्ष १, अङ्क ५, पृ. ५-१० ।

__________ (२०१९), ‘श्रमः’, जयतु संस्कृतम्, पूर्णाङ्क २२, पृ. ६ ।

__________ (२०२०), ‘आमा’, **हिमाली साहित्य**, पृ. १५-२२ ।

__________ (२०२५), ‘घण्टा, वार र साताको उत्पत्ति र उपपत्ति’, वर्ष १, अङ्क १, पृ. ४७-५४ ।

__________ (२०२६), ‘महिनाको उत्पत्ति र उपपत्ति’, **मर्यादा**, वर्ष १, अङ्क२, पृ. ८७-९१ ।

__________ (२०२६), ‘गणितमा मनन तथा मनोरञ्जन’, **मर्यादा**, वर्ष १, अङ्क ४, पृ. ९०-९४ ।

__________ (२०२६), ‘बहिनीलाई चिठी’, **मर्यादा**, वर्ष २, अङ्क १, पृ. ५२-५९ ।

__________ (२०२६), ‘हाम्रो राष्ट्रिय संस्कृतिमा हिन्दुत्व’, **हाम्रो संस्कृति**, वर्ष ३, अङ्क ३, पृ. २४-२६ ।

__________ (२०२६), ‘ज्यौतिष र जनजीवन, **हाम्रो संस्कृति**, वर्ष ४, अङ्क २, पृ.७५-८२ ।

__________ (२०२६), ‘तमसो ज्योतिषि’, **सुरभि**, पृ. ५६-६१ ।

__________ (२०२९), ‘अनुशासन’, **मर्यादा**, वर्ष ३, अङ्क १, पृ. ५०-५३ ।

__________ (२०२९), ‘आँधिखोला, गुप्तक्षेत्र र गलेश्वर’, **मर्यादा**, वर्ष ३, अङ्क २, पृ. ११३-१२४ ।

__________ (२०२१, ‘गुरोर्वन्दना’, **पद्मप्रसाद श्रद्धाञ्जली**, पृ. १७-१९ ।

(२०३२), ‘समन्वय’, **मर्यादा**, पू. ११, पृ. ५०-५३ ।

__________ (२०३३), ‘संस्कृत अध्ययन संस्थानको पहिलो तीन वर्ष र वाल्मीकि विद्यापिठ (क्याम्पस)’, **मर्यादा**, पू. १२, पृ. ११५-१३२ ।

__________ (२०४६), कालिदासमा वेदव्यासको प्रभाव’, **मर्यादा**, पू. १८, पृ. १-४ ।

__________________ (२०६२), 'राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाहमा श्रद्धासुमन', **ऋतम्भरा,** वर्ष ८, अङ्क ११, पृ. ५३ ।

रेग्मी, नगेन्द्रराज (२०५९) "तोयनाथ पाण्डेय (स्मृति-ग्रन्थ)", **गोरखापत्र,** वर्ष १०२, अङ्क ३१३, पृ. २ ।

शर्मा, उज्वल (२०५९), "तोयनाथ पाण्डेय स्मृतिग्रन्थ लोकार्पित", **हिमालय टाइम्स,** वर्ष ७, अङ्क २१३, पृ. २ ।